# बहुजन हिताय बहुजन सुखाय

## तपस्सु भल्लुकहरूको दान



बुद्धत्व प्राप्तिपछि सात हप्तासम्म भगवान् बुद्धले आहार सेवन गर्नुभएन । त्यसपछि मात्र भगवान् बुद्धले दतिवन गर्नुभयो र मुख धोई नजिकै रहेको रूखमुनि आराम गर्नुभयो ।

त्यसैबेला तपस्सु र भल्लुक भन्ने दुई जना व्यापारी दाजुभाइहरू त्यहाँ आइपुगे । उनीहरूले श्रद्धाका साथ भगवान् बुद्धलाई सत्तु र मह दान दिए । उनीहरू भगवान् बुद्धको उपदेश सुनेर सारै प्रशन्न भए र बुद्ध र धर्मको शरणमा गए । यसरी उनीहरू द्वैवाचिक उपासकहरू भए । बुद्ध र धर्मको शरणमा गएकाहरूमध्ये सर्वप्रथम द्वैवाचिक उपासकहरू भएका उनीहरू नै थिए ।

## धर्मदेशनाको निमित्त सहम्पति बह्माको प्रार्थना

तपस्सु र भल्लुकले भगवान् बुद्धलाई सत्तु र मह दान दिई फर्केर गएपछि सहम्पत्ति ब्रह्मा आएर बुद्धको वन्दना गरी एक छेउमा बसे । अनि यसरी प्रार्थना गरे -

"भो भगवान् ! तपाई युद्धमा विजयी हुनुभयो । भो वीर ! उठ्नुहोस् । तपाई सार्थवाह हुनुहुन्छ, क्लेशरूपी ऋणबाट मुक्त हुनुहुन्छ । भो भगवान् ! लोकमा घुमेर हेर्नुहोस् । भाग्यवान् हुनुभएका भो भगवान् ! धर्म-उपदेश गर्नुहोस् ।"

यसरी तीनपटकसम्म सहम्पत्ति ब्रह्माले गर्नुभएको प्रार्थनापछि भगवान् बुद्धले यी शब्दहरूद्वारा उपदेश दिने वचन दिनुभयो -

"भो ब्रह्मा ! राम्रो अभ्यास मार्गमा चल्नु नै उत्तम धर्म हो तर यो आफूले आफैलाई कष्ट दिनु अति कष्टकारक हुने सम्झेर नबताउने विचार गरेको हुँ । प्रज्ञारूपी कान भएका व्यक्तिहरूमा यसप्रति श्रद्धा जागेकाले निर्वाणसम्बन्धी अमृतसमानको यो उपदेश दिने वचन दिन्छु ।"

त्यसपछि सहम्पति ब्रह्माले यसरी बुझे, "भगवान् बुद्धले मलाई धर्मदेशना गर्ने वचन दिनुभयो ।" अनि भगवान् बुद्धलाई अभिवादन र प्रदक्षिणा गरी त्यहीं अन्तर्धान भए ।

## ऋषिपतन गमन

भगवान् बुद्धले दुष्करचर्याको समयमा उहाँसँग रहेका पञ्चवर्गीय तपस्वीहरूलाई सम्झनुभयो । उनीहरु ऋषिपतनमा भएको थाहा पाएर उहाँ त्यहीँ पुग्नुभयो ।

## उपक आजीवकसँग भेट

ऋषिपतनतिर गइरहेको बेला गयाबाट बोधिवृक्षतिर आइरहेको एकजना आजीवकसँग भगवान् बुद्धको भेट भयो । उसको नाउँ 'उपक' थियो । उपकले भगवान् बुद्धसँग सोधे -

"तपाईंको शास्ता को हुन् ?"

"सबै क्लेश नाश गरी म आफैले निर्वाण-धर्म अवबोध गरिलिएँ । म जिन भइसकेंको छु । धर्मचक्रप्रवर्तन गर्न म अहिले ऋषिपतन जाँदैछु ।" उपक आजीवकले मनमनमा 'होला, तिम्रो कुरा' भन्दै टाउको मात्र हल्लाए र त्यहाँबाट गए । यसरी बुद्धलाई भेटेर पनि उक्त उपक आजीवकले उपदेश भने सुन्न पाएन ।

यसरी रोहितवत्थु, उरूवेलकप्प, अरूनालय, सारथिपुर नाउँका अनेक गाउँ र नगर हुँदै बुद्ध अठार योजन टाढा रहेको ऋषिपतनमा पुग्नुभयो ।

## धर्मचक्रप्रवर्तन

उहाँ ऋषिपतनमा असारपूर्णिमाको सन्ध्याकालमा पुग्नुभएको थियो । त्यहाँ पञ्चवर्गीय तपस्वीहरूले बुद्धप्रति रहेको आफ्नो पुरानो धारणा बिर्सेर भगवान् बुद्धको सत्कार गरे र उहाँको छेउमा बसे । भगवान् बुद्धले उनीहरूलाई धर्मचक्रसूत्र देशना गर्नुभयो । यो उपदेश सुनेर सबभन्दा पहिले धर्म अवबोध गरी कौण्डिन्य श्रोतापन्न भए ।



कौण्डिन्यले भगवान् बुद्धसँग प्रव्रज्या र उपसम्पदा दिक्षा दिनहुन अनुरोध गरे । बुद्धले "एहि भिक्खु" शब्दद्वारा उनलाई प्रव्रज्या र उपसम्पदा दिक्षा दिनुभयो । भोलिपल्ट वप्पले, तेस्रो दिनमा भद्दियले, चौथो दिनमा महानामले र पाँचौ दिनमा अस्सजिले क्रमशः धर्म अवबोध प्राप्त गरे । उनीहरू पनि श्रोतापन्न भए । फेरि उनीहरूलाई पनि बुद्धले "एहि भिक्खु" भनेर प्रव्रज्या र उपसम्पदा दिक्षा दिनुभयो ।

## यशकुमारको प्रव्रज्या

वनारस नगरमा एकजना सेंठ थियो । उनकी श्रेष्ठिनी सुजाताकोतर्फबाट यशकुमार भन्ने छोरा थियो । यशकुमार गृहस्थीजीवनप्रति विरक्त थिए । एक दिन उनी आमा-बाबुले चाल नपाउने गरी घरबाट सुटुक्क निस्के । ऋषिपतनमा पुगेर उनी "अहो उपद्रव !" "अहो उपद्रव !" भनेर कराउँदै हिँडे । बुद्धले उनलाई बोलाउनुभयो । "यश, यता आऊ । यहाँ कुनै उपद्रव छैन । भय छैन ।" यशकुमार बुद्धकहाँ पुगे । बुद्धले उनलाई उपदेश दिनुभयो । उपदेश सुनेर यशकुमारको धर्मको आँखा खुल्यो । यसरी उनलाई धर्मचक्षु प्राप्त भयो ।

## यशकुमारको पिता

यशकुमारलाई खोज्दै उनको बाबु पनि बुद्धकहाँ आइपुगे । बुद्धले उनलाई पनि धर्मदेशना गर्नुभयो । उपदेश सुनेर यशका बाबुको पनि धर्मचक्षु उत्पन्न भयो । "अब म बुद्धको शरणमा आएको छु । धर्मको शरणमा आएको छु । संघको शरणमा आएको छु ।" भनेर प्रार्थना गरे । यसरी यशकुमारका बाबु बुद्धशासनमा बुद्ध, धर्म र संघको शरणमा जानेहरूमा सबभन्दा पहिलो व्यक्ति भए । त्यसैले उनी प्रथम त्रिशरणमा गएका त्रयवाचिक उपासक भए । बाबुलाई दिएको उपदेश सुन्दासुन्दै यशकुमारले पनि अर्हत् ज्ञान प्राप्त गरे । अर्हत् भएका यशकुमारलाई भगवान् बुद्धले "एहि भिक्खु" भनेर आज्ञा हुँदै प्रव्रज्या र उपसम्पदा दिनुभयो ।

## यशकुमारका साथीहरूको प्रव्रज्या

यशकुमार प्रव्रजित भएको सुनेर उनका साथीहरू विमल, सुबाहु, पुण्णजि र गवम्पति चारैजना भगवान् बुद्धकहाँ गएर उपदेश सुने र प्रव्रजित भए । यशकुमारका ती चारजना साथीहरु प्रव्रजित भएको खबर सुनेपछि अरू पचासजना साथीहरू पनि बुद्धको उपदेश सुनेर अर्हत् भए ।



## धर्म-प्रचार

यसरी बुद्धशासनमा प्रव्रजित भएका अर्हत् भिक्षुहरू जम्मा साठीजना भए । यी साठीजनामा पञ्चवर्गीय भिक्षुहरू पाँचजना, यशकुमार र उसका गृहस्थीबेलाका मुख्य साथीहरू चारजना र अरू पचासजना हुन् । यि नै साठीजना भिक्षुहरूलाई भगवान् बुद्धले लोक-जनका हित र सुखको निमित्त गाउँ-गाउँमा, नगर-नगरमा पुगेर धर्म उपदेश दिन उत्साहित गर्नुभयो । बुद्धले प्रत्येक भिक्षुलाई एक एकवटा बाटो गरी जम्मा साठीजना भिक्षुहरूलाई साठीवटा बाटो हिंड्न लगाएर ठाउँ-ठाउँमा धर्मप्रचार गर्न पठाउनुभयो । उहाँ आफै पनि धर्म प्रचारका निमित्त उरूवेलतर्फ लाग्नुभयो ।

## भगवान् बुद्धको उरूवेल-गमन

भगवान् बुद्ध उरूवेलमा नपुग्दै तीसजना भद्रवर्गीय कुमारहरूसँग उहाँको भेट भयो । ती तीसजना भद्रवर्गीय कुमारहरू वनभोज जाँदै थिए तर बुद्धको उपदेश सुनेर उनीहरूलाई मार्गफल प्राप्त भयो । भगवान् बुद्धले उनीहरूलाई पनि प्रव्रज्या र उपसम्पदा दिक्षा दिएर धर्म प्रचार गर्न पठाउनुभयो । त्यहाँबाट उहाँ उरूवेल पुग्नुभयो ।



भगवान् बुद्ध उरूवेलका काश्यप जटिलहरूका आश्रममा पुग्नुभयो । ती जटिलहरू "हामी पनि अर्हत् हौं" भन्ने विचारका थिए । सबभन्दा पहिले भगवान् बुद्धले यस्तो गलत धारणा भएका उरूवेल

काश्यपलाई धर्माविबोध गराउनुभयो । उरूवेल काश्यप बुद्धको शासनमा आएपछि त्यहाँका पाँच सय परिवार पनि बुद्धशासनमा प्रव्रजित भए ।



यो कुरा उनको भाइ नदीकाश्यप जटिलले पनि सुने । उनले पनि बुद्धको उपदेश सुनेर आफ्ना तीन सय शिष्यहरूसहित बुद्धशासनमा प्रव्रजित भए । उनीहरूका साना भाइ गयाकाश्यप जटिल तपस्वी पनि त्यो कुरा थाहा पाएर आफ्ना दुई सय शिष्यहरूसहित बुद्धकहाँ आइपुगे । उनीहरू पनि धर्मउपदेश सुनेर भिक्षु भए । यसरी एक हजार तीन जटिल तपस्वीहरू भगवान् बुद्धका श्रावक भए । उनीहरू बुद्धसँगै गया पुगे । त्यहाँ भगवान् बुद्धले देशना गर्नुभएको उपदेश सुनेर सबै अर्हत् भए ।

## राजगृहगमन



भगवान् बुद्ध एक हजार तीनजना भिक्षुहरूसहित राजगृहनगरतर्फ लाग्नुभयो । राजगृहनगरबाट तीन कोश वर रहेको बाटोको तालोद्यानको छाया परेको ठाउँमा उहाँहरू सबैले आराम गर्नुभयो । यो खबर बिम्बिसार राजाले सुनेर परिवारसहित बाटो हेर्न आए ।

## बिम्बिसार राजाको प्रशन्नता

बिम्बिसार राजा बुद्धलाई प्रसिद्ध उरूवेल काश्यपसहितको परिषद्मा देखेर अलमलमा परे । "यो महाश्रमण गौतम उरूवेल काश्यप जटिलका शिष्य हुन् कि, उरूवेल काश्यप जटिल महाश्रमण गौतमका शिष्य हुन ?" भनेर मनमा विवाद भइरह्यो । यो कुरा बुझेर भगवान् बुद्धले "हे काश्यप, के कारणले तपाईंले आगोलाई पूजा गर्न छाड्नुभयो?" भनेर उरूवेल काश्यपसँग सोध्नुभयो ।

उरूवेल काश्यपले उत्तर दिए - "तपाईको उपदेश सुनेर आगोलाई पूजा गर्नुमा कुनै सार नभएको कुरा बुझें । त्यसैले मैले आगोलाई पूजा गर्न छाडेँ ।" यो वार्ता सुनेर बिम्बिसार राजा र परिषद्हरूको शंका निवारण भयो । भगवान् बुद्धले बिम्बिसार राजाप्रमुख र सबै परिषद्लाई धर्मदेशना गर्नुभयो । यो उपदेश सुनेर राजाप्रमुख सहभागी भएका १,२०,००० मध्ये १,१०,००० संख्या भएको जनपरिषदले श्रोतापत्तिफल प्राप्त गऱ्यो । १०,००० परिषद्ले त्रिशरणसहित उपासकत्व ग्रहण गऱ्यो ।

## बिम्बिसार राजाको दान

बिम्बिसार राजाले भगवान् बुद्धलाई भिक्षु संघसहित भोलिपल्टको भोजनको निमित्त राजदरबार पाल्नुहुन प्रार्थना गरे । बुद्धले पनि उक्त निमन्त्रणा मौन भावद्वारा स्वीकार गर्नुभयो । भोलिपल्ट भगवान् बुद्ध भिक्षुसंघ साथलिएर दरबार पुग्नुभयो । बिम्बिसार राजाले भोजन दानका साथै भगवान् बुद्धसहित भिक्षुसंघ बस्न आफ्नो वेलुवन बगैंचा पनि दान गरे । बुद्धले उक्त दान पनि स्वीकार गर्नुभयो । यसरी वेलुवन बुद्धशासनको पहिलो विहार भयो । यहाँदेखि बुद्धले भिक्षुसंघलाई पनि विहार दान लिने अनुमति दिनुभयो ।

## दुइजना अग्रश्रावकहरू- उपतिस्स र कोलित

उपतिस्स र कोलित सारै मिलेका साथी थिए । दुबैजना घर छाडी परिव्राजक भएर सत्यको खोजी गरिरहेका थिए । अस्सजित स्थविरद्वारा उपदेश सुनेर उपतिस्सको मन खुशी भयो । उपतिस्सबाट कोलितले पनि त्यो उपदेश सुने । यसरी दुवै आफ्ना दुई सय पचास साथीहरूसहित भगवान् बुद्धकहाँ आइपुगे । उनीहरूले भगवान बुद्धसँग प्रव्रज्या र उपसम्पदा दिक्षा मागे । उपतिस्स "सारिपुत्र" नामले र कोलित "मौद्गल्यायन" नामले प्रख्यात भए । भिक्षु भएर एक हप्तापछि मौद्गल्यायन स्थविर अर्हत् भए । दुई हप्तापछि सारिपुत्र स्थविर पनि अर्हत् भए । अनि भगवान् बुद्धले वेलुवन विहारमा महान् भिक्षुसंघहरूको सन्निपात गरी आयुष्मान सारिपुत्र र मौद्गल्यायनलाई "अग्रश्रावक" को पदवी दिनुभयो ।



## शुद्घोदन राजाको निमन्त्रणा

भगवान् बुद्ध संघसाथ लिएर राजगृहको वेलुवल विहारमा रहनुभएको कुरा शुद्धोदन राजाले थाहा पाए । राजाले भगवान् बुद्धलाई कपिलवस्तु नगरमा बोलाउन हजार परिषद्सहित एकजना अमात्य (मन्त्री) लाई पठाए तर अमात्यप्रमुख र उनीसित गएका सबै भगवान् बुद्धको उपदेश सुनी अर्हत् भएर प्रव्रजित पनि भए । यसरी नौ पटकसम्म दूतहरू पठाए तर उनीहरूले बुद्धलाई शुद्धोदन राजाको निमन्त्रणाअनुसार कपिलबस्तुमा बोलाइल्याउन सकेनन् । तिनीहरू आफैं अर्हत् भए र भिक्षु भएर विहारमै बस्न लागे । दशौं पटकमा शुद्धोदन राजाले हजार परिषद्सहित गएर भगवान् बुद्धलाई लिएर आउन कालुदायी अमात्यलाई पठाए । दूरदर्शी कालुदायी अमात्य राजासँग पहिले नै भिक्षु हुन अनुमति लिएर मात्र गए । बुद्धकहाँ पुगेर उपदेश सुनी तिनीहरू पनि सबै अर्हत् भए । उनको प्रव्रज्या गरियो । अनि एकदिन भिक्षु कालुदायीले वसन्तऋतुमा मगध र कपिलवस्तुको यात्रा गर्न सजिलो हुने कुरा बिन्ति गरे । साथै शुद्धोदन राजाको निमन्त्रणाबारे पनि बुद्धका अगाडि बिन्ति गरे ।

## भगवान् बुद्ध कपिलवस्तुमा



भगवान् बुद्ध बीस हजार भिक्षुहरूसहित फागुनपूर्णिमाका दिन राजगृहनगरबाट कपिलवस्तु नगरतर्फ लाग्नुभयो । शाक्यकुलका मानिसहरूले भगवान् बुद्धलाई र भिक्षु संघलाई बस्नका निमित्त निग्रोधबगैंचामा निग्रोधाराम निर्माण गरे । बुद्धका जाति बन्धुहरूले बुद्धप्रमुख भिक्षुसघहरूको स्वागत सत्कार त गरे तर उमेरले जेष्ठ शाक्यहरूले अभिमानको कारण भगवान् बुद्धलाई वन्दना गरेनन् ।

बुद्धले आफ्ना शाक्यजातिहरूको अभिमानलाई यमकप्रातिहार्य प्रदर्शन गरी तोड्नुभयो । शुद्धोदन राजाले तृतीयवार पुत्रवन्दना गर्नुभयो । अनि मात्र शाक्यजातिको अभिमान छाडी सबैले वन्दना गरे ।

## शुद्धोदन राजालाई धर्मदेशना

भगवान् बुद्ध कपिलवस्तुमा आउनुभई भोलिपल्ट बिहानको भोजनको निमित्त भिक्षुसंघ साथ लिई घरैपिच्छे भिक्षाचरण गर्नुभयो । यशोधरा देवीले झ्यालबाट यो दृश्य देखिन् । यसबारे तुरून्त राजा शुद्धोदनकहाँ गई सिकायत गरिन् । "उता हेर्नुस त, हजुरको पुत्र भिक्षा लिन आउँदै हुनुहुन्छ ।"



शुद्धोदन राजाले दगुर्दै गएर बुद्धलाई भने - "किन भन्ते ? तपाईले हामीलाई किन लज्जित तुल्याउनुभएको ? किन, म तपाईहरूलाई भोजन गराउन सक्दिनँ र ?"

"महाराज, यो मेरो वंशको स्वभाव हो," भगवान् बुद्धले जवाफ दिनुभयो ।

"हाम्रो वंश महासम्मत क्षत्रीय वंश होइन र ? के उनीहरूले यसरी मागेर खाएका छन् र ?" राजाले सोधे ।

"महाराज, त्यो त तपाईको राजवंश हो । मेरो वंश दीपंकरादि बुद्धहरूको पालादेखिको वंश हो ।" यसरी बुद्धले सम्झाई-बुझाई उपदेश दिएपछि राजा श्रोतापन्न भए ।

त्यसपछि शुद्धोदन राजाले भोलिपल्टको भोजनका लागि निमन्त्रणा गरे । बुद्ध भिक्षुसंघसहित भोलिपल्ट राजदरबारमा जानुभयो । शुद्धोदन राजाले भगवान् बुद्धको हातबाट पात्र लिई बुद्ध प्रमुख भिक्षुसंघलाई दरबारमा लिएर गए । संघलाई भोजन दान गरियो । बुद्धले धर्मको राम्ररी आचरण गर्नुपर्छ, नराम्रो आचरण गर्नुहुँदैन, राम्ररी आचरण गर्नेलाई यो लोकमा अनि परलोकमा पनि सुख हुन्छ भनी आज्ञा गर्नुभयो । उपदेश सुनी राजा सकृदागामी भए । त्यही बेला प्रजापति गौतमी श्रोतापत्ति भए ।

## यशोधरा देवीको वन्दना

भगवान् बुद्ध राजदरबारमा आउनुहुनासाथ यशोधराका परिचारिकाहरू सबैले बुद्धलाई वन्दना गर्न आए तर यशोधरा भने आइनन् । त्यसैले यशोधरालाई पनि बोलाऊ भनेर शुद्धोदन राजाले परिचारिकाहरूलाई पठाए त्यस बेला "आर्यपुत्रले दरबारबाट

निस्कुनुहुँदा मलाई केही भन्नुभएन । मेरो पनि गुण भए उहाँ आफै यहाँ आउनुभई मलाई दर्शन दिनुहुनेछ ।” भनेर कोठामै बसिरहिन् । यो कुरा शुद्धोदन राजाले बुद्धसमक्ष बिन्ति गरे ।



दशपारमितादि गुण-धर्म पूरा गर्न उपकारी भइदिएको गुण सम्झेर बुद्ध अग्रश्रावकहरू र राजासहित यशोधराको कोठामा पुगेर एउटा आसनमा बस्नुभयो । यशोधराले बुद्धको श्रीपादमा वन्दना गरिन् र उहाँको पाउ समाती धेरै बेरसम्म रोइन् ।

त्यसैबेला शुद्धोदन राजाले बुद्धलाई यशोधरा देवीको पतिभक्तिबारेका जम्मै भाव बिन्ति गरे । बुद्धले पनि यशोधरा देवीको गुण प्रकाश गर्न किन्नर जातकको उपदेश दिनुभयो।

## नन्दकुमारको प्रव्रज्या

भगवान् बुद्ध कपिलबस्तुमा रहनुभएको तेश्रो दिन पनि भोजन गर्न दरबारमा जानुभयो । यो दिन नन्दकुमारको विवाहको मङ्गल दिन थियो । भगवान् बुद्धले भोजन सकिएपछि नन्दकुमारको हातमा पात्र थमाई सरासर निस्कनुभयो । नन्दकुमार आफूसँग भएको पात्र आफ्ना दाजु बुद्धले लिनुहोला भन्ने विचार गर्दै पछिपछि लाग्दै निग्रोधाराम पुगे ।

निग्रोधाराम पुगेपछि मात्र बुद्धले नन्दको हातमा रहेको पात्र लिनुभयो । पात्र लिँदै बुद्धले नन्दसँग सोध्नुभयो - “नन्द, भिक्षु हुन्छौ कि ?” बुद्धको व्यक्तित्वको प्रभावमा केही बोल्न नसकेका नन्दले, “हवस् भन्ते ” भनेर स्वीकृति दिए । बुद्धले त्यसै बेला नन्दलाई प्रव्रज्या र उपसम्पदा दिक्षा दिए ।

भिक्षु नन्दलाई बुद्धले चरित्रानुकूल ध्यानमा राख्नुभयो । नन्द राग, द्वेष र मोहबाट मुक्त भई अर्हत् भए ।

## राहुलकुमारको प्रव्रज्या

कपिलवस्तु पुगी सातौं दिनमा बुद्ध भिक्षुसंघसहित दरबारमा भोजन गर्न जानुभयो । त्यसबेला यशोधरा देवीले सात वर्षका राहुलकुमारलाई भगवान् बुद्धलाई देखाउँदै भनिन् – "हेर बाबु ! उहाँ तिम्रो पूज्य बुबाज्यू हुनुहुन्छ, । उहाँसँग निकै धनसम्पत्ति छ । तिमी आफ्नो अँश माग्न जाऊ ।"



यशोधराले सिकाएजस्तै राहुलकुमारले भगवान् बुद्धको नजिकै बसी आफ्नो बुबाको मुख हेर्दै हाँसेर भने – "महाश्रमण ! हजुरको छाया सारै शीतल छ ।"

बुद्ध भोजनपछि विहारमा फर्कनुभयो । राहुलकुमार पनि आफ्नो बुबाको अंश भाग माग्दै विहारसम्म पुगे । अनि बुद्धले "राहुलकुमारलाई प्रव्रज्या गराइदेऊ ।" भनेर सारिपुत्र महास्थविरलाई आज्ञा गर्नुभयो । मौद्गल्यायन महास्थविरले राहुलकुमारको कपाल खौरिदिए, चीवर लगाई "त्रिशरणगमन" समादान गराइदिनुभयो । महाकाश्यप महास्थविर ओवादाचार्य हुनुभयो । सारिपुत्र महास्थविर उपाध्याय हुनुभयो । श्रावकहरूको प्रमुखत्वमा भएको यो पहिलो प्रव्रज्या हो ।



## अनाथपिण्डिक महाजनबाट विहार दान

भगवान् बुद्ध कपिलबस्तुबाट राजगृहनगरमा फर्कनुभयो । त्यसबखत श्रावस्तीमा अति धनी "सुदत्त" भन्ने अनाथपिण्डिक महाजन थियो । एकदिन ती महाजन भगवान् बुद्ध वेलुवन विहारमा रहनुभएको छ भन्ने थाहा पाएर भगवान् बुद्धको दर्शन गर्न गए । त्यहाँ उनले भगवान् बुद्धको उपदेश सुनी श्रोतापत्ति फल प्राप्त गरे ।

अनाथपिण्डिक महाजनले श्रावस्तीमा एउटा विहार बनाउन जेतकुमारसँग अठार कोटि कार्षापण तिरेर एउटा बगैंचा किने । अर्को अठार कोटि कार्षापण खर्च गरी जेतवन विहार पनि बनाए । भगवान् बुद्धको उपदेशअनुसार उक्त जेतवन विहार चतुर्दिशाबाट आउनुभएका र आउनुहुने भिक्षु संघको आवश्यकतालाई ध्यानमा राखी संघदान गरे । यस उत्सवका लागि उनले फेरि अर्को अठार कोटि कार्षापण खर्च गरे । यसरी अनाथपिण्डिक महाजनले जेतवन विहारको निमित्त चवन्न कोटि कार्षापण खर्च गरे ।

## अनुप्रिय गाउँतर्फ गमन

त्यसपछि भगवान् बुद्ध मल्लहरूको देशमा पुग्नुभयो । त्यहाँ अनुप्रिय गाउँको आँपको बगैंचामा बस्नुभयो । त्यसबखत भद्दिय, अनुरूद्ध, भग, किम्बिलल आनन्द र देवदत्त छजना शाक्यकुमारहरू तथा उपालिसहित सात जना भगवान् बुद्धकहाँ आई प्रव्रजित भए ।

भगवान् बुद्धले ठूलो सानो, धनी गरिब, छूत अछूत भन्ने कुनै भेद गर्नुभएन । सकल प्राणीहरूप्रति समभावले करूणा राखी उपदेश गर्नुभयो । प्रव्रजित हुन चाहनेहरूलाई प्रव्रज्या दिनुभई निर्वाणको बाटोमा लगाउनुभयो ।


## भिक्षुणीशासन

भगवान् बुद्धको पाँचौं वर्षावास वैशालीको कूटागार विहारमा भएको हो । यसबेला प्रजापति गौतमीले प्रव्रज्याको निमित्त अनुमति मागिन् तर बुद्धले स्वीकार गर्नुभएन । प्रजापति गौतमीले बारम्बार उहाँकहाँ पुगेर प्रव्रजित हुन अनुमति माग्दै गरेकी थिइन् । अन्तमा आनन्द स्थविरको विशेष प्रयासपछि नारीजातिलाई पनि प्रव्रजित हुने अनुमति बुद्धले दिनुभयो । सर्वप्रथम प्रजापति गौतमीको बुद्धउपदेशअनुसार "गुरूधर्म" द्वारा प्रव्रज्या उपसम्पदा भयो । अनि पाँच सय शाक्यवंशी नारीहरूले प्रजापति गौतमीद्वारा प्रव्रज्या प्राप्त गरी भिक्षुणी भए ।



## विशाखाको विहार दान

एक दिन विशाखा उपासिका पाँचसय परिवार साथलिई जेतवन विहार पुगिन् । त्यहाँ भगवान् बुद्धको वन्दना गरी एक छेउमा बसेर धर्म उपदेश सुनिन् । पछि आफ्नो श्रद्धानुसार संघको निमित्त चार प्रत्ययमध्ये कुन प्रत्ययद्वारा सेवा गर्नुपर्ला भनी सोधिन् ।



भगवान् बुद्धले भन्नुभयो - "विशाखे ! श्रावस्तीको पूर्वपट्टि एउटा विहार भए हुन्थ्यो ।" अनि विशाखाले श्रावस्तीको पूर्वतिर नौ कोटि खर्च गरी जग्गा किनिन् । नौ कोटि खर्च गरी विहार बनाइन् । नौ कोटि खर्च गरी विहार संघदान गरिन् । यसरी जम्मा सत्ताइस कोटि कार्षापण खर्च गरी पूर्वतिर बनाइएको विहार भएकोले यसको नाम "पूर्वाराम" राखिएको हो ।

## भगवान् बुद्धको अन्तिम वर्षावास

भगवान् बुद्धले पैंतालीस वर्षसम्म लोकमा चारिका गर्दै रहनुभयो र धर्मोपदेश गर्दै हिंड्नुभयो । उहाँ अन्तिम वर्षावासमा वेलुवग्राममा रहनुभयो । वेलुवग्राममा रहनुभएको बेला उहाँलाई शारीरिक रोग भयो तर उहाँले उक्त रोगलाई ध्यान-समापत्तिको बलले दमन गर्नुभयो ।




## अन्तिम दान

त्यसपछि भगवान् बुद्ध पावानगरको चुन्दकुमारपुत्रको आँप बगैंचामा पुग्नुभयो । चुन्दकुमारपुत्र भगवान् बुद्धको उपदेश सुन्न आए र भगवानलाई भोलिपल्टको भोजन निमन्त्रण गरी फर्के । भोलिपल्ट भगवान् बुद्ध चुन्दकुमारपुत्रको घरमा भोजनको निमित्त जानुभयो । यही भोजन नै उहाँको अन्तिम भोजन भयो ।

## कुशीनगरगमन

चुन्दकुमारपुत्रले दान दिएको भोजन पछि भगवान् बुद्ध भिक्षु संघहरूसहित कुशीनगरमा मल्ल राजाहरूको उपवन शालउद्यानमा जानुभयो । बुद्धले आनन्द स्थविरलाई दुइवटा शालरूखको बीचमा आसन बिछ्याउन लगाउनुभयो । सो आसनमा बुद्ध लेट्नुभयो । यो नै बुद्धको अन्तिम शय्या भयो ।

## अन्तिम श्रावक



यही समयमा भगवान् बुद्ध आजै परिनिर्वाण हुन लागेको भन्ने कुरा थाहापाई सुभद्र परिव्राजक बुद्धकहाँ आए । उनी आफ्नो मनको शंका निवारण गर्नका लागि केही कुरा सोध्न चाहन्थे तर आनन्द स्थविरले भगवान् बुद्धलाई भेट्न अनुमति दिनुभएन । यस्तो अन्तिम अवस्थामा बुद्धलाई दुःख दिनहुन्न भन्ने आनन्द स्थविरको विचार थियो । भगवान् बुद्धले आफैले नै सुभद्र परिव्राजकलाई आफूकहाँ पठाउन आज्ञा दिनुभयो । अनि सुभद्रले बुद्धको दर्शन गरे । भगवान् बुद्धको अन्तिम उपदेश सुनेर उनी अर्हत् भए । अर्हत् भई भगवान् बुद्धसँग प्रव्रज्या र उपसम्पदा दिक्षा मागे । यसरी सुभद्र परिव्राजक अन्तिम श्रावक भए ।

## अन्तिम बुद्धवचन

भगवान् बुद्धले देशना गर्नुभएको अन्तिम उपदेश हो - "भिक्षुहरू, संस्कार सबै अनित्य हुन् । अप्रमादी होऊ । राम्ररी स्मृति राखी गुणधर्मको सम्पादन गर ।"

## महापरिनिर्वाण

यसरी बुद्ध सत्वप्राणीहरूको कल्याणका निमित्त संधैं उत्साहित रहनुभयो । अन्तमा उहाँ क्रमशः ध्यानादिमा बस्नुभयो । असी वर्ष लागेको दिन बैशाखपूर्णिमाको रातको तृतीय प्रहरमा उहाँ अनुपादिशेष महापरिनिर्वाण हुनुभयो ।

# अभ्यास - ६

## शब्दार्थ

| | | |
|---|---|---|
| आजीवक | - | निर्ग्रन्थक पक्षका साधुहरू |
| अनित्य | - | बदलिंदै जाने, नित्य नभएको |
| ओवादाचार्य | - | अनुशासन सिकाउने गुरू |
| अग्रश्रावक | - | प्रमुख श्रावक |
| अनात्म | - | आत्मा नभएको |
| अनुपादिशेष | - | कुनै शेष बाँकी नहुनु |
| अप्रमादि | - | होशियार, स्मृतिवान् |
| अर्हत् | - | जीवनमुक्त, निर्वाणप्राप्त |
| निग्रोध | - | एक प्रकारको रूखको नाउँ |
| निवारण | - | रोक्नु, हटाउनु |
| विरक्त | - | रोगबाट अलग्ग हुनु, वैराग उत्पन्न हुनु |
| शिष्य | - | चेला, विद्यार्थी |
| विज्ञान | - | चित्त |
| हिताय सुखाय | - | हितको निमित्त, सुखको निमित्त |
| उपाध्याय | - | गल्ती र भूललाई नजिकबाट हेर्ने गुरू |
| उपद्रव | - | भय, अन्तराय |
| उपसम्पदा | - | बीस वर्ष पुगेका व्यक्तिलाई भिक्षु बनाइने प्रकृया |
| कोटि | - | करोड |
| गुरुधर्म | - | गऱ्हुंगो आठ प्रकारका नियम |
| चतुप्रत्यय | - | चार प्रत्यय - चीवर, भोजन, शयनासन (ओछ्यान, रहने विहार) र औषधी |
| जटिल | - | टाउकोमा कपालको गोला जटा राखी राख्ने फकिरहरू |
| तालोद्यान | - | तालसहितको उद्यान, बगैंचा |
| दतिवन | - | दाँत माझ्न प्रयोग गरिने रूखको हाँगा |
| परिनिर्वाण | - | अर्हत्‌हरूको मृत्यु |
| परिचारिका | - | सेविका |
| परिव्राजक | - | ऋषि, फकिर |
| द्वैवाचिक उपासक | - | बुद्ध र धर्मको मात्र शरण गएका उपासक |

| | | |
|---|---|---|
| पञ्चस्कन्ध | - | पाँच स्कन्ध - रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान |
| धर्मचक्षु | - | धर्मको आँखा (मार्गफल लाभ हुने) |
| धर्मचक्र प्रवर्तन | - | धर्मको चक्का घुमाउनुभएको (पहिलोपल्ट उपदेश गर्नुभएको) |
| प्रातिहार्य | - | ऋद्धि, चमत्कार |
| प्रव्रज्या | - | श्रामणेर वा भिक्षु |
| बहुजन | - | धेरै मानिस |
| मौन | - | नबोली बस्ने |
| महापरिनिर्वाण | - | बुद्धको परिनिर्वाण |
| यमक | - | एक जोर |
| रूप | - | भौतिक स्वभावधर्म |
| श्रीपाद | - | पाइतला, पाउ |
| वेदना | - | सुख दुःख आदि अनुभव |
| वर्षावास | - | भिक्षुहरू तीन महिनासम्म एकै ठाउँमा बस्ने |
| सार्थवाह | - | दुर्गम क्षेत्रमा बाटो बिराउनेहरूलाई बाटो देखाउने व्यक्ति |
| सन्निपात | - | संग्रह गर्ने, एकसाथ भेला हुने |
| संस्कार | - | बन्न प्रेरित गर्ने चैतसिक स्वभाव |
| संज्ञा | - | संम्झिरहने |
| सत्तु | - | गहुँ भुटेर पेली बनाएको आँटा |
| समादान | - | राम्ररी ग्रहण गर्नु |
| समभाव | - | समानभाव |
| शास्ता | - | गुरु |
| त्रैवाचिक | - | बुद्ध, धर्म र संघको शरणमा जाने |
| ज्ञातिबन्धु | - | आफन्तहरू |

## १) तलका प्रश्नका उत्तर दिनुस् ।

क) तपस्सु र भल्लुकले बुद्धलाई के दान दिए ? उनीहरूलाई द्वैवाचिक उपासकहरू भनेर किन भनिएको हो ?

ख) सहम्पति महाब्रह्माले बुद्धसँग कस्तो प्रार्थना गरे ?

ग) "तपाईंको शास्ता को हुन्?" भनी सोध्ने उपक आजीवकलाई बुद्धले के भनेर उत्तर दिनुभयो ?

घ) धर्मचक्रप्रवर्तनसूत्र सुनेर सबभन्दा पहिले कौण्डिन्यले र भोलिपल्ट वप्पले बुझिलिए भने तेस्रो,चौथो र पाँचौं दिनमा क-कसले बुझे ?

ङ) त्रैवाचिक उपासक कसलाई भनिन्छ ?

च) बुद्धको समयमा सबैभन्दा पहिले त्रैवाचिक उपासक हुने को हो ?

छ) धर्म प्रचारका निम्ति बुद्धशासनमा प्रव्रजित भएका प्रथम साठी जना भिक्षुहरू भन्नाले के बुझिन्छ ?

ज) उपतिस्स र कोलितलाई प्रव्रज्यापछि के नाउँ राखियो ?

झ) आफूसँग अंश माग्ने राहुलकुमारलाई बुद्धले के गर्नुभयो ?

ञ) अनाथपिण्डिकले कति धन खर्च गरी विहार बनाइदिए ? उक्त विहारको नाउँ के हो ?

ट) बुद्ध अनुप्रिय गाउँमा रहनुभएको बेला को को शाक्यकुमारहरू प्रव्रजित हुन आए ?

ठ) भगवान् बुद्धले कसकहाँ अन्तिम भोजन गर्नुभयो ?

ड) बुद्धको अन्तिम वचन के हो ?

ण) भगवान् बुद्ध कहाँ महापरिनिर्वाण हुनुभयो ?

त) बिम्बिसार राजाले उरुवेल काश्यप बुद्धका शिष्य हुन् भनी कसरी थाहा पाए ?

## २) खालि ठाउँमा ठीक शब्द भर्नुहोस् ।

क) भगवान् बुद्धको अन्तिम शिष्य .................... परिव्राजक हो । (सुभद्र/सुमन)

ख) बुद्ध अन्तिम वर्षावास .................... बस्नुभएको हो । (कुशिनगरमा/वेलुव गाउँमा)

ग) बुद्धले धर्मचक्रप्रवर्तन गर्नुभएको .................... पूर्णिमाको दिनमा हो । (आषाढ / बैशाख)

घ) पूर्वाराम विहार __________ कोटि धन खर्च गरी बनाइएको हो । (सत्ताइस/चौवन्न)

ङ) भगवान् बुद्ध __________ पूर्णिमाका दिन कपिलवस्तुमा जानुभयो । (आषाढ/फागुन)

## ३) जोडा मिलाउनुस् -

क) बिम्बिसार राजाले दान दिएको विहार - जेतवन

ख) शाक्यहरूले बनाइदिएको विहार - पूर्वाराम

ग) विशाखाले बनाइदिएको विहार - निग्रोधाराम

घ) अनाथपिण्डिकले बनाइदिएको विहार - वेणुवन

ङ) भगवान्ले धर्मचक्रप्रवर्तन गर्नुभएको - ऋषिपतन

## ४) मिले (✓) चिन्ह नमिले ☒ चिन्ह राख्नुस् -

क) "अहो उपद्रव ! अहो उपद्रव !" भनी कराउने यशकुमार हो ।

ख) अनात्मलक्षणसूत्रदेशना सुनी पञ्चवर्गीय भिक्षुहरू अर्हत् भए ।

ग) तपस्सु र भल्लुक दुइजना दाजुभाइ हुन् ।

घ) बुद्धले बुद्ध भइसकेपछि सर्वप्रथम भेट्नुभएको मानिस उपक आजीवक हो ।

ङ) तीसजना भद्रवर्गीय कुमारहरू उरूवेलमा प्रव्रजित भएका हुन् ।

## ५) तल दिइएको कुरा कसले कसलाई भनेको हो ?

क) "उता हेर्नुस् त । हजुरको पुत्र भिक्षा लिन आउँदै हुनुहुन्छ ।"

ख) "हाम्रो वंश महासम्मत क्षत्रीय वंश होइन र ?"

ग) "हेर बाबु ! उहाँ तिम्रो पूज्य बुबाज्यू हुनुहुन्छ ।"

घ) "महाश्रमण ! हजुरको छाया सारै शीतल छ ।"

ङ) "सबै क्लेश नाश गरी म आफैले निर्वाणधर्म अवबोध गरी लिएँ । म जिन भइसकें ।"

# चतुर्ब्रह्म विहार



मैत्री, करूणा, मुदिता र उपेक्षा यी चार ब्रह्मविहार हुन् । यहाँ 'ब्रह्म' शब्दको अर्थ उत्तम, श्रेष्ठ वा दोषरहित हो भने 'विहार' शब्दको अर्थ बासगर्नु, बस्नु हो । यसैले ब्रह्मविहार भनेको उत्तम, श्रेष्ठ, दोषरहित भएर बस्नु हो ।

ब्रह्महरू अनन्त मैत्री, करूणा, मुदिता र उपेक्षा ध्यानमा तल्लिन हुन्छन् । ब्रह्महरू यी गुणहरूले सम्पन्न भएर बास गर्ने हुनाले अर्थात् ब्रह्महरूको जस्तो बास भएकोले ब्रह्मविहार भनिएको हो ।

मैत्री, करूणा, मुदिता र उपेक्षा ध्यान ब्रह्महरूको सहवासमा पुग्ने बाटो, आचरण भएकोले यसलाई ब्रह्मचर्य पनि भनिएको छ ।

चारवटा ब्रह्मविहारमध्ये मैत्री भनेको आफूजस्तै अरू प्राणीहरूको हित, सुख, भलो

चिताउनु, कामना गर्नु हो । करूणा भनेको दु:खित सत्वप्राणीहरूप्रति दया राख्नु, दु:ख मुक्तिको कामना गर्नु हो । मुदिता भनेको प्राणीहरूको सुख समृद्धिमा प्रशन्न हुनु, सुखी हुनु हो । उपेक्षा भनेको सबै प्राणीहरूको आ-आफ्नो कर्म नै सम्पत्ति हुन् भनी प्राणीहरूप्रति मध्यस्थभाव (समभाव) राख्नु हो ।

आमा-बुबालाई पनि ब्रह्म हुन् भनिएको छ । आमा-बुबाहरूसँग आफ्ना छोराछोरीहरूप्रति यी चार गुणहरू हुन्छन् । त्यसै कारण आमा-बुबालाई ब्रह्म भनिएको हो । त्यसैले छोराछोरीका लागि आमा-बुबा ब्रह्म हुन् ।

हामीहरू पनि प्राणीहरूप्रति मैत्री, करूणा, मुदिता र उपेक्षा भाव राखी बस्न सक्यौं भने हामी ब्रह्मगुणले युक्त भएका हुनेछौं । मैत्री भनेको आफूसरहको व्यक्तिहरूको हित र सुखको कामना गरी मैत्री राख्नु हो । करूणा भनेको आफूभन्दा दु:खित व्यक्तिहरूप्रति दया राख्नु हो । मुदिता भनेको आफूभन्दा सुखी भएका व्यक्तिहरूप्रति द्वेष नराख्नु हो । उपेक्षा भनेको मैत्री, करूणा र मुदिता राख्दा पनि नहुने व्यक्तिहरूप्रति यसोउसो नभनी समभाव राख्नु हो ।

## मैत्री



मैत्रीको साधारण अर्थ हो मित्रता (मित्रभाव) अथवा स्नेहभाव, सबै सत्त्वप्राणीप्रति स्नेह राख्नु, चित्त नरम गर्नु हो । आफूलाई दु:ख मनपर्दैन र सुख मनपरेझैं सम्पूर्ण सत्त्वप्राणीलाई पनि दु:ख मनपर्दैन, सुख नै मनपर्ने भएकोले सबैलाई आफू समान ठानी प्राणीहरूको हित सुखको कामना गर्नु, निस्वार्थ भएर स्नेहभाव (मित्रता भाव) राख्नुलाई नै मैत्री भनिन्छ । मैत्रीले मनलाई शीतलता दिने हुँदा यसलाई 'सिनेह' वा 'स्नेह' भनिएको हो । कुनै वस्तु सुकेको वा सुख्खा भए पनि यसको सँगै लस्सा भएको वस्तु छ भने त्यो सुख्खा वस्तु सजिलैसँग लस्सादार वस्तुसित टाँसिन पुग्नेजस्तै मैत्रीयुक्त व्यक्ति अरूसँग मेलमिलाप राखी बस्न सक्ने हुन्छ । दुइटै वस्तु लस्सादार भए झन छुटाउने नसकिनेगरी टाँसिनेजस्तै आफू र अरू दुबै पक्षसित मैत्री भाव भयो भने परस्परमा रहेको मेलमिलाप गाढा भई तिनीहरू राम्ररी एकजुट भएर रहने हुन्छन् ।

मैत्री भनेको द्वेष (क्रोध) को विपक्षी स्वभाव हो, अवैर द्वेषरहित स्वभाव हो । द्वेष उत्पन्न भयो भने यसले मनलाई पोल्छ र यसले मनलाई कडा बनाउँछ । कडा स्वभाव भएको व्यक्ति अरूसँग मिलेर बस्न सक्दैन । त्यस्तो व्यक्तिले अरूहरूमा रहेको दोष मात्र देख्ने हुनाले उनमा असन्तोष भाव रहिरहने हुन्छ । मैत्री भयो भने मन नरम हुन्छ, अरूहरूमा रहेका गुण देख्ने हुनाले उनमा सन्तोष भाव उत्पन्न हुन्छ । सकारात्मक सोच हुने हुनाले उसमा कहिल्यै कलह, विवाद, वैमनस्य स्वभाव उत्पन्न हुँदैन ।

**नहि वेरेन वेरानि – सम्मन्तीध कुदाचनं ।**

**अवेरेन च सम्मन्ति – एस धम्मो सनन्तनो ॥** (धम्मपद)

धम्मपदमा भगवान् बुद्धले बताउनुभएको यस गाथाको अर्थ हो – वैरभावले वैर कहिल्यै शान्त हुँदैन । अवैरभावले नै वैर शान्त हुन्छ । यही नै पहिलेदेखि चलीआएको धर्म हो ।

वैर भनेको शत्रुभाव हो, द्वेष हो, क्रोध हो । अवैर भनेको मैत्रीभाव हो ।

मैत्रीयुक्त व्यक्तिले आफ्नो निजी स्वार्थलाई अघिसार्दै कहिले पनि अर्काको हानी गर्ने, अर्कालाई दु:ख कष्ट दिने, सास्ति गर्ने गर्दैनन् र त्यस्ता कामप्रति उनी रूचि राख्दै राख्दैनन् । मैत्रीयुक्त व्यक्तिले मनले मात्र हित उपकारको कामना गर्ने नभई शरीर र वचनले पनि हित उपकार हुनेगरी काम गर्छन् । मैत्रीले चित्त शान्त हुन्छ, शीतल हुन्छ ।

## मैत्री उत्पन्न हुनाको कारण :

सत्त्व प्राणीहरूको राम्रो पक्षलाई हेर्नु मैत्री उत्पन्न हुने मूल कारण हो । कसैको शरीरले गर्ने (कायकर्म) काम राम्रो तर वची कर्म र मनोकर्म नराम्रा हुनसक्छन् । कसैको वचीकर्म र मनोकर्म राम्रा तर कायकर्म भने नराम्रो हुनसक्छ । यस्तो स्थितिमा हामीले नराम्रो पक्षलाई नहेरी राम्रो पक्षलाई मात्र हेर्ने गऱ्यौं भने मैत्री फस्टाउँदै जान्छ ।

## तीन प्रकारको मैत्री

मैत्रीलाई कायिक मैत्री, वाचसिक मैत्री र मानसिक मैत्री गरी तीन भागमा वर्गीकरण गरिएको छ ।

**कायिक मैत्री** – अर्काको राम्रो होस् ,कल्याण होस् ,सुख होस् भनी हितको कामना गरी शरीरले मद्दत गर्नुलाई कायिक मैत्री भनिन्छ ।

**वाचसिक मैत्री** – अर्काको राम्रो होस् , सुख होस् भनी हितको कामना गरी अरूलाई कर्णप्रिय हुने गरी नरम वचन बोल्ने, राम्रो कार्य गर्नलाई प्रेरणा दिने, नराम्रो काम हुन नदिन वा रोक्न अर्ती उपदेश दिने आदि वचनद्वारा मद्दत गर्नुलाई वाचसिक मैत्री भनिन्छ ।

**मानसिक मैत्री** – अर्काको सदैव राम्रो होस्, सुख होस् भनी मनले कामना राखी चिन्तन गर्नुलाई मानसिक मैत्री भनिन्छ । मैत्री ध्यान गरी मनमा मैत्री बलियो भयो भने शरीर र वचनबाट गरिने व्यवहार पनि मैत्रीयुक्त हुन्छ ।

मैत्रीयुक्त कायकर्म, वचीकर्म, मनोकर्मको प्रयोग जति धेरै मात्रामा बढ्दै जान्छ, उति नै हामीभित्र भएको स्वार्थभाव, अहंभाव, आघात, रिस, क्रोध आदि कम हुँदै जान्छ । यसले गर्दा प्रत्येक व्यक्ति, घरपरिवार, समाज, राष्ट्र र विश्वमा शान्ति कायम गर्न ठूलो बल मिल्नेछ ।

## मैत्री भावना ध्यान गर्ने तरिका



मैत्रीको विकास गर्न मैत्री भावना ध्यान गर्नुपर्दछ । मैत्री भावना ध्यान गर्ने ध्यानी व्यक्तिले एकान्त ठाउँमा शान्तिपूर्वक बसी सबभन्दा पहिले आफूले आफैलाई यसरी मैत्री भावना ध्यानमा स्थिर राख्नुपर्दछ –

**अहं अवेरो होमि** – म वैरभाव रहित होऊँ ।

**अव्यापज्जो होमि** – म क्रोध रहित होऊँ ।

**अनीघो होमि** – म दुःख उपद्रव रहित हुन सकूँ ।

**सुखी अत्तानं परिहरामि** – मैले सुखपूर्वक आफ्नो जीवन व्यतीत गर्न सकूँ ।

यसरी बारम्बार मनमा चिन्तन गरी भावना/ध्यान गर्नुपर्दछ । यसरी आफूलाई मैत्री भावमा स्थिर राखेपछि प्रिय, मध्यस्थ र अप्रिय यी तीन थरीका सत्त्वप्राणीहरूप्रति मैत्री भावना जगाउनु पर्दछ ।

**सब्बे सत्ता अवेरा होन्तु** – सबै प्राणी वैरभाव (शत्रुभाव) रहित होऊन् ।

**अब्यापज्जा होन्तु** – सबै प्राणी क्रोधरहित होऊन् ।

**अनीघा होन्तु** – सबै प्राणी दुःखरहित होऊन् ।

**सुखी अत्तानं परिहरन्तु** – सबै प्राणीले सुखपूर्वक आफ्नो जीवन व्यतीत गर्न सकून् ।

## मैत्री भावनाको प्रतिफल (आनिशंस)

मैत्री भावनाको अभ्यास गरी मैत्रीयुक्त भएको व्यक्तिलाई ११ प्रकारका आनिशंस प्रतिफल प्राप्त हुन्छः



१) मैत्री वृद्धि गर्ने व्यक्ति शान्त हुने भएकोले ऊ सुखपूर्वक निदाउनसक्छ ।

२) सुत्ने बेलामा शान्त र सुखपूर्वक निदाउनसक्ने भएकोले शान्त र सुखपूर्वक नै उठ्नसक्ने हुन्छ ।

३) चित्त शान्त रहने हुनाले नराम्रो र डरलाग्दो सपना देख्दैन ।

४) मैत्री भावना भएको व्यक्तिमा शान्त स्वभाव प्रकट भइरहने हुँदा उसलाई सबै मानिसहरूले स्नेह राख्ने हुन्छ ।

५) मैत्रीको प्रभावले गर्दा अमनुष्यहरूले समेत मनपराउने हुन्छ ।

६) मैत्रीयुक्त व्यक्तिलाई अग्नि, विष, शस्त्र अस्त्रले समेत छुन नसक्ने हुन्छ ।

७) मैत्रीयुक्त व्यक्तिलाई देवताहरूले पनि रक्षा गर्छन् ।

८) मैत्रीयुक्त व्यक्तिको अनुहार राम्रो, तेजिलो र फुर्तिलो हुन्छ ।

९) मैत्रीयुक्त व्यक्तिको चित्त छिट्टै एकाग्र हुन्छ ।

१०) मैत्री भएको व्यक्तिको होशपूर्ण मरण हुन्छ ।

११) मैत्रीको भावना गरी ध्यान प्राप्त गरेको व्यक्तिले मरणपछि सुगति प्राप्त गर्नेछ ।

## मैत्रीको प्रभावबारे केही कथात्मक प्रसङ्गहरू

देवदत्तले अजातशत्रुसँग मिलेर भगवान् बुद्धलाई मार्ने मनसायले रक्सीले मत्त

पारिएको प्रचण्ड भयङ्कर र जङ्गली स्वभावको नालागिरी नामक हात्ती पठायो । जति जति हात्ती बुद्धको नजिक आउन थाल्यो आनन्द स्थविरले आफ्नो ज्यानको पर्वाह नगरी भगवान् बुद्धलाई बचाउन आफै हात्तीका अगाडि उभिन पुग्नुभो तर भगवान् बुद्धले हात्तीले नराम्रो केही गर्नेछैन भनी आनन्द स्थविरलाई निश्चिन्त हुन सम्झाउनुभयो ।

नभन्दै बुद्धको नजिक आइपुगेको भयङ्कर नालागिरी हात्ती एकै चोटि शान्त भएर आदरपूर्वक निहुरिंदै बस्न पुग्यो । यसरी प्रचण्ड स्वभावको हात्तीलाई बिना दण्ड, बिना शस्त्र शान्त गर्न सक्नु मैत्रीको प्रभाव नै हो । यही मैत्रीको प्रभावले सबैको जयमङ्गल होस् भनी परित्राण सूत्रको जयमङ्गलगाथा पाठ गर्ने बौद्धहरूको चलन छ ।

## व्यवहारिक जीवनमा मैत्रीको उपयोग/महत्व

हाम्रो व्यवहारिक जीवनमा मैत्री नभईनहुने धर्म हो । आमा-बाबुको स्नेह पाएर नै छोराछोरीहरू राम्ररी हुर्कन्छन् । आमा-बाबुसँग मैत्री नभएको भए साना नानीहरू बाँच्न र हुर्कन नै कठिन हुन्छ । आमा-बाबुको मैत्री पाएर नै छोराछोरीहरू सुखी हुन्छन् । परिवारका सबै सदस्यहरूबीच एक आपसमा मैत्री भयो भने पारिवारिक वातावरण सुखमय हुन्छ ।

मैत्रीले गर्दा नै मानिसहरू एक आपसमा मिलेर बस्न सकेका हुन्छन् । घर परिवार, साथी, टोल छिमेक, समाज र राष्ट्रमा मेलमिलाप राखी बस्न मैत्री अति नै आवश्यक छ । आज समाजमा, राष्ट्र-राष्ट्रबीच, विश्वमा व्याप्त झैझगडा, वैमनष्य भावले गर्दा अशान्ति मच्चिरहेको छ । यस्तो वैमनष्यभाव, वैरभावलाई हटाउन मैत्री अत्यन्त आवश्यक छ ।

मैत्री विकासको पूर्वाधार हो । मित्र-राष्ट्रहरूबीच राम्रो सम्बन्ध मैत्रीले गर्दा नै सम्भव हुन्छ । हाम्रा कैयौं मित्र-राष्ट्रहरूले हाम्रो देशको विकास निर्माणकार्यमा मैत्रीपूर्ण सहयोग उपलब्ध गराउँदै आएका छन् । गर्वको कुरा हो, हाम्रो देशको परराष्ट्र नीति मैत्रीपूर्ण सहअस्तित्वको सिद्धान्तमा आधारित छ ।

मैत्रीयुक्त भएर बस्न सक्यौं भने सबैले हाम्रो प्रशंसा गर्नेछन्, हामीलाई मनपराउनेछन् । शत्रुहरूले पनि हानी गर्नसक्ने हुँदैन । जसरी सरूवा रोग अरूलाई सर्छ, त्यसरी नै मैत्री पनि तुरुन्तै अरूमाथि प्रभाव पार्ने धर्म हो । बुद्ध स्वयंले मारसेना, आलवकजस्ता भयानक राक्षस, नालागिरी हात्ती, अंगुलिमालजस्ता डांकाहरूलाई पनि मैत्री बलले जित्नुभयो ।

मैत्रीको वातावरण सृजना गर्न, सबैको मंगल होस्, सबैको भलो होस्, सबैको कल्याण होस् भनी मंगलमय मैत्रीको अभ्यास गरी मैत्री भावनाको वृद्धि गर्नुपर्छ ।

## करुणा



दुखित प्राणीहरूप्रति सुखको कामना गर्नु र दुःखबाट मुक्ति पाउन् भनी कामना गर्नु करुणा हो । दुःखी प्राणीहरूको उद्धार गर्नुलाई करुणा भनिन्छ । अरूलाई दुःख भएको देख्दा सज्जनहरूको हृदय कम्पायमान हुन्छ, यसैलाई करुणा भनिन्छ । करुणाको पर्यायवाची शब्द 'दया' हो । करुणावान् व्यक्तिले दुःख कष्ट भोगिरहेका व्यक्तिहरूको अवस्था देख्दा दया प्रकट गर्छ र दुःखकष्ट भोगिरहन परेकाहरूले दुःखबाट मुक्ति पाउन् र सुख पाउन् भनी कामना गर्छ ।

**करुणा उत्पन्न हुनाको कारणः –** प्राणीहरूलाई अनाथ दुःखीको रूपमा देख्नु करुणा उत्पन्न हुनाको कारण हो । यसरी अरूको दुःख देखेर नै करुणा उत्पन्न हुन्छ ।

अरूहरूको दुःखलाई बोधिसत्त्वले आफ्नै दुःख सम्झन्छन्, अनुभूत गर्छन् । बोधिसत्व स्वयम्ले जुनसुकै उपाय वा कुशलताले परदुःख हटाउन ठूलो प्रयत्न गर्छन् । अरूलाई दुःखबाट मुक्त गर्न नसकेसम्म उनका मनमा शान्ति हुँदैन । करुणा र उपायले राम्ररी सुसज्जित दान, शीलादिका दशवटा धर्मलाई पारमी भनिन्छ । बोधिसत्त्व सिद्धार्थ गौतमले दीपंकर बुद्धको पादमूलमा बुद्धत्वको प्रार्थना गरेदेखिन् पारमिता गुणधर्महरू पूर्ण गर्नुभई अन्तिम जन्ममा आएर बुद्धत्वज्ञान प्राप्त गरी बुद्ध हुनुभयो । बुद्धत्व प्राप्तगरेदेखिन् महापरिनिर्वाण नहुञ्जेल ४५ वर्षसम्म भगवान् बुद्धले निरन्तर रूपमा धर्मोपदेश गरी प्राणीहरूलाई दुःखमुक्तिको मार्ग देखाई उद्धार कार्य गर्नुभयो । बहुजनहिताय बहुजनसुखायको कामना गरी भगवान् बुद्धले करुणादृष्टि राखी जगत्को उद्धार गर्नुभयो । त्यसैले भगवान् बुद्धलाई 'महाकारुणिक नाथ' पनि भनिन्छ ।

भगवान् बुद्धको दिनचर्यामा दिनहुँ बिहान सबेरै उहाँ 'महाकरुणा समापत्ति' भन्ने ध्यान बस्नुहुन्छ र आज कसलाई उद्धार गरूँ भनी सबैतिर करुणादृष्टि फिंजाएर हेर्नुहुन्छ । उहाँको दृष्टिमा परेका प्राणीहरू टाढा भएपनि त्यहींसम्म जानुहुन्छ र ती व्यक्तिहरूको उद्धार गर्नुहन्छ । यसरी उहाँले ४५ वर्षसम्म गाउँ-गाउँ, जनपद-जनपद,

नगर-नगरको चारिका गर्दै लोककल्याण कार्यमा आफ्नो जीवन समर्पण गर्नुभयो ।

भगवान् बुद्धले आफूलाई मार्न भनी अनेक प्रयत्नगर्ने देवदत्तलाई आफ्नो शरणमा लिनुभयो । बुद्धप्रति देवदत्तको द्वेष (रिस) साधारण थिएन । देवदत्तले बुद्धप्रति नराम्रो मनसाय राखेर गृद्धकूट पर्वतको टुप्पाबाट उहाँमाथि निसाना गरेर ठूलो ढुङ्गा खसाल्यो । त्यो ढुङ्गा अर्के ठाउँमा लागेर चोइटिएको एक टुक्रा ढुङ्गा उहाँको दाहिने खुट्टाको बूढी औंलामा लाग्यो र घाउ पनि भयो । त्यति मात्र होइन, देवदत्तले यसबाहेक अरू पनि अनेकन् कुकृत्यहरू गरेका थिए तापनि भगवान् बुद्धले देवदत्तप्रति करुणा राख्नुभयो ।

भगवान् बुद्धले शरीरभरी खटिरा आई पाकेर फुटी पीपले निथ्रुक्क भएको तिस्स भन्ने भिक्षुलाई देखेर आफैले उसका खटिरा-घाउ सफा गरी औषधी उपचार गरिदिनुभएको थियो । यसैबेला उहाँले भिक्षुहरूलाई सम्बोधन गर्दै भन्नुभएथ्यो- "जसले रोगीको सेवा गर्छ, उसले मेरो सेवा गरेको हुन्छ ।" यसरी भगवान बुद्धले रोगीको सेवा गर्न सबैलाई प्रोत्साहित गर्नुभयो ।

## करुणाको महत्वबारे कथात्मक प्रसङ्गहरू

सिद्धार्थ गौतमले प्राणीहरूप्रति करुणाभाव राखी परोपकार गर्दै आउनुभएको कुरा विभिन्न जातक अट्ठकथा आदि ग्रन्थमा उल्लेख गरिएको छ ।



बोधिसत्त्व महासत्त्व भई पारमिता पूर्ण गरिरहेको बेला, वनमा जाँदा भर्खरै ब्याएकी बघिनी आफ्ना डमरूहरूसहित चलहल नै गर्न नसक्ने गरी साह्रै अशक्त अवस्थामा रहेको देखेर उहाँमा करुणा जाग्यो । ती बघिनीलाई बचाउन सकियो भने बघिनीका साथै तिनका ६ वटा बच्चाहरू पनि बच्नेछन् भनी सोची भोकाएर चलहल गर्न नसकेको स्थितिमा रहेको त्यस बघिनीलाई आफैले आफ्नो जिउको मासु काटी बघिनीको मुखमा हालिदिन थाल्नुभयो । पछि बोधिसत्त्व आफू स्वयम्ले पीडाजन्य यो काम गर्न सकेनन् । त्यसबेलासम्ममा बघिनी उठ्न सक्ने भइसकेकी थिई र डमरूहरू पनि चलहल गर्नसक्ने भइसकेका थिए ।

यसरी तिनीहरू आफैले महासत्त्वको रगत-मासु खाएर आफ्नो भोक प्यास मेटाए । यसरी महासत्त्व राजकुमारले अरूका लागि आफ्नो प्राण समेत समर्पित गर्नुभयो । यो बोधिसत्त्वको असीम करूणाको एक उदाहरण हो ।

बोधिसत्त्व सीलव हस्तिराज (हात्ती) भएको बेला बाटो बिराएर रोइरहेको एकजना पथिकलाई देखेर उनको मनमा करूणा उत्पन्न भयो । त्यसैले हस्तिराज आफैले उसलाई खाना खुवाई शहरसम्म पुऱ्याई उसको उपकार गर्नुभयो । तर त्यस व्यक्तिले हात्तीको दाँत बेचेर पैसा कमाउने लोभ गरेर जङ्गलमा फर्केर सीलवसित दाँत माग्न गयो । करूणामयी सीलव हात्तीले आफ्नो दाँत काट्न दियो । त्यो दाँत बेचेर पैसा कमाएको त्यो मान्छे फेरि अर्को दाँत पनि लिन सीलवकहाँ पुग्यो र अर्को बाँकी दाँत पनि काटेर लियो । केही समयपछि त्यस लोभी मान्छेले काटेर बाँकी रहेको दाँतको जरो समेत उखेलेर लियो । बुद्धत्व प्राप्तिका लागि करूणाले युक्त भएर उपकार गर्दै पारमिताधर्महरू पूर्ण गर्ने क्रममा बोधिसत्त्वहरूले यस्ता महान् त्याग गर्नुपर्ने हुन्छ ।

भगवान बुद्ध सानै उमेरदेखि करूणावान् हुनुहुन्थ्यो । देवदत्तले हाँसलाई वाण हानेर मार्न खोज्दा भगवान् बुद्धले घाइते भएको त्यस हाँसको शरिरबाट वाण झिकी औषधी गरेर त्यसलाई बचाउनुभयो ।

## करूणा ब्रह्मविहार भावना-ध्यानविधि

### करूणा भावना-ध्यान गर्ने तरिका :

करूणा ब्रह्मविहार भावना ध्यान गर्ने ध्यानीले एकान्त ठाउँमा शान्तिपूर्वक बसी करूणा नहुँदाको दोष र करूणाको आनिशंस (प्रतिफल) विचार गरी ध्यान शुरू गर्नुपर्छ । जसरी दु:ख कष्टमा जेलिएका र रोग ब्याधिबाट पीडित व्यक्तिलाई देखेर करूणा जाग्दछ, त्यसरी नै सबै सत्वहरूको हितलाई मनमा राखी करूणा फिजाउने काम पनि गर्नुपर्दछ ।

करूणा भावना वृद्धि भयो भने त्यसबाट मैत्री भावनाबाट प्राप्त हुने आनिशंस फल प्राप्त हुन्छ ।

## व्यवहारिक जीवनमा करूणाको महत्व, उपयोगिता

करूणा व्यवहारिक जीवनमा सुख र शान्तिपूर्वक बाँच्नका लागि चाहिने सद्‌गुण हो । करूणाको अभावले गर्दा आज प्रत्येक व्यक्तिमा, परिवारमा, समाजमा, राष्ट्रमा र

विश्वमा नै परस्परमा वैमनष्यभाव, हिंसात्मक क्रियाकलाप वृद्धि भई अशान्ति भइरहेको छ ।

अरूहरूको दोष देख्नुभन्दा आफूले अरूको लागि केही गर्नुपर्छ भन्ने उपकारको भावना आफूभित्र जगाउनु पर्दछ । त्यसका लागि पहिले आफूमा करूणा जगाउनु पर्छ । एक व्यक्तिबाट अर्को व्यक्तिमा करूणा प्रवाह गरी करूणायुक्त वातावरणको सिर्जना भयो भने परस्परमा मेलमिलाप भई सजिलोसँग जीवन यापन गर्न सकिने हुन्छ । पर सेवा नै धर्म हो, पर उपकार नै पुण्य हो भन्ने कुरालाई हृदयंगम गर्न सकियो भने द्वेष, छलकपटको सट्टा जतातत्तै शान्ति छाउँछ ।

करूणा नै सेवाको मूल हो । हामीले आफ्नो अभावलाई महत्व दिनुभन्दा दु:खले जीवन बिताइरहेका आपत-विपतमा परेकाहरूको तन, मन र धनले सक्दो सेवा सहयोग गर्नु नै साँच्चैको करूणा हो ।

## मुदिता

मुदिता भनेको प्राणीहरूको सुख समृद्धिमा प्रशन्न हुनु, खुशी हुनु हो । अरू सुखी र सम्पन्न भएको देखेर आफ्नो मन प्रमोदित (हर्षित) पार्नु हो । मुदिता भएको ब्यक्तिमा ईर्ष्या हुंदैन ।

**मुदिता उत्पत्तिको कारण –** सत्त्वप्राणीहरूको सम्पन्नता, प्रगति भएको थाहा पाएर नै मुदिता उत्पन्न हुन्छ ।

कसैको उन्नति, प्रगति, विकास, उत्थान भएको देखेर वा थाहा पाएर त्यसमा खुसी प्रकट गरेर नै मुदिता उत्पन्न हुन्छ । अरूले राम्रो कार्य गरेको देखेर प्रशन्न भई साधुवाद दिनु, धन्यवाद दिनु, बढाई दिनु, मङ्गल कामना गर्नु  मुदिता हो । यो असल मानवमा हुनुपर्ने सद्‌गुण हो ।

प्राय: मानिसहरू अरूहरूको प्रगति भएको देखेर ईर्ष्या गर्ने गर्छन् । अरूको प्रगतिको चाहना गर्दैनन्, हेर्नै नसक्ने हुन्छन्, दुर्भावना उत्पन्न गर्ने हुन्छ । यस स्वभावले गर्दा साथीहरूबीच, परिवारमा पनि एक आपसमा मिलेर, खुशी भएर बस्न नसक्ने हुन्छन् । मुदिता भएमा आफू पनि हाँसौं अरूलाई पनि हसाऔं, आफू पनि खुशीले बसौं, अरूलाई पनि खुशी पारौं भन्ने भावनाको विकास हुन्छ । यसले गर्दा सबै प्रशन्न र प्रफुल्लित भएर बस्न सकिने हुन्छ ।

## मुदिता ब्रह्मविहार भावना-ध्यान विधि

मुदिता भावनाको विकास गर्न मुदिता भावना (ध्यान) गर्नुपर्दछ । मुदिता भावना-ध्यान गर्ने ध्यानीले एकान्त ठाउँमा शान्तिपूर्वक बसी मुदिता भावना-ध्यान यसरी गर्नु पर्दछ : –

सबै सत्त्व प्राणीहरू भोग सम्पत्तिबाट वञ्चित नहोऊन्, सुखी होऊन् भनी मुदिता भावना लिनु पर्दछ र मुदिता भावना सबै व्यक्तिहरूमा हुने गरी फिजाउनु पर्दछ ।

मुदिता भावना-ध्यान गर्नाले मैत्री भावना ध्यान गर्दा प्राप्त हुने सबै अनिशंस फल प्राप्त हुन्छ ।

## उपेक्षा ब्रह्मविहार


उपेक्षा पनि चतुर्ब्रह्म विहारमध्ये एक उत्तम विहार हो । उपेक्षाको साधारण अर्थ मध्यस्थता, समभाव हो । प्राणीहरूप्रति मध्यस्थभावले अर्थात् समभाव राखी बस्नुलाई उपेक्षा ब्रह्मविहार भनिन्छ । पक्षपात नगरी अर्थात् विरोधीभावले नहेर्नु नै उपेक्षा हो ।

**उपेक्षा उत्पन्न हुने कारण –** कर्म नै सत्त्वहरूको सम्पत्ति हो, आ-आफ्नो कर्मअनुसार फल भोग्ने हुन्छ भनेर बुझ्नु नै उपेक्षा उत्पन्न हुनाको नजिकको कारण हो ।

साधारण मानिसको स्वभाव मन परेकोमा आसक्त हुने र मन नपरेकोमा द्वेष गर्ने हुन्छ । यिनीहरू नातावाद, कृपावाद र भयवादबाट मुक्त हुन सक्दैनन् । उपेक्षा भावनाको विकासले नै तटस्थ स्वभाव बन्छ र मुक्तिको मार्गमा अगाडि बढ्नसक्ने हुन्छ । उपेक्षागुण हुनासाथ न्याय गर्ने अवस्थामा तराजुजस्तै निष्पक्ष भएर न्याय गर्न सकिने हुन्छ । सन्तुलित मनस्थिति नै उपेक्षा हो ।

साधारण मानिसहरूको चित्त आठवटा लोकधर्मबाट बनेको हुन्छ । लोकधर्म भनेको लाभ-अलाभ, यश-अयश, निन्दा-प्रशंसा, सुख-दुःख हुन् । यी आठ लोकधर्मबाट भने हामी कुनै हालतमा पनि उम्कन सक्दैनौं । हाम्रो जीवनमा कहिले लाभ हुन्छ त कहिले हानी-नोक्सानी बेहोर्नुपर्ने हुन्छ, अलाभ हुन्छ । कहिले यश हुन्छ त कहिले अयश हुन्छ । कहिले सुख हुन्छ त कहिले दुःख हुन्छ, कहिले निन्दा हुन्छ त कहिले प्रशंसा हुने गर्दछ । राम्रो पक्ष आउँदा प्रसन्न हुने, खुशीले गदगद हुने, मन चञ्चल हुने हुन्छ । नराम्रो पक्ष आउँदा दुःखित हुने, मन खिन्न हुने गर्दछ । अर्थात् सुखको वेला मात्तिने र दुःख हुँदा आत्तिने

हुन्छ । जीवन-यात्रामा रथको चक्रझैँ यी सुखद् र दुःखद् स्थितिहरू एकपछि अर्को गर्दै आइरहेको हुन्छ । यस्तो परिवर्तनशील स्वभावलाई बुझ्न सक्यौं भने जीवन-यात्रा सरल र सुगम हुनेछ ।



उपेक्षा भावनामा स्थिर रहेका बुद्धिमान पण्डितहरू लोकधर्ममा तटस्थ भएका हुन्छन् ।

धम्मपदमा यसरी भनिएको पनि छ –

**सेलो यथा एकघनो – वातेन न समीरति ।**

**एवं निन्दा पसंसासु –न समिञ्जन्ति पण्डिता ॥**

ठूलो ढुङ्गालाई हावाले हल्लाउन नसकेझैं पण्डितजनहरूलाई सांसारिक निन्दा र प्रशंसाले हल्लाउन सक्दैनन् ।

जसरी सिंह कुनै जंगली पशु कराउँदैमा डराउँदैन, हावा जालमा अल्झिदैन, कमलको फूल पानीमा टाँसिदैन, त्यसरी नै बोधिसत्त्व आफ्नो गुणको वर्णनमा खुसी र अवगुणको बयानमा भयभीत हुँदैन । अरूलाई दुःख हुँदा दुःखी भएर बस्दैन, सुख हुँदा ईर्ष्यालु हुँदैन ।

बोधिसत्त्वले भ्याएसम्म प्राणीहरूको उपकार गर्छन् । हितसुखका लागि कोशिस गर्छन् । यसरी हित सुख गरेर पनि नभएमा दुःखी हुँदैनन् न त दिक्क नै हुन्छन् । यस्तो अवस्थामा कर्म नै यस्तो भनी उपेक्षित भएर आफ्नो चित्तलाई शान्त राख्ने गर्छन् ।

भगवान् बुद्धको जीवनी चरित्र भन्ने हो भने उहाँलाई जति लाभ र कीर्ति यस संसारमा अरू कसैलाई पनि प्राप्त भएन होला तर पनि उहाँको चित्त सधैँ शान्त रहन्थ्यो । त्यसरी नै उहाँलाई जस्तो निन्दा गरेको र दुःख दिएको संसारमा अरू कसैलाई नहोला तर त्यस्तो अवस्थामा पनि उहाँको चित्तको शान्ति अलिकति पनि खलबलिएन ।

लोकधर्मले स्पर्श गर्दा जसको चित्त कम्पित हुँदैन, जो विचलित हुँदैन, जो समतामा स्थिर रहन्छ उसले वास्तवमा शोक, दुःख र विपत्तिको शिकार हुनुपर्दैन र अशोकी हुन्छ । यही नै समताधर्म हो जसमा हामी स्थिर हुनुपर्छ ।

जीवनमा आइपर्ने जे जति घटना वा समस्या छन्, त्यसको कुनै प्रतिक्रिया बिना स्थिर रहेर र अविचलित भएर स्वीकार गर्न सक्ने हुनुलाई नै उपेक्षा भनिन्छ ।

## उपेक्षा ब्रह्मविहारको महत्व र उपयोगिता

हाम्रो जीवनमा सुखशान्तिका लागि उपेक्षा अति नै आवश्यक छ । हाम्रो जीवनमा कहिले सुख हुन्छ त कहिले दु:ख हुन्छ, कहिले लाभ हुन्छ त कहिले हानी, कहिले प्रशंसा पाउने हुन्छ त कहिले निन्दा, कहिले यश हुन्छ त कहिले अपयश, यस्ता लोकधर्महरूले स्पर्शगर्दा चित्त वा मन कम्पित हुन नदिई बस्न सक्यौं भने दु:ख र विपत्तिबाट हामी मुक्त हुन्छौं । जस्तोसुकै समस्याको पनि समतापूर्वक सामना गर्न सक्षम हुन्छौं । भयरहित हुन्छौं । यसरी चित्तलाई सन्तुलित राख्नु उत्तम मंगल हो ।

जुनसुकै काम गर्दा पनि होशपूर्वक र मन सन्तुलित पारी गर्नुपर्छ । यसका लागि सचेत र लगनशील बन्नुपर्दछ । उपेक्षाको विकासले दु:खको बेला धैर्य गर्नसकिने र सुखको बेला सुख पनि क्षणिक छ, नित्य छैन, अनित्य छ भनी स्मृति(होश) राख्नसक्ने हुनाले मनस्थिति सन्तुलित एवं शान्त हुन्छ ।

कर्म नै सबै प्राणीहरूको आफ्नो सम्पत्ति हो । राम्रो कर्म गरे राम्रो प्रतिफल मिल्छ, नराम्रो काम गरे नराम्रै प्रतिफल भोग्नुपर्ने हुन्छ । सुख दु:ख हुने आफ्नै राम्रो र नराम्रो कर्मले गर्दा नै हो । कर्म भनेकै चेतनाले युक्त भएर गर्ने काम हो । सुख दु:खको जिम्मेवारी आफैं हो भन्ने थाहा भयो भने अरूलाई दोष दिने प्रवृति हटेर जान्छ । राम्रो कर्म गर्नमा मन जान्छ । आ-आफ्नो कर्मअनुसार नै फल भोगिरहने हुन्छ भन्ने थाहा भए मनमा चिन्ता सुर्ता हुँदैन । अनि उपेक्षाको विकास हुँदै जान्छ ।

उपेक्षा बुद्ध, बोधिसत्त्वहरूले देखाएको आदर्श हो । यो बुद्धकारक पारमिताधर्ममध्ये एक हो, निर्वाणको बाटो हो । उपेक्षालाई सगौरव पालन गर्नसक्यौं भने हाम्रो जीवनमा मंगलै मंगल हुन्छ ।

## कथात्मक प्रसंगहरू

१) एकचोटि भगवान् बुद्धकहाँ एकजना ब्राह्मण एक्कासि आएर गालि गर्न थाल्यो । बुद्धले केही बोल्नुभएन । त्यस ब्राह्मणले गालि गर्दैरह्यो । अन्त्यमा बुद्धले भन्नुभयो, "हे ब्राह्मण ! तपाईंकहाँ पाहुना आउँछ कि आउँदैन ?" प्रसङ्ग फेरिएकोले एकछिन त ब्राह्मण अकमकियो त्यसपछि भन्यो - "आउँछ नि, किन आउँदैन ।" बुद्धले सोध्नुभयो "उसो भए मलाई बताउनुस्, त्यस पाहुनालाई तपाईं मीठो मीठो खाने कुरा खुवाउनुहुन्छ कि खुवाउनुहुन्न ?" सोच्दै नसोचेको प्रश्न आउँदा झन् अकमकिंदै ब्राह्मणले भन्यो – "खुवाउँछु नि ।" भगवान् बुद्धले प्रश्न थप्नुभो –"अब एउटा कुरा बताउनुस् । त्यो खानेकुरा



उसले नखाए तपाईं के गर्नुहुन्छ ?" ब्राह्मणले दिक्क मान्दै भन्यो– "उसले नखाए म आफै खाइदिन्छु, भयो त अब ?" यो सुनेर बुद्धले भन्नुभयो – "हो ! त्यसो भए तपाईंले पनि मलाई गालिरूपी मीठो खानेकुरा पस्किदिनुभयो, मलाई खान मन छैन, तपाईं नै खानुहोस् ।" जवाफ सुनेर त्यो ब्राह्मण निरूत्तर भयो । ब्राह्मणले कुरा बुझ्यो र उसको रिस शान्त भयो । भगवान् बुद्धको समतायुक्त बोली र व्यवहारले त्यो ब्राह्मण राम्ररी प्रभावित भयो ।

२) एकपल्ट धर्मसभा भइरहेको थियो । त्यहाँ प्रसेनजित राजा, मन्त्रीहरू, भारदारहरू र साहु महाजनहरू र अन्य धेरैको उपस्थिति थियो । सबैले भगवान् बुद्धको उपदेश श्रवण गर्दै थिए । यत्तिकैमा एकजना चिञ्चमानविका भन्ने आइमाई आफ्ना हातले आफ्नो पेट सुम्सुम्याउँदै सभामा प्रवेश गरिन् । आउनेबित्तिकै बुद्धलाई हेर्दै बर्बराइन् –"हे मुण्डक, यसरी उपदेश दिएर काम चल्दैन । मेरो विषयमा नसोचे पनि पेटभित्रको यस बच्चाबारे त सोच । यहाँ राजा छन् ,मन्त्री छन्, भारदार छन्, यिनीहरूलाई भनेर केही व्यवस्था मिलाइदेऊ । गर्भाधान गराउन सक्छौ, पाल्न जान्दैनौ ?" अप्रत्यासित रूपमा यस्ता कुरा सुनेर त्यहाँ उपस्थित सबै छक्क परे । बुद्धले सुरूमा केही बोल्नुभएन, एकै छिनपछि भन्नुभो – "हेर चिञ्चमानविक, यसबारे कि म जान्दछु कि तिमी आफै जान्दछौ ।" यो सुनेर चिञ्चमान एकै पल्ट हडबडाइन् र केही भन्न सकिनन् । बुद्धलाई बेइज्जत गर्ने उसको कृत्रिम गर्भाधानको जालो एकै पल्ट च्यात्चुत भयो । तिनले तीर्थङ्करहरूको प्रभावमा आएर पेटमा काठको मुढो राखेर गर्भिणी बनेर बुद्धको बेइज्जत गर्ने हेतुले त्यहाँ आएकी थिइन् । तिनको पोल आफसेआफ खुल्यो । सबै बुद्धको शुद्धताबारे परिचित भए । बुद्धप्रति श्रद्धा, सम्मान इज्जत झन बढ्यो । बुद्धको यो उपेक्षाको प्रभाव हो ।

## उपेक्षा ब्रह्मविहार भावना ध्यान विधि

उपेक्षा ब्रह्मविहार ध्यान गर्ने योगी /साधकहरूले सबै प्राणीहरूको आ-आफ्नो कर्म नै आफ्नो सम्पत्ति हो, कर्मअनुसार नै सबै भइरहेको हुन्छ भनी उपेक्षा भावना ध्यानले चित्त स्थिर गर्दै उपेक्षा भाव फिजाउनु पर्दछ ।

# अभ्यास

## मैत्री

१) चतुर्ब्रह्मविहार भनेका के के हुन् ?
२) ब्रह्मविहार किन भनिएको हो, विभिन्न कारण दिनुहोस् ?
३) आमा–बुबालाई पनि किन ब्रह्म भनिएको हो ?
४) कस्ता कस्ता व्यक्तिहरूप्रति कुन कुन ब्रह्मविहार ध्यान गर्नुपर्छ ?
५) मैत्री भनेको के हो ? मैत्रीको विपक्ष स्वभाव के हो ?
६) मैत्री उत्पन्न हुनाको कारण के हो ?
७) कायिक, वाचसिक र मानसिक मैत्री के केलाई भनिन्छ ?
८) आफूले आफैलाई कसरी मैत्री भावना ध्यानमा स्थिर गर्नुपर्दछ ?
९) मैत्री भावना ध्यान गर्नाले के के आनिशंस (प्रतिफल) प्राप्त हुन्छन् ? लेख्नुहोस् ।
१०) नालागिरी हात्ती केको प्रभावले कसरी बुद्धका अगाडि आइपुग्दा शान्त र विनयशील भयो ?
११) व्यावहारिक जीवनमा मैत्रीको उपयोगिताबारे लेख्नुहोस् ?

## करूणा

१) करूणा भनेको के हो ?
२) भगवान् बुद्धलाई किन महाकारूणिक नाथ भनिएको हो ?
३) करूणाको भावना ध्यान कसरी गर्नु पर्दछ ?
४) बोधिसत्त्वले देखाउनुभएको करूणाको दुईटा कथात्मक प्रसङ्गहरू उल्लेख गर्नुहोस् ?
५) व्यवहारिक जीवनमा करूणाको महत्वबारे लेख्नुहोस् ।

## मुदिता

१) मुदिता भनेको के हो ?
३) कस्ता व्यक्तिहरूलाई सम्झेर ध्यान गर्‍यौं भने मुदिता उत्पन्न हुन्छ ?
४) प्राणीहरूप्रति कसरी मुदिता फिंजाउनु पर्दछ ?
५) मुदिताको विपरीत स्वभाव के हो ?

## उपेक्षा

१) उपेक्षा भनेको के हो ?
२) उपेक्षा उत्पन्न हुने कारण के हो ?
३) आठवटा लोकधर्महरू के के हुन् ? यी लोकधर्महरूले मानिसको जीवनमा कस्तो प्रभाव पारिरहेका हुन्छन् ?
४) भगवान् बुद्धलाई जस्तोसुकै निन्दा उपहास गरेता पनि उहाँ शान्त भएर बस्नुभएको हुन्छ, लेख्नुहोस् ।
५) उपेक्षा भावना कसरी गर्नुपर्दछ ? छोट्करीमा लेख्नुहोस् ।

# चतुरार्य सत्य



चतुरार्य सत्य भगवान् बुद्धको मूल उपदेश हो । यहाँ चतु भनेको चार, आर्य भनेको उत्तम, पवित्र र सत्य अर्थात् जहिले पनि सही भइरहने हो । निर्मल चित्त भएको व्यक्तिलाई आर्य पनि भनिन्छ । आर्य पुद्गलले बताउनु भएको सत्य भएकोले आर्यसत्य भनिएको हो । यी आर्यसत्यले मानिसलाई आर्य बनाइदिन्छ । उहाँले बहुजनहित र सुखको निम्ति ४५ वर्षसम्म दिनुभएका उपदेशहरु सबै चतुरार्यसत्यमा आधारित छन् । उहाँले सबभन्दा पहिले ऋषिपतन मृगदावन सारनाथमा पञ्चवर्गीय भिक्षुहरूलाई अनुत्तर धर्मचक्र प्रवर्तन गर्नुभएको थियो । धर्मचक्र भनेको चार आर्यसत्यको स्थापना गर्नु, प्रकाशमा ल्याउनु, अर्थ्याउनु, किटेर देखाउनु, खुलस्त वर्णन गर्नु, व्याख्या गर्नु हो । चतुरार्य सत्य भगवान् बुद्धको मौलिक उपदेश हो ।

'बुद्ध' भनेको व्यक्तिको नाम होइन, जसले बोध गर्ने काम गर्छ, उसलाई बुद्ध भनिन्छ । चतुरार्य सत्यलाई अवबोध गर्नेलाई बुद्ध भनिन्छ । स्वयम् भगवान् बुद्धले चार

आर्यसत्य सम्बन्धमा यसरी भन्नुभएको छ- "जबसम्म चार आर्यसत्यको यथार्थत ज्ञानदर्शन भएको थिएन, अनुत्तर बोधिज्ञानमाथि विजयी भएँ भन्ने निश्चित भएन, त्यस बेलासम्म ब्रह्म, देव मनुष्यलोकमा मैले बुद्धत्व प्राप्त गरेँ भनिनँ तर जब मलाई यी चार आर्यसत्यको स्पष्ट रूपमा यथार्थ ज्ञानदर्शन भयो त्यस बेला मैले अनुत्तर बोधिज्ञान प्राप्त गरेँ भन्ने मलाई निश्चित भयो ।" त्यस कारण बोधिज्ञान भन्नु नै चतुरार्य सत्यको ज्ञान हो । बोधिसत्त्व सिद्धार्थले वैशाख पूर्णिमाकै पावन दिनमा बुद्धगयाको बोधिवृक्षमुनि ३५ वर्षको उमेरमा बोधिज्ञान पाउनुभएको थियो ।

चतुरार्य सत्य सार्वजनिक, सर्वहितैषी र सार्वकालिन सत्य हो । यी चार आर्यसत्य हुन्-

१) दुःख आर्यसत्य

२) दुःखसमुदय आर्यसत्य

३) दुःखनिरोध आर्यसत्य

४) दुःखनिरोधगामिनी प्रतिपदा आर्यसत्य (मार्ग सत्य)

## १) दुःख आर्यसत्य

दुःख आर्यसत्य पहिलो सत्य हो । दुःखको व्याख्यानमा भगवान् बुद्धले बताउनुभएको छ- जन्मिनु, वृद्ध हुनु, मरण हुनु, रोग शोकले पीडित, दुःखित, चिन्तित हुनु, अप्रिय संयोग हुनु, प्रिय वियोग हुनु, इच्छा गरेको प्राप्त नहुनु । सक्षिप्तमा पाँच स्कन्धशरीर नै दुःख हो ।

## २) दुःखसमुदय आर्यसत्य

दुःखसमुदय आर्यसत्य भनेको दुःखको मूल कारणलाई चिन्नु हो । तृष्णा नै दुःखको मूल कारण हो । तृष्णा नै फेरि-फेरि जन्म लिनुको कारण हुन् जुन लोभ तथा रागयुक्त छन् । तृष्णा तीन प्रकारका छन् :

**कामतृष्णा** – पञ्चकाम विषयमा (रूप, शब्द, गन्ध, रस र स्पर्शमा) आशक्त हुनु ।

**भवतृष्णा** – फेरि-फेरि जन्म लिने इच्छा हुनु । विभिन्न प्रकारका जीवनप्रति आशक्ति ।

**विभवतृष्णा** – पुनर्जन्ममा विश्वास नगर्ने इच्छा हुनु । भवविच्छेदप्रतिको आशक्ति ।

दुःखको कारण बाहिर होइन भित्र हो । तृष्णा नै दुःखका मूल कारण हो । इन्द्रियसुखको अभावलाई नै दुःखको कारण मानेर त्यसको पछि दगुर्ने व्यक्ति झन् ठूलो

दु:खमा अल्भिन्छ । अत: दु:खको सही कारणलाई जान्नु पनि वास्तविक मंगलदायी काम हो । दु:खको मूल कारण तृष्णालाई निर्मूल गऱ्यौं भने दु:खबाट मुक्त हुन्छौं ।

### ३) दु:खनिरोध आर्यसत्य

तृष्णाको निरोध गर्नु, तृष्णाबाट बिल्कुल विराग हुनु, अलग्ग हुनु, यसबाट मुक्त हुनु, अनाशक्त हुनु नै दु:खनिरोध आर्यसत्य हो । तृष्णाको निरोध नै निर्वाण हो । राग, द्वेष र मोहको निरोधलाई निर्वाण भनिन्छ । यो जन्म, जरा र मरणको दु:खबाट अलग्ग रहेको शान्तिको अवस्था हो, अमृत हो ।


### ४) दु:खनिरोधगामिनी प्रतिपदा आर्यसत्य

#### (आर्य अष्टाङ्गिक मार्ग)

दु:खनिरोधगामिनी प्रतिपदा आर्यसत्य दु:खनिरोधतिर लाने मार्गसत्य हो । यो मार्ग अपनाउँदा दुखबाट मुक्त हुन्छ । यो मार्गलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । यो मार्गलाई मध्यममार्ग पनि भनिन्छ । अष्टाङ्गिक मार्ग हुन्- १) सम्यक्दृष्टि (ठीक धारणा), २) सम्यक्संकल्प (ठीकविचार), ३) सम्यक्वचन (ठीक बोली), ४) सम्यक्कर्मान्त (ठीक कर्म), ५) सम्यक्आजीविका (ठीक आजीविका), ६) सम्यक्व्यायाम (ठीक प्रयत्न) ७) सम्यक्स्मृति (ठीक स्मृति), ८) सम्यक्समाधि (ठीक एकाग्रता)

यसरी चतुरार्य सत्यले दु:ख छ, दु:खको कारण छ, दु:खनिरोध गर्न सकिन्छ, दु:ख निरोध गर्ने मार्ग अपनाउनुपर्छ भन्ने ज्ञान दिन्छ । चतुरार्य सत्यलाई यसरी पनि बुझ्न सकिन्छ: रोग छ, रोगको कारण छ, रोग निवारण गर्न सकीन्छ, रोग निवारण गर्ने (हटाउने) औषधी उपचार छ । अर्को तरिकाले यसरी पनि बुझ्न सकिन्छ: जीवनमा समस्या आउँछ, समस्या उत्पन्न हुनुको कुनै न कुनै कारण अवश्य हुन्छ, समस्या समाधान हुन्छ र समस्या समाधानको मार्ग अपनाउनुपर्छ ।

# आर्य अष्टाङ्गिक मार्ग




आर्य अष्टांगिक मार्ग भनेको दुखबाट मुक्त हुनका लागि, सुखशान्ति प्राप्त गर्नका लागि भगवान् बुद्धले देखाउनुभएको मार्ग हुन् । आठवटा मार्ग-अंगले युक्तभएको हुनाले आर्य अष्टाङ्गिक मार्ग भनिएको हो । यसलाई मध्यममार्ग पनि भनिन्छ । किनभने यसले दुई वटा अन्त, चरम सीमाहरू त्याग गरेको हुन्छ । ती अन्तहरू हुन्- १) कामसुखमा लिप्त हुनु जुन हीन, ग्राम्य, अशिष्ट र अनार्य (अपवित्र), अनर्थपूर्ण छन् । २) शरीरलाई अति कष्ट दिने जुन दुःखमय, अनार्य र अनर्थकर छन् । यी दुबै अन्तलाई छोडी तथागतले मध्यममार्गको ज्ञान प्राप्त गर्नुभएको थियो । यो मार्ग शान्तिको निम्ति, अभिज्ञाको निम्ति, बोध हुनुका निम्ति र निर्वाणका निम्ति हुन् । यसले आँखा खोलिदिन्छ, ज्ञान दिन्छ, प्रज्ञा उत्पन्न गराइदिन्छ, आलोक (प्रकाश) उत्पन्न गराइदिन्छ ।

यी मार्गहरूलाई शील, समाधि र प्रज्ञा गरी तीन भागमा विभाजित गरिएको छ ।

| | | |
|---|---|---|
| १) | सम्यक्दृष्टि (ठीक धारणा) | प्रज्ञा |
| २) | सम्यक्संकल्प (ठीक विचार) | |
| ३) | सम्यक्वचन (ठीक बोली) | शील |
| ४) | सम्यक्कर्मान्त (ठीक कर्म) | |
| ५) | सम्यक्आजीविका (ठीक आजीविका) | |
| ६) | सम्यक्व्यायाम (ठीक प्रयत्न) | समाधि |
| ७) | सम्यक्स्मृति (ठीक स्मृति ) | |
| ८) | सम्यक्समाधि (ठीक एकाग्रता) | |

**शील**:-

शील भनेको सदाचार हो । यसले शरीर र वचनलाई संयमित गर्दछ । यो मैत्री र करूणामा आधारित छ । समाधि र प्रज्ञाको निम्ति शील आधार हुन् । शीलअन्तर्गत तीन मार्ग-अंगहरू पर्दछन् । ती हुन्- सम्यक्वचन, सम्यक्कर्मान्त र सम्यक्आजीविका ।



## सम्यक् वचन

ठीक वचन, सत्य वचनलाई सम्यक्वचन भन्दछ । वचन शुद्ध राख्न वचनलाई अशुद्ध गर्ने मैलाबाट टाढा राख्नु पर्दछ । झूठो बोल्नु, चुक्ली गर्नु, कडा वचन बोल्नु, व्यर्थ कुरा गर्नु यी चार अशुद्ध वचनबाट टाढा रहन सक्यौं भने वचन स्वतः शुद्ध हुन्छ । अर्थात् झूठो वचन नबोल्नु, चुक्ली नगर्नु, कडा वचन नबोल्नु, व्यर्थ वचन नबोल्नुलाई सम्यक्वचन भनिन्छ ।

## सम्यक् कर्मान्त

शरीरबाट गर्ने शुद्ध, पवित्र कर्मलाई नै सम्यक्कर्मान्त भनिन्छ । शरीरबाट गरिने अकुशल कर्महरू जस्तै प्राणी हत्या गर्नु, चोरी गर्नु, व्यभिचार गर्नुबाट अलग्ग रहन सक्यौं भने शारीरिक कर्म शुद्ध हुन्छ । त्यसैले प्राणी हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नुलाई सम्यक्कर्मान्त भनिन्छ ।

## सम्यक्आजीविका

प्रत्येक व्यक्तिले आफ्नो जीविका चलाउन केही न केही काम गर्नुपर्छ चाहे त्यो नोकरी होस् या व्यवसाय । आजीविका गर्दा कसैलाई हानी नोक्सानी नहोस् भनी विचार गर्नु पर्दछ । शस्त्रअस्त्रको व्यापार, विष, मांस, मद्य, प्राणीको बेच-विखनको व्यापारबाट टाढा रही निर्दोषपूर्वक जीविका निर्वाह गर्नुलाई सम्यक्आजीविका भनिन्छ ।

## समाधि :-

समाधिले मनलाई वशमा राख्दछ । जबसम्म मन बसमा पार्न सकिन्न तबसम्म शीललाई अटूट रूपले, शुद्ध रूपले पालन गर्न पनि गाह्रो पर्छ । समाधिअन्तर्गत तीन मार्गअंगहरू पर्दछन् । ती हुन्- सम्यक्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि ।

## सम्यकव्यायाम-

ठीक प्रयत्न, ठीक व्यायामलाई सम्यक्व्यायाम भनिन्छ । यी चार प्रकारका छन्-

- **क. सम्यक्संयम प्रयत्न** – अहिलेसम्म उत्पन्न नभएको अकुशल, पाप कर्म उत्पन्न नगर्न कोशिस गर्नु, शक्ति लगाउनु ।
- **ख. प्रहाणप्रयत्न** – आफ्नो मनमा उत्पन्न भएको अकुशल, पापमय विचारलाई प्रहाण गर्नु ।
- **ग. भावनाप्रयत्न** – अहिलेसम्म उत्पन्न नभएको कुशल विचार उत्पन्न गराउनका निम्ति प्रयत्न गर्नु ।
- **घ. अनुरक्षणप्रयत्न** – उत्पन्न भइसकेको कुशलकर्मलाई रक्षा गर्न, अझ बढाउन प्रयत्न गर्नु ।

यी चार प्रकारका प्रयत्नलाई नै सम्यक्व्यायाम भनिन्छ ।

## सम्यकस्मृति -

जागृत हुनु, सजग हुनु, सतर्क हुनु, होश राख्नुलाई सम्यक्स्मृति भनिन्छ । प्राणीहरूको विशुद्धिका लागि, शोक तथा कष्टबाट मुक्त हुनका लागि, दुःख तथा दोमनस्स (दोर्मनस्य) नाशका लागि, ज्ञानप्राप्तिका लागि, निर्वाण साक्षात्कार गर्नका लागि चार प्रकारका स्मृति प्रस्थान नै एक मात्र मार्ग हो भनी भगवान् बुद्धले बताउनुभएको छ । यी स्मृतिप्रस्थान हुन्-

- **क. कायानुपस्सना** – शारीरिक गतिविधिमा सतर्क हुनु वा होश राख्नु ।
- **ख. वेदनानुपस्सना** – सुखद्, दुःखद आदि वेदनाहरूमा सतर्क हुनु वा होश राख्नु ।
- **ग. चित्तानुपस्सना** – मानसिक स्थिति, मानसिक क्रियाकलापमा सतर्क हुनु वा होश राख्नु ।
- **घ. धम्मानुपस्सना** – विचार, धारणा, स्वभाव धर्महरूमा सतर्क हुनु वा होश राख्नु ।

## सम्यकसमाधि -

कुशल चित्तको एकाग्रतालाई समाधि भन्दछ । प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान र चतुर्थध्यानहरू सम्यक्समाधिद्वारा प्राप्तहुन्छ ।

**प्रज्ञा** :- यथार्थ स्वभावलाई सही रूपले थाहा पाउने ज्ञान नै प्रज्ञा हो ।

प्रज्ञाअन्तर्गत दुईवटा अंगहरू पर्दछन् । ती हुन्-

## सम्यकदृष्टि

यथार्थ दृष्टि, यथार्थ दर्शनज्ञानलाई नै सम्यक्दृष्टि भनिन्छ । चतुरार्य सत्यलाई यथार्थ रूपमा बुझ्नु, जान्नु र विश्वास गर्नु नै सम्यक्दृष्टि हो । कर्म र कर्मफलसम्बन्धी यथार्थ ज्ञान हुनु, विपस्सना ज्ञान हुनु सम्यक् दृष्टि हो ।

## सम्यकसंकल्प

ठीक उद्देश्य, ठीक विचार, ठीक संकल्पलाई सम्यक्संकल्प भनिन्छ । तीन किसिमका संकल्पहरू छन् :-

**क. नैष्क्रम्यसंकल्प** – कामभोगमा लिप्त नभई जीवनयापन गर्ने विचार र उद्देश्य

**ख. अव्यापादसंकल्प** – क्रोध रहित भई रहने विचार र उद्देश्य

**ग. अविहिंसासंकल्प** – हिंसात्मक भावनाबाट रहित हुने विचार र उद्देश्य

यसरी आर्य अष्टांगिक मार्ग भनेको दुखबाट मुक्त हुनका लागि, सुख शान्ति प्राप्त गर्नका लागि भगवान् बुद्धले देखाउनुभएको मार्ग हो । सही रूपमा धर्म गर्नु भनेको नै आर्य अष्टांगिक मार्गलाई अपनाउनु हो ।



# अभ्यास

## १) प्रश्नहरू

१) चार आर्यसत्य भनेको के के हुन् ?
२) दु:खको सत्यमा के के दु:खहरू देखाइएका छन् ?
३) दु:खको मूल कारण के हो ?
४) दु:खनिरोध आर्यसत्य भनेको के हो ?
५) आर्य अष्टांगिक मार्ग केलाई भनिन्छ ? ती मार्गहरू के के हुन् ?
६) आर्य अष्टांगिक मार्गलाई शील, समाधि र प्रज्ञा गरी कसरी छुट्याइएको छ ?
७) आर्य अष्टांगिक मार्गलाई किन मध्यममार्ग भनिएको हो ?
८) शीलअन्तर्गत पर्ने आर्य अष्टांगिक मार्गका अंगहरू के के हुन् ?
९) समाधिअन्तर्गत पर्ने मार्गाङ्गहरू के के हुन् ?
१०) प्रज्ञाअन्तर्गत पर्ने मार्गअङ्गहरू के के हुन् ?
११) प्रज्ञाका तीनवटा तहहरू के के हुन् ?

## २) जोडा मिलाउनु होस् ।

| | |
|---|---|
| १) शील | सम्यक स्मृति |
| २) समाधि | सम्यक कर्मान्त |
| ३) प्रज्ञा | सम्यक संकलप |

## ३) खालि ठाउँ भर्नुहोस् ।

क) पञ्च काम विषय रूप .................... स्पर्स आदिमा आसक्त हुनुलाई .................... तृष्णा भनिन्छ ।

ख) शील अन्तर्गत तीन मार्ग अंगहरू पर्दछन् । ती हुन सम्यक ...................., .................... र सम्यक आजिविका ।

ग) शस्त्र अस्त्रको व्यापार ...................., मांश ...................., प्राणिको बेचबिखनको कार्यलाई मिथ्या आजिविका भनिन्छ ।

घ) सम्यक स्मृति अन्तरगत कायानुपस्सना, ...................., चितानुपस्सना, .................... पस्सना गरि चार स्मृति प्रस्थान हुनु ।

ङ) तीन प्रकारका तृष्णा काम तृष्णा ...................., .................... तृष्णा हुन ।

# चार संवेजनीय स्थल

भगवान् बुद्धले कुशीनगरमा शालवृक्षमुनि अन्तिम शैय्यामा रहनुहुँदा उहाँले यी चार संवेजनीय स्थलबारे उपदेश दिनुभएको थियो ।

त्यो ठाउँ जहाँ तथागत उत्पन्न (जन्म) भयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ ।  त्यो ठाउँ जहाँ तथागतले सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ । त्यो ठाउँ जहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन (प्रथम धर्म उपदेश) गर्नुभयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ । जहाँ तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनुभयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ ।

यी चारै स्थान श्रद्धालुजनको निमित्त दर्शनीय संवेजनीय स्थान हुन् ।

माथि उल्लेख गरिएअनुसार तथागत जन्मिनुभएको ठाउँ लुम्बिनी हो । सम्यक्सम्बुद्धत्व (बोधिज्ञान) प्राप्त गर्नुभएको ठाउँ बुद्धगया (बोधिगया) हो । त्यस्तै धर्मचक्रप्रवर्तन गर्नुभएको ठाउँ सारनाथ हो । महापरिनिर्वाण हुनु भएको ठाउँ कुशीनगर (कुशीनारा) हो ।  यी चार संवेजनीय स्थानहरु – लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर सबै श्रद्धालुजनको निमित्त पवित्र स्थल हुन् , धार्मिक तीर्थस्थल हुन् । त्यसैले यी स्थलहरूलाई बौद्ध चारधामको रूपमा मानीआएको छ ।

## लुम्बिनी (बुद्धको जन्मस्थल)

लुम्बिनी तथागत बुद्ध जन्मिनुभएको पवित्र तीर्थस्थल हो । यो नेपालको लुम्विनी अञ्चल, रूपन्देही जिल्लामा पर्दछ । बुद्धको जन्मभूमि लुम्बिनीको नामबाट नै नेपालको यस अञ्चलको नाम पनि लुम्बिनी रहनगएको हो । बुद्ध जन्मिनुभएको ठाउँ भएर लुम्बिनी एक विश्व प्रसिद्ध धार्मिक स्थल हुन पुगेको छ ।



## धार्मिक महत्व :

त्यस समयमा कपिलवस्तु गणराज्यमा महाराज शुद्धोदनले राज्य गरिरहेको थियो । महारानी महामायादेवी कपिलवस्तुवाट आफ्नो माइतीघर देवदहतिर गइरहँदा बाटोमा पर्ने लुम्बिनीको प्राकृतिक सौन्दर्यले रम्य उद्यानमा एक छिन आराम लिनुभएकै बेला उहाँलाई प्रशवव्यथा भयो । त्यहीँको एउटा सालवृक्षमुनि वैशाखपूर्णिमाका दिन बोधिसत्त्व सिद्धार्थको जन्म भयो । यो करिब २६०० वर्षअगाडिको कुरा हो । यो हामी नेपालीहरूका लागि ठूलो गर्वको विषय हो ।



## दर्शनीय स्थानहरू :

### १. अशोक स्तम्भ :

बुद्धको महापरिनिर्वाणको २९४ वर्षपछि भारतका महान् मौर्य सम्राट् अशोक स्वयम् यस स्थलको दर्शन गर्न आएका थिए । त्यहाँ सम्राट् अशोकले शिलास्तम्भ खडा गरेका थिए । त्यो स्तम्भ आज पनि अशोक स्तम्भ भनी प्रख्यात छ । सम्राट् अशोकले खडागरेको शिलास्तम्भ एउटा ऐतिहासिक धरोहर हो । स्तम्भको टुप्पोमा घोडा थियो तर टुप्पो टुक्रिएकोले अहिले घोडा रहेन । सम्राट अशोकले राखेको त्यो स्तम्भ ६.७ मिटर अग्लो छ । त्यस स्तम्भ अभिलेखमा ब्राह्मीलिपिमा बुद्ध जन्मिनुभएको ठाउँ यही हो भनेर लेखिएको छ ।

अशोक स्तम्भमा 'हिदबुधेजाते सक्यमुनीति' अर्थात् यहाँ शाक्यमुनि बुद्ध जन्मिनुभएको थियो र हिद भगवंजाते लुमिनिगामे उवलिकेकटे' अर्थात् यहाँ भगवांन् जन्मिनुभएकोले लुम्बिनी गाउँ बलिमुक्त (करमुक्त) गरेँ ।

### २. मायादेवी मन्दिर :

नवनिर्मित मायादेवी मन्दिरभित्र भगवान् बुद्धले पहिलो पाइला टेक्नुभएको ठाउँमा राखिएको (मार्कर स्टोन) देखिने गरी राखिएको छ । त्यसरी नै बुद्ध जन्मिनुभएको दृष्य अंङ्कित ढुङ्गाको प्रष्टर मूर्ति राखिएको छ । पुरानो मूर्ति खिइएर त्यसको आकार मात्र देखिन्छ । तलतिर उत्खनन् गरिएका तहहरु खुला रूपमा राखिएको छ ।

### ३. पुष्करणी (पोखरी) :

अशोक स्तम्भको दक्षिणपट्टि एउटा पोखरी छ । त्यहाँ महामाया देवीले बोधिसत्त्व सिद्धार्थलाई जन्म दिनुभन्दाअगाडि नुहाएकी थिइन् । भनिन्छ, बुद्ध जन्मेपछि यही पोखरीको पानीले नुहाइदिएकी थिइन् ।

### ४. पुरातात्विक खण्डहरू :

मायादेवी मन्दिरको दक्षिणमा पुरातात्विक खण्डहरहरु छन् । भग्नावशेषको रूपमा ठूलाठूला ईटाहरूले बनेका जग्गाहरु देखिन्छन् ।

### ५. विभिन्न राष्ट्रले बनाएका मन्दिर, विहारहरू, चैत्यहरू :

यहाँ जापान, कोरिया, जर्मन, म्यान्मार्(बर्मा), थाइलैण्ड, चीन, भियतनाम, श्रीलंका आदि मित्रराष्ट्रहरूले आ–आफ्ना राष्ट्रीय पहिचानका कलासंस्कृति झल्किने मन्दिर, विहारहरु र चैत्यहरु बनाएका छन् ।



## बुद्धगया (बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएको स्थल)

भगवान् बुद्धले बुद्धत्व ज्ञान प्राप्त गर्नुभएको स्थान बुद्धगया अर्को धार्मिक तीर्थस्थल हो । गयाको नजिक रहेको र बुद्धले ज्ञान प्राप्त गरेको हुँदा यसलाई बोधगया अथवा बुद्धगया नामाकरण गरिएको हो । त्यहाँको पीपलको रूखमुनि रहेर बोधिज्ञान प्राप्त गर्नुभएकोले त्यस रूखलाई बोधिवृक्ष भनियो । बुद्धगया भारतको विहार प्रदेशमा पर्दछ ।

## धार्मिक महत्व :

बोधिसत्व सिद्धार्थले महाभिनिष्क्रमण गरी ज्ञानको खोजीमा जाँदा आलारकालाम र उद्दकरामपुत्र भन्ने नामी ऋषिहरूको आश्रममा गई ध्यान प्राप्त गर्नुभयो । त्यसमा पनि सन्तोष लिने ठाउँ नभएर जन्म, जरा, व्याधि, मरणबाट मुक्त हुन ज्ञानको खोजीमा ६ वर्षको दुष्करचर्या गर्नुभयो । शरीरलाई अति कष्ट दिई तपस्या गर्दा पनि ज्ञान प्राप्त नभएपछि सिद्धार्थले मध्यममार्ग अपनाउनुभयो । आहार सेवन गर्न पनि थाल्नुभयो । यो देखेर उहाँलाई साथ दिइरहेका पञ्चवर्गीयहरु पनि उहाँलाई एक्लै छोडी ऋषिपतन मृगदावन(सारनाथ) गए । बोधिसत्त्व एक्लै ज्ञानको खोजीमा लागीपर्नुभयो । एकदिन

वैशाखपूर्णिमातिर भिक्षाटनका लागि जाँदै एउटा वरवृक्षमुनि बसिरहँदा त्यहाँ सेनानी गाउँकी सुजाता कन्याले सुनको पात्रमा क्षीर राखी दान दिइन् । सुजाताले अर्पण गरेको क्षीर भोजन खाइसकेपछि नजिकको नैरञ्जरा नदीमा जानुभयो । त्यहाँ नदीमा पात्र बगाई अधिष्ठान गर्नुभयो 'यदि मैले बुद्धत्व प्राप्त गर्ने रहेछु भने यो पात्र अवश्य पनि विपरीत दिशातिर बगेर जानेछ ।' नभन्दै त्यो पात्र नदीमा उल्टो दिशातिर बगेर गयो र एउटा भुमरीमा विलिन भयो । यस्तो पूर्वलक्षण देखी मनमा सन्तोष लिई नजिकको वनमा गई बोधिवृक्षतिर जानुभयो । बाटोमा सोत्थिय भन्ने घाँसीले दिएको घाँस ओछ्याई त्यहींको बोधिवृक्षमुनि पूर्वतिर फर्की ध्यान गर्न बस्नु हुँदै शाक्यमुनिले यस्तो प्रतिज्ञा गर्नुभयो – "शरीर सुकेर जाओस्, हड्डी खिएर जाओस् र प्राण नै किन नजाओस्, तर मैले पाउन चाहेको बुद्धत्व प्राप्त नभएसम्म म यस आसनबाट उठ्दिनँ ।" यस्तो सङ्कल्प गरेर ध्यानमा दृढ हुनुभयो । त्यसबेला अनेक प्रकारका मारहरूले ध्यान भङ्ग गर्न अनेक प्रयत्न गरे । ती मारहरूलाई पराजित गरी वैशाखपूर्णिमाको रात्रीको प्रथम प्रहरमा उहाँले पूर्वजन्मबारे थाहा पाउने पूर्वानुस्मृतिज्ञान, मध्यमयाममा दिव्यचक्षुज्ञान र अन्तिम याममा आश्रवक्षयज्ञान प्राप्तगरी बुद्धत्व प्राप्त गर्नुभयो । त्यसैले शाक्यमुनि बोधिसत्त्वलाई बुद्ध र त्यस वृक्षलाई बोधिवृक्ष भनियो ।

बुद्धत्व प्राप्त गर्नुभएपछि भगवान् बुद्धले ४९ दिनसम्म बोधिवृक्षको आसपासमा रहेका सातवटा विभिन्न स्थानमा एक एक हप्ता बिताउनुभयो ।

## दर्शनीय स्थलहरू :

### १) महाबोधि मन्दिर



शिखर शैलीमा निर्माण गरिएको महाबोधि मन्दिर १५.२ वर्ग मिटर क्षेत्रमा ५२ मि अग्लो छ । मन्दिरमा पूर्वतिर फर्केको मूल कलात्मक ढोका छ । मन्दिरको चार कुनामा उस्तै आकारका आकृति छन् । मन्दिरको भित्र भूमिस्पर्श मुद्राको शान्त सुन्दर बुद्धमूर्ति छ । त्यहाँ श्रद्धालुजनहरूले भावविभोर भई आफ्ना श्रद्धा व्यक्त गर्दछन् ।

२) **बोधिवृक्ष :**



भगवान् बुद्धले जुन वृक्षमुनि बसी बोधिज्ञान प्राप्त गर्नुभएको थियो, त्यो वृक्ष नै बोधिवृक्ष हो । सम्राट् अशोकको समयमा उनी बोधिवृक्ष दर्शन गर्न समय समयमा आउँथे । बोधिवृक्षप्रति श्रद्धा राखी सेवा गरिरहेको मन नपराउने महारानीले बोधिवृक्षको नाश गर्न अनेक कोशिश गरिन् । तर सम्राट् अशोकले बोधिवृक्षलाई स्याहार सम्भार गरेर बचाए । सम्राट् अशोककी छोरी संघामित्राले यही बोधवृक्षको एउटा शाखा श्रीलंकामा लगेर रोपिन् । त्यो रूख अहिलेसम्म सजीव रूपमा झांगिएर फैलिएको छ । बोधिगयाको बोधिवृक्ष बेला मौकामा नष्ट हुने गरे पनि धर्मसंस्कार प्राप्त पवित्र त्यो रूख आजसम्म हराभरा भैरहनु चानचुने कुरा होइन । यही बोधिवृक्षको छहारीमुनि बसेर श्रद्धालुजनहरूले पूजा, पाठ, ध्यान गर्ने गर्छन् । जीवित परम्पराका रूपमा धार्मिक वातावरण भएको यस ठाउँमा पुग्दा मनमा धर्मचेतना उत्पन्न हुनु स्वाभाविकै हो ।

३) **बज्रासन :**

यो ठाउँ भगवान् बुद्धले बुद्धत्व प्राप्तिका लागि ध्यान गर्नुभएको ठाउँ हो । मारले उहाँको ध्यान भङ्ग गर्न जतिसुकै उपाय गरे पनि बज्रजस्तै अडिग रहनुभएको हुनाले उहाँ बस्नुभएको त्यस आसनलाई बज्रासन भनिएको हो । बोधिवृक्ष र बोधिमन्दिरको बीचमा पर्ने चारपाटे आसनलाई अहिले सजावत गरेर राखिएको छ ।

## सप्तस्थान

भगवान् बुद्धले बुद्धत्व ज्ञान प्राप्त गरिसकेपछि सात हप्तासम्म महाबोधि परिसरमा विभिन्न ७ वटा ठाउँमा बस्नुभएको थियो । ती ठाउँहरू हुन् - पहिलो बोधिपल्लंक, दोस्रो अनिमिष लोचन स्तूप, तेस्रो चंक्रमण स्थान, चौथो रत्नाघर चैत्य, पाँचौं अजपाल वृक्ष, छैठौं मुचलिन्द वृक्ष र सातौं राजायतन वृक्ष ।

## राष्ट्रिय मन्दिर र अन्तराष्ट्रिय विहारहरू:

१५ वर्ग किलोमिटर क्षेत्र ओगटेको बुद्धगयाको क्षेत्रमा विभिन्न देशबाट बनाइएका मन्दिर, विहारहरू रहेका छन् । त्यहाँ विभिन्न धार्मिक गतिविधिहरू संचालन भइआएका छन् ।

## सारनाथ

### प्रथम पटक बुद्धले उपदेश दिनुभएको स्थल



भगवान बुद्धले सबभन्दा पहिले धर्म उपदेश दिनुभएको ठाउँ ऋषिपटन मृगदावन भन्ने सारनाथ पनि श्रद्धालुजनहरूको निमित्त संवेजनीय स्थल हो । उहिले उहिले त्यो ठाउँमा ऋषिहरु अन्तरिक्षबाट तल अवतरण गर्ने भएकोले ऋषिपटन भनिएको हो भने मृगहरूलाई अभयदान गरिएको मृगहरूको वन भएकोले मृगदावन भनिएको हो । सारनाथ भारतको वाराणसी शहरमा पर्दछ ।

## धार्मिक महत्व :

भगवान् बुद्ध बुद्धगयामा बुद्धत्व प्राप्तगरी धर्मको गम्भीरताबारे चिन्तन मनन गरिसकेपछि आषाढपूर्णिमाका दिन पञ्चवर्गीहरूलाई उपदेश दिन भनी सारनाथ पुग्नुभयो । बोधिसत्त्वले उहिले उरूवेल वनमा दुश्कर तपस्या गरिरहनुभएको बेला आफ्नो सेवा गरीबसेका र आहार सेवनगरेपछि उहाँलाई छाडेर ऋषिपटन मृगदावन पुगेकाहरु पञ्चभद्रवर्गीय हुन् – कोण्डञ्ञ, भद्दिय, वप्प, महानाम र अस्सजि । आषाढपूर्णिमाका दिन भगवान् बुद्धले यी पञ्चवर्गीयहरूलाई चार आर्यसत्य र आर्यअष्टाङ्गिक मार्गसम्बन्धी उपदेश दिनुभएको थियो । यसलाई धर्मचक्रप्रवर्तन भनिन्छ । ती पञ्चवर्गीयहरु बुद्धको उपदेश अववोध गरेपछि भिक्षु भएका थिए । त्यसैले भिक्षुसंघको स्थापना भएको पहिलो ठाउँ पनि सारनाथ नै हो । भगवान् बुद्ध भिक्षुहरूको साथमा प्रथम वर्षावास बस्नुभएको ठाउँ पनि यहीं हो । त्यसपछि क्रमशः भिक्षुहरूको संख्या वृद्धि भई ६० जना अरहन्त भिक्षुहरु भइसकेपछि यही ठाउँबाट भिक्षुहरूलाई बहुजनहित र बहुजनको सुखका लागि लोककल्याणको निमित्त ठाउँ-ठाउँमा धर्मप्रचार गर्न पठाउनुभएको थियो । त्यसैले धर्मको पाङ्ग्रोलाई गुडाएको अर्थात् धर्मचक्रप्रवर्तन गरिएको ठाउँ सारनाथ बौद्ध-जगत्को निमित्त पवित्र तीर्थस्थल हो ।

### महत्वपूर्ण स्थलहरु :

१) चौखण्डी स्तूप २) धम्मेख स्तूप ३) धम्मराजिक स्तूप ४) मूल गन्धकुटी
५) अशोक स्तम्भ ६) भग्नावशेष स्तूप, चैत्य र विहार ७) मृगदावन

त्यस्तै सारनाथमा पुरातात्विक म्यूजियम, धर्मचक्र मूर्तिहरू, महाबोधि सोसाइटी, विभिन्न राष्ट्रहरूबाट बनाइएका मन्दिर र विहारहरू हेर्न लायकका छन् ।

## कुशीनगर

### भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको ठाउँ



भगवान् बुद्ध महापरिनिर्वाण हुनुभएको ठाउँ कुशीनगर पनि एक पवित्र संवेजनीय स्थल हो । कुशीनगर (कुशीनारा) भारतको उत्तर प्रदेश देउरीया जिल्ला कशिया भन्ने गाउँमा पर्दछ ।

## धार्मिक महत्व :

भगवान् बुद्धले बहुजनको हित र सुखको निमित्त ४५ वर्षसम्म निरन्तर रूपमा उपदेश दिनुभएको थियो । ८० वर्षको उमेरमा उहाँलाई आफ्नो अन्तिमसमय नजिक आएको आभास भइसकेको थियो र अन्तिम समय आउनुभन्दाअघि विभिन्न ठाउँको यात्रा गर्ने इच्छा गरेर भिक्षुसंघ साथलिई राजगृहबाट यात्रा सुरू गर्नुभयो । सर्वप्रथम वैशाली पुग्नुभयो, त्यहाँबाट विभिन्न ठाउँहरूमा जानुभई पावा हुँदै कुशीनगर पुग्नुभयो । त्यहाँ पुगी तथागतले आनन्दलाई दुई शालवृक्षको बीचमा आसन बनाउन आज्ञा गर्नुभयो । अनि भिक्षु आनन्दले बनाइदिएको आसनमा उत्तरतर्फ सिरान गरी लेट्नुभयो । त्यसैबेलादेखि देवगणहरू सुगन्धयुक्त पुष्प, धूप आदिद्वारा भगवान् बुद्धको पूजा गर्न आए ।

सबै देवगण फर्केर गएपछि भिक्षु आनन्दलाई बुद्धले आज्ञा गर्नुभयो – "हे आनन्द ! सुगन्धयुक्त दिव्य धूपादिले पूजा गर्दैमा तथागतको आदर सत्कार मानमर्यादा गरेको ठहरिंदैन । हेर, जुन भिक्षु वा भिक्षुणी अथवा उपासक वा उपासिकाले धर्मलाई आदर गरी तदनुसार अभ्यास गरी धर्माचरण गर्दछ, त्यसले तथागतको सत्कार गरेको, मान गरेको तथा उत्तम पूजा गरेको ठहरिन्छ ।

त्यसै बेला भगवान् बुद्धले भिक्षु आनन्दलाई सम्बोधन गरी श्रद्धालुहरूको निमित्त चार दर्शनीय संवेजनीय स्थान हुनेछन् भनी आज्ञा हुनुभएको थियो । ती हुन्, बुद्ध जन्मनुभएको ठाउँ, बुद्धत्व प्राप्त गर्नुभएको ठाउँ, धर्मचक्र प्रवर्तन गर्नुभएको ठाउँ र तथागत महापरिनिर्वाण हुनुभएको ठाउँ । यी स्थानहरूको दर्शनले श्रद्धालु जनलाई संवेग उत्पन्न भई सुगति प्राप्त हुन्छ ।


भगवान् बुद्धको अन्तिम दर्शन गर्न शालवनमा मानिसहरूको भीड लाग्न थाल्यो । यत्तिकैमा सुभद्र भन्ने एक परिव्राजक (सन्यासी) आफ्नो शंका समाधान गर्न भगवान् बुद्धकहाँ आइपुगे । भगवान् बुद्धले सुभद्रलाई अन्तिम उपदेश यसरी दिनुभयो – जुन धर्मविनयमा आर्यअष्टाङ्गिक मार्ग हुन्छ, त्यस धर्म विनयमा श्रमणहरु पनि हुन्छन् । भिक्षुहरु राम्ररी धर्माचरण गरेर बसे यस लोकमा अरहन्तहरु बिलाउनेछैनन् । त्यसपछि भगवान् बुद्धले आनन्द र अरु भिक्षुहरु सबैलाई भेला गराई मनमा कुनै कुराको सन्देह बाँकी छ भने अहिलेसम्म समय छ तथागतसित सोध्नू भनी आज्ञा गर्नुभयो । त्यहाँ उपस्थित भिक्षुहरूमध्ये कसैको मनमा पनि बुद्ध, धर्म, संघ र विनयबारे कुनै किसिमको सन्देह नभएको यकिन भएपछि आयुष्मान आनन्दले भगवान्समक्ष त्यस जमघटमा शंका भएका भिक्षुहरु कोही छैनन्, सबै प्रसन्न छन् भनी बिन्ति गऱ्यो ।

त्यसपछि भगवान् बुद्धले सबै भिक्षुहरूलाई सम्बोधनगरी आज्ञा भयो-

"भिक्षुहरु हो ! संस्कार सबै अनित्य हुन् भनी बुझी अप्रमादी भएर राम्ररी स्मृति राखी गुणधर्म सम्पादन गर ।"

यही वाक्य नै भगवान् बुद्धको अन्तिम उपदेश हो । त्यसपछि भगवान् बुद्ध ध्यानभावनामा प्रवेश हुनुभयो । ध्यान भावनामा प्रवेश गर्दागर्दै महापरिनिर्वाण हुनुभयो । यसरी ८० वर्ष पूरा भएकै दिन वैशाखपूर्णिमाको रातको तृतीय प्रहरमा अनित्य स्वभाव देखाई भगवान् बुद्ध महापरिनिर्वाण हुनुभयो ।

महापरिनिर्वाणपछि मुकुटबन्धनमा दाहसंस्कार गरियो । दाहसंस्कारपछि अवशेषको रूपमा रहेको अस्थिधातुको विभाजन पनि भयो ।



यसरी भगवान् बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनुभएको थियो । तसर्थ यो ठाउँ पनि बौद्धहरूको निमित्त संवेजनीय स्थल हुन गयो ।

## दर्शनीय स्थलहरू

१) महापरिनिर्वाण मन्दिर २) महापरिनिर्वाण स्तूप ३) मुकुटबन्धन चैत्य (रामाभार स्तूप)
४) भग्नावशेष स्थलहरु ५) विभिन्न देश विदेशका विहार चैत्यहरु

त्यस्तै विभिन्न मित्रराष्ट्रहरूबाट आ-आफ्नो कला संस्कृतिअनुसार बनाइएका विहार, मन्दिर र चैत्यहरु पनि हेर्न लायकका छन् ।

# चतुपरिषद

बुद्धधर्ममा भिक्षु, भिक्षुणी, उपासक र उपासिका गरी चार प्रकारका व्यक्तिहरूको समूह, भेला तथा सभालाई चतुपरिषद भनिन्छ । बुद्ध, धर्म र संघको शरणमा गई आ-आफ्ना शील नियमहरू पालन गरी धर्मको अनुशरण गर्ने व्यक्तिहरू यी नै चतुपरिषद्भित्र पर्दछन् ।

शान्तिनायक भगवान् बुद्धले बहुजनको हित र सुखको निमित्त उपदेश दिनु हुँदा प्राय गरी यी चार परिषद्को उपस्थिति रहेको हुन्थ्यो ।

## भिक्षु



संसारको भयदेखि डराएर दुःखबाट मुक्त हुन गृहत्याग गरी भिक्षुसंघको माझमा विधिवत् रूपमा कपाल खौरेर चीवर वस्त्र लगाई प्रव्रजित भएको व्यक्ति (कुलपुत्र) लाई भिक्षु भनिन्छ । विधिवत् रूपमा भिक्षु हुन कम्तीमा २० वर्ष पुगेको हुनुपर्दछ । भिक्षुहरूले २२७ वटा नियमहरू पालन गर्नुपर्छ । २० वर्षभन्दा कम उमेरमा गृहत्याग गर्ने व्यक्तिलाई श्रामणेर भनिन्छ । उनीहरूले १० वटा शील नियमहरू पालन गर्नुपर्दछ । उमेर पुगेपछि भिक्षु बन्न इच्छा गरे भिक्षुसंघको उपस्थितिमा विधिपूर्वक भिक्षु बन्न सकिन्छ । भिक्षु भएको १० वर्ष भयो भने उनलाई स्थविर भनिन्छ र स्थविर भएको १० वर्षपछि अर्थात् भिक्षु भएको २० वर्ष पुग्यो भने महास्थविर भनिन्छ । भगवान् बुद्धले दिनुभएको उपदेश, धर्मको धारण र पालन गरी धर्म प्रचार-प्रसार गर्ने काममा भिक्षुहरूले ठूलो योगदान गरेका हुन्छन् ।

## भिक्षुणी

संसारको भयदेखि डराएर दुःखबाट मुक्त हुनाका लागि गृहत्याग गरी भिक्षुणी संघको उपस्थितिमा विधिवत् रूपमा कपाल खौरी निर्धारित वस्त्र लगाई प्रव्रजित (गृहत्याग) गरेकी कुलपुत्री (महिला) लाई भिक्षुणी भनिन्छ । उनीहरूले ३३१ वटा नियमहरू पालन गर्नुपर्छ । २० वर्षभन्दा कम उमेरमा प्रव्रजित भएको कुलपुत्रीलाई श्रामणेरी भनिन्छ । उमेर पुगेपछि दशशील ग्रहण गर्ने प्रव्रजित महिलालाई नेपालमा अनागारिका / अन्या / गुरुमाँ भन्ने चलन छ । भिक्षुणीको अनुयायीका रूपमा लागेका हुनाले उहाँहरूलाई भिक्षुणीको प्रतिनिधित्व गर्ने परिषद्को रूपमा लिन सकिन्छ । बुद्ध धर्मको उन्नति अभिवृद्धिको निमित्त उहाँहरूको ठूलो योगदान रहेको छ ।

## उपासक

बुद्ध, धर्म र संघको सरणमा गई पञ्चशील पालन गरी घर गृहस्थीमा बसी धर्मको आचरण गर्ने जो कोही पुरूषलाई उपासक भनिन्छ । गृहत्यागीहरूलाई भोजन, वस्त्र, औषधि र रहने ठाउँ (विहार) आदि चतुप्रत्यय वस्तुद्वारा सेवा एवं बुद्ध धर्मको उन्नति अभिवृद्धि गर्ने काममा उपासकहरूको ठूलो योगदान रहेको छ ।



## उपासिका

उपासकहरूजस्तै उपासिकाहरूले पनि गृहस्थ भई शील नियम पालन गरी, चतुप्रत्यय सेवा गरी, बुद्ध धर्मको उन्नति गर्नमा ठूलो योगदान गरेका छन् ।

भगवान् बुद्धले समान रूपले भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूलाई दु:खबाट मुक्तिको बाटो देखाउनुभयो । त्यस बाटोमा लागेका कैयौं नर नारीहरू दु:खबाट मुक्त हुन सफल भएका थिए । बुद्धकालीन अवस्थामा समर्थवान् भिक्षुहरू भए जतिकै समर्थवान् भिक्षुणीहरू पनि उत्तिकै थिए । त्यस्तै समर्थवान् उपासकहरू भए जतिकै समर्थवान् उपासिकाहरू पनि थिए । भिक्षुहरूमध्ये प्रज्ञावान्मा अग्र सारिपुत्र महास्थविर र ऋद्धिवान्मा महामौद्गल्यायन महास्थविर भए जस्तै भिक्षुणीहरूमा प्रज्ञावान्मा अग्र खेमा महास्थविरनी र ऋद्धिवान्मा उप्पलवण्णा महास्थविरनी थिए । दाताहरूमध्येमा अग्र अनाथपिण्डिक महाजन, धर्मकथिकमध्ये चित्त गृहपति थिए भने दाता उपासिकाहरूमध्ये अग्र विशाखा महोपासिका, बहुश्रुत (धेरै जाने-बुझेका) मध्ये खुज्जुतरा अग्र थिइन् । यस्तै हरेक क्षेत्रमा अग्र स्थान घोषणा गर्नु हुँदा भगवान् बुद्धले भिक्षुको समकक्षमा भिक्षुणीहरूलाई र उपासकको समकक्षमा उपासिकाहरूलाई समेत अग्र स्थान दिनुहुन्थ्यो ।

भगवान् बुद्धले यी चारै परिषद् एकसे एक समर्थवान् नभएसम्म उहाँ महापरिनिर्वाण हुनुभएको थिएन । यी चारै परिषद् सक्षम भएपछि मात्र उहाँ महापरिनिर्वाण हुनुभएको थियो ।

बुद्ध धर्ममा यी चारै परिषद्ले मिलेर बुद्धले दिनुभएका शील, समाधि र प्रज्ञा शिक्षाको आचरण गरेर आ-आफ्नो क्षेत्रबाट गर्न सकिने प्रयास गर्न सके मात्र बुद्ध शासनको उन्नति अभिवृद्धि हुन्छ । उदाहरणका लागि, जसरी रथको चारवटै पाङ्ग्रा राम्रा भए रथ गन्तव्य स्थानमा सजिलै पुग्न सकिन्छ त्यसरी नै यी चारै परिषद् सक्षम भए भने मात्र बुद्ध धर्म परन्तुसम्म चिरस्थायी हुन्छ र यसको उन्नति र अभिवृद्धि हुन्छ ।

## अभ्यास

### चार संवेजनीय स्थल

१) भगवान् बुद्धले चार संवेजनीय स्थलहरूसम्बन्धी कसरी बताउनुभएको छ, प्रकाश पार्नुहोस् ।
२) लुम्बिनीको धार्मिक महत्वबारे लेख्नुहोस् ।
३) सम्राट् अशोकले लुम्बिनीमा यात्रा गरी महत्वपूर्ण कार्यहरू के के गर्नुभयो ?
४) अशोक-स्तम्भको अभिलेख कुन लिपिमा छ ? त्यसमा के उल्लेख गरिएको छ ?
५) मार्कर स्टोनको महत्व के छ ? त्यो कहाँ राखिएको छ ?
६) तलको महत्वपूर्ण स्थलहरूबारे लेख्नुहोस् ।
   क) मायादेवी मन्दिर
   ख) पुष्करणी (पोखरी)
   ग) लुम्बिनीमा कुन कुन मित्रराष्ट्रहरूले आ-आफ्नो कला संस्कृति झल्किनेगरी विहार, मन्दिर, चैत्य आदि बनाए ?
७) भगवान् बुद्धले बुद्धत्वज्ञान प्राप्त गरेको ठाउँ दर्शन गर्न कहाँ जानुपर्छ ?
८) बुद्धगयाको धार्मिक महत्वबारे प्रकाश पार्नुहोस् ।
९) बोधिवृक्षलाई बौद्धहरूले किन श्रद्धा राख्दछन् ?
१०) सारनाथलाई किन ऋषिपतन तथा मृगदावन भनिएको हो ?
११) सारनाथको धार्मिक महत्वबारे प्रकाश पार्नुहोस् ।
१२) धर्मचक्र जिन विहार कसले निर्माण गरेको थियो ?
१३) सारनाथको अशोक-स्तम्भको टुप्पामा अशोक महाराजले के के राखेको छ ?
१४) सारनाथमा रहेका दर्शनीय स्थलहरू के के हुन् ?
१५) भगवान् बुद्ध कति वर्षको उमेरमा कहाँ कसरी परिनिर्वाण हुनुभयो ?
१६) तथागतलाई के गर्दा उत्तम पूजा गरेको ठहरिन्छ ?
१७) भगवान् बुद्धको अन्तिम शिष्य को हो ? उसलाई भगवान् बुद्धले के उपदेश दिनुभयो ?
१८) कुशीनगरका दर्शनीय स्थलहरू के के हुन् ?

### चतुपरिषद

१) चतुपरिषद भनेको के हो ?
२) भिक्षु र भिक्षुणीहरूले के कति नियमहरू पालन गर्नुपर्दछ ?
३) चतुप्रत्यय भनेको के हो ?
४) के भयो भने बुद्ध धर्म चिरस्थायी हुन्छ ?

# पराभव सूत्र



"यस्तो मैले सुनेँ । एक समय भगवान बुद्ध श्रावस्ती अनाथपिण्डिकको जेतवनाराम विहारमा रहनुभएको बेला रातको प्रथम याम सकिनेबित्तिकै सिङ्गो जेतवन नै उज्ज्वल प्रकाशले  जाज्वल्यमान हुनेगरी एकजना देव भगवान बुद्ध विराजमान हुनुभएको ठाउँअगाडि पुग्नुभयो । भगवान् बुद्धका अगाडि गएर अभिवादन गरी उपयुक्त ठाउँमा बस्नुभयो । यसरी एक छेउमा बस्नुभएको उक्त देवले भगवान बुद्धलाई गाथाद्वारा बिन्तिगर्नुभयो ।

"भगवान् ! तपाइँकहाँ आएर मैले पतनोन्मुख पुरूषको विषयमा सोधिरहेछु । पतनको कारण के हो ?" ॥१॥

"उन्नत मानिसलाई सजिलै चिन्न सकिन्छ । त्यसरी नै पतनोन्मुख मानिसलाई पनि सजिलै चिन्न सकिन्छ । धर्म मन पराउनेको उन्नति हुन्छ र उनलाई लाभ हुन्छ, धर्म द्वेषीको पराभव (अवनति) हुन्छ ।" ॥२॥

"अवनतिको पहिलो कारण यस्तो हुन्छ भनेर थाहापाएँ । भगवान् ! अब अवनतिको दोस्रो कारण आज्ञा होस् ।" ॥३॥

"जसलाई असत्पुरूष मन पर्छ, सत्पुरूष मन पर्दैन । त्यसरी नै जसले असत्पुरूषहरूको धर्मलाई मन पराउँछ, त्यो नै उसको अवनतिको कारण हो ।" ॥४॥

"अवनतिको दोस्रो कारण यस्तो भनेर थाहा पाएँ । भगवान् ! अब अवनतिको तेस्रो कारण आज्ञा होस् । ॥५॥

जुन व्यक्ति निद्रामा मस्त रहन्छ, धेरैसँग सम्पर्क राख्ने हुन्छ, उद्योगी हुँदैन, अल्छी र क्रोधी छ, त्यो नै उसको अवनतिको कारण हो । ॥६॥

अवनतिको तेस्रो कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब अवनतिको चौथो कारण आज्ञा होस् । ॥७॥

जुन व्यक्तिले सामर्थ्य भई भईकन पनि दुर्बल वृद्ध आमा-बुवाको सेवा गर्दैन, त्यो नै उसको अवनतिको कारण हो । ॥८॥

अवनतिको चौथो कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब पाचौँ कारणबारे आज्ञा होस् ।।९।।

जुन व्यक्तिले पापरहित ब्राम्हण, श्रमण वा अरु याचकहरूलाई झुटो कुरा गरी ठग्ने गर्छ, त्यो नै उसको अवनतिको कारण हो । ।।१०।।

अवनतिको पाचौँ कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब छैटौं कारणबारे आज्ञा होस् ।।११।।

जुन व्यक्तिले सुन-चाँदी खानपिन आदि धेरै सम्पत्ति भएर पनि आफू मात्र मिठो खाँदै बस्ने गर्छ, त्यो नै उसको अवनतिको कारण हो । ।।१२।।

अवनतिको छैटौँ कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब सातौँ कारणबारे आज्ञा होस् ।।१३।।

जुन व्यक्तिले जातको, धनको र गोत्रको अभिमान गर्छ, फेरि आफ्ना बन्धुहरूको अपमान गर्छ, त्यो नै उसको अवनतिको कारण हो । ।।१४।।

अवनतिको सातौँ कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब आठौँ कारणबारे आज्ञा होस् ।।१५।।

जुन व्यक्ति आइमाईहरूका पछि लागिरहन्छ, जुन व्यक्ति जँड्याहा र जुवाडे छ, जुन व्यक्तिले आफ्नो सम्पत्ति जथाभावी सिध्याउँछ, त्यो नै उसको अवनतिको कारण हो । ।।१६।।

अवनतिको आठौँ कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब नवौँ कारणबारे आज्ञा होस् ।।१७।।

जुन व्यक्ति आफ्नो स्त्रीबाट चित्त नबुझाई वेश्या र परस्त्रीसंग सम्बन्ध राख्छ, त्यो नै उसको अवनतिको कारण हो । ।।१८।।

अवनतिको नवौँ कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब दशौँ कारणबारे आज्ञा होस् ।।१९।।

जुन व्यक्तिले आफ्नो यौवन सकिसक्दा पनि भरखरको तरूनी केटीसँग विवाह गर्छ, त्यो नै उसको अवनतिको कारण हो । ।।२०।।

अवनतिको दशौँ कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब एघारौँ कारणबारे आज्ञा होस् ।।२१।।

जुन व्यक्तिले लालची र सम्पत्ति नाश गर्ने केटा वा केटीलाई ऐश्वर्य हुने ठाउँमा नियुक्त गर्छ त्यो नै उसको अवनतिको कारण हो । ।।२२।।

अवनतिको एघारौँ कारण यस्तो भनेर थाहापाएँ । भगवान् ! अब बाह्रौँ कारणबारे आज्ञा होस् ।।२३।।

जुन व्यक्तिले क्षेत्रीय कुलमा जन्म भएर अल्प सम्पत्ति भयो भनी अझ लोभी भएर राज्य-विस्तारको इच्छा गर्दछ, त्यो नै उसको अवनतिको कारण हो । ।।२४।।

उन्नति मन पराउने पण्डितले अवनतिका यी कारणलाई राम्ररी सिक्नुपर्छ । आर्य दर्शन सम्पन्न भएका व्यक्ति यस लोक र परलोकमा पनि श्रीसम्पत्तिशाली हुन्छ । ।।२५।।

# सफल जीवनका सूत्रहरू



प्रत्येक मानिसले आफ्नो जीवन सफल होस् भन्ने चाहना राख्दछ । सफल मानिसहरूलाई मात्र समाजले आदरभाव राख्ने, उनीहरूकै मात्र गुणगान गर्ने भएकाले मानिसहरू सफल हुन चाहन्छन् तर चाहेर पनि सबै मानिसहरू सफल हुन भने सक्दैनन् । यसको प्रमुख कारण सफलताको आधार थाहा नपाउनु र थाहा पाएर पनि त्यसलाई प्रयोगमा ल्याउन नसक्नु नै हो । बुद्धले मानिसहरू सफल हुनाका लागि धेरै सूत्रहरूको देशना गर्नुभएको छ । उहाँका शिक्षाहरू जीवनमा कसरी सफलता प्राप्त गर्ने भन्ने विषयमा केन्द्रित रहेको हामी पाउँछौं । सफल हुनाका लागि बुद्धले दिनुभएका थुप्रै उपदेशहरूमध्ये चार इद्धिपाद वा ऋद्धिपाद पनि एक हो । यी चार ऋद्धिपाद भनेको सफलता प्राप्त गर्नका लागि प्रत्येक मानिसले आफूमा विकसित गर्नुपर्ने चार सूत्रहरू हुन् ।

सफलताको पहिलो सूत्रका रूपमा मानिसहरूले आफ्नो हृदयमा जगाउनु पर्ने इच्छाशक्तिलाई लिइएको छ । जुनसुकै काम गर्दा पनि भित्री हृदयदेखि प्रशन्न भएर काम गर्नुलाई सफलताको प्रथम आधारका रूपमा लिइन्छ । जुनसुकै काममा पनि रुचिपूर्वक सम्पादन गर्न सकेमा छिट्टै सफलता प्राप्त गर्न सकिने हुन्छ । पढाइ लेखाइ होस् वा व्यापार व्यवसाय, घरायसी काम होस् वा सामाजिक कार्य जुनसुकै कार्य गर्दा पनि मैले महत्वपूर्ण काम गरिरहेको छु भनेर रुचिपूर्वक र पूर्ण निष्ठाका साथ प्रेरित भएर काम गर्न सके त्यस कार्यबाट सन्तोष मिल्ने र नतीजा पनि राम्रो निस्कने हुन्छ । यसरी रुचिपूर्वक कार्य गर्ने गुण वा क्षमतालाई भगवान् बुद्धले छन्द ऋद्धिपाद भन्नुभएको छ।

रुचिपूर्वक काम गर्ने प्रवृत्तिले मानिसहरूलाई मेहनती बनाउँछ र यसले गर्दा कार्य क्षेत्रमा आइपर्ने विभिन्न बाधा अड्चनहरूलाई पन्छाई सफलतातिर उन्मुख हुने तवरले

कार्यमा निरन्तर लाग्न सकिन्छ । छन्द ऋद्धिपादले कार्यमा सफलता हासिल गर्न सक्दो मेहनत गर्नुपर्छ, अरूले गरिदिए राम्रो हुन्थ्यो भन्ने इच्छा पालेर बस्नुभन्दा आफूले नै प्रयास गरेर त्यस कामलाई गरिछाड्ने भित्री प्रेरणा दिन्छ । यसरी मानिसहरूमा स्वाबलम्बन र आत्मविश्वास बढ्ने हुन्छ । फलस्वरूप भविष्यमा जुनसुकै काम पनि बिना हिच्किचाहट गर्न सक्ने गुणको विकास हुन्छ ।

सफलताको दोश्रो सूत्रको रूपमा निरन्तर प्रयासलाई लिइन्छ । काम गर्ने क्रममा सफल नहुन्जेलसम्म आफ्नो बल र शक्ति लगाएर मेहनतपूर्वक लाग्नुपर्दछ । निरन्तर प्रयास गर्न सके मात्र सफलता हातलाग्ने हुन्छ । यसरी काममा निरन्तर लाग्ने प्रवृत्तिको विकास गर्ने कार्यलाई वीर्य ऋद्धिपाद भनिन्छ ।

विद्यार्थीहरूले गृहकार्य गर्नु छ भने उनीहरूले त्यसलाई मेहनतपूर्वक गर्ने बानी बसाल्नुपर्दछ । तर मेहनतपूर्वक प्रयास गर्ने बेलामा मनमा कुनै किसिमको तनाब लिनु हुँदैन र सन्तुलित मनले त्यस काममा लाग्नुपर्छ । त्यसकारण आफ्नो काममा सक्रिय रूपमा प्रतिबद्ध भइन भने सफल हुने सम्भावना धेरै कम हुन्छ । त्यस्तै सामान्य मानिसहरूले आफ्नो गरिबी हटाउनु छ भने उनीहरूले निरन्तर प्रयास गर्नुपर्छ । मेहनत, कोशिस, प्रयास र निरन्तर प्रयत्नबाट मात्र काममा सफलता हातलाग्ने हुन्छ भन्ने मानसिकताको बिकास गर्नु पर्दछ । यसरी बुद्धले बीर्य ऋद्धिपादको महत्व बताउनुभएको छ ।

तेश्रो ऋद्धिपाद वा सफलताको सूत्र हो चित्त ऋद्धिपाद । चित्त ऋद्धिपाद भनेको काम गर्दा जहिले पनि सजग भएर गर्नुलाई भनिन्छ । जुनसुकै कार्य चाहे त्यो ठूलो होस् वा सानो सजग भएर वा होशियारीपूर्वक गर्नुपर्छ । हाम्रो मनलाई त्यस कामप्रति सजग र सक्रिय राख्नुपर्दछ र उद्देश्य प्राप्त नभएसम्म होशियारीपूर्वक गर्दै जाने प्रयत्न गर्नुपर्दछ ।

चौंथो सफलताको सूत्र हो विमर्शन ऋद्धिपाद । यसको अर्थ हो खोज वा अनुसन्धान । विना अनुसन्धानका कुनै कार्य पूर्णरूपमा सफलीभूत हुँदैन । खोज र अनुसन्धान गर्दै काम गरेमा काममा हुने त्रुटीहरू न्यून हुन्छन् । यसलाई प्रज्ञापूर्वक कार्य गर्नु पनि भन्न सकिन्छ । काम गर्दा हामीले के गरिरहेका छौं भनेर पनि बुझ्नु पर्दछ । मेहनतपूर्वक काम गरेर मात्र पुग्दैन त्यस कामबारे बुद्धिमतापूर्वक खोज तथा अनुसन्धान गर्न सक्नुपर्छ त्यसपछि मात्र पूर्ण सफलता प्राप्त गर्न सकिन्छ ।

यसरी सफलताका लागि माथिका चार आवश्यक गुणहरू चित्तमा विकास गर्नुपर्छ र त्यसलाई कसरी दैनिक कार्यकलापमा प्रयोग गर्ने भन्ने जानकारी हुनु पर्दछ । यसरी गऱ्यौं भने हामी आफ्नो दैनिक जीवनका जुनसुकै कार्यमा पनि सफलता प्राप्त गर्न सक्षम हुन्छौं । बुद्ध-शिक्षामा इद्धिपादलाई सफलतापूर्वक काम गर्ने प्रभावकारी औजारका रूपमा लिइन्छ ।



## अभ्यास

### पराभव सुत्र

१) भगवान बुद्धले पराभव सूत्र कहाँ, कस्को कारणले प्रकाश पार्नुभयो ?

२) पराभव सूत्र अनुसार मानिसका अवनतिका कति कारणहरू छन् ?

३) पतनोन्मुख हुनुका तेश्रो कारणहरू के के हुन् ?

४) अवनतिका कुनै पाँच कारणहरू लेख्नुहोस् ।

५) उन्नति मन पराउने सज्जनले पतनको पहिलो कारणलाई कसरी जान्नुपर्दछ ?

### सफल जीवनका सूत्रहरू

१) मानिसहरू चाहेर पनि किन सफल बन्न सक्दैनन् ?

२) छन्द ऋद्धिपाद भन्नाले के बुझिन्छ ?

३) वीर्य ऋद्धिपाद केलाई भनिन्छ ?

४) चित्त ऋद्धिपाद तथा विमर्शन ऋद्धिपादको परिचय दिनुहोस् ।

५) बुद्ध शिक्षामा इद्धिपादलाई कुन रूपमा लिएको पाईन्छ ।

# त्रिरत्नगुणको शब्दार्थ

gdf] t:; eujtf] c/xtf] ;Ddf;Da'4:; .

jxfFeujfg\ cx{t\ ;Dos\;Da'4nfO{ gd:sf/ .

## बुद्ध-गुण



१) सो भगवा इतिपि अरहं ।
२) सो भगवा इतिपि सम्मासम्बुद्धो ।
३) सो भगवा इतिपि विज्जाचरणसम्पन्नो ।
४) सो भगवा इतिपि सुगतो ।
५) सो भगवा इतिपि लोकविदू ।
६) सो भगवा इतिपि अनुत्तरो पुरिसदम्मसारथी ।
७) सो भगवा इतिपि सत्था देवमनुस्मानं ।
८) सो भगवा इतिपि बुद्धो ।
९) सो भगवा इतिपि भगवा ।
इति नवहि गुणेहि सम्पन्नं तं बुद्धं आदरेन अहं नमामि ।

१) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; अरहं – ब्रह्मा, देव, मनुष्यहरूले पूजा गर्न योग्य हुनुभएको, संसारचक्रको आडलाई तोड्नुभएको, राग द्वेष, दुर्भावनादि सबै शत्रुलाई दमन गर्नुभएको, कहिल्यै पनि गुप्तपाप नगर्नुभएको उहाँ 'अरहं' हुनुभयो ।

२) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; सम्मासम्बुद्धो – सम्यक् प्रकारले राम्रोसँग सम्पूर्ण धर्मलाई निशेषरूपले स्वयं बुझिलिनुभएको उहाँ 'सम्मासम्बुद्धो' हुनुभयो ।

३) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; विज्जाचरणसम्पन्नो; तीन विद्या, आठ विद्या र पन्ध्र चरणबाट पूर्ण हुनुभएको उहाँ 'विज्जाचरणसम्पन्नो' हुनुभयो ।

४) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; सुगतो – मृत्यु हुनुबाट रहित भएको, निर्वाणमा राम्ररी पुग्नुभएको उहाँ 'सुगतो' हुनुभयो ।

५) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; लोकविदू – सत्वलोक, संस्कारलोक, ओकासलोक भन्ने तीन लोकलाई बुझिलिनुभएको उहाँ 'लोकविदू' हुनुभयो ।

६) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; अनुत्तरो पुरिसदम्मसारथी – देव, मनुष्य, तिर्यक् र वेनेय्य प्राणीहरूलाई बेजोड रूपले सभ्य हुने गरी दमन गर्नुभएको 'उहाँ अनुत्तरो पुरिसदम्मसारथी' हुनुभयो ।

७) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; सत्था देवमनुस्सानं ब्रह्मा, देव र मनुष्यहरूका गुरू हुनुभएको, उहाँ 'सत्था देवमनुस्सानं' हुनुभयो ।

८) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; बुद्धो – चतुरार्य सत्यलाई भिन्न भिन्न रूपमा छुट्याई बुझिलिनुभएको उहाँ 'बुद्धो' हुनुभयो ।

९) सो भगवा – उहाँ भगवान्; इतिपि – यो यो कारणले पनि; भगवा – छः वटा भाग्य र अनन्त गुणले सम्पूर्ण हुनुभएको उहाँ 'भगवा' हुनुभयो ।

इति – यसरी; नवहि – नौ गुणले; सम्पन्नं – सम्पूर्ण हुनुभएको; तं बुद्धं – उहाँ भगवान् बुद्धलाई; अहं – म; आदरेन – आदरपूर्वक; नमामि – नमस्कार गर्दछु ।

## धर्म - गुण

१) स्वाक्खातो (भगवता धम्मो) २) सन्दिट्ठिको (भगवता धम्मो)
३) अकालिको (भगवता धम्मो) ४) एहिपस्सिको (भगवता धम्मो)
५) ओपनयिको (भगवता धम्मो) ६) पच्चत्तं वेदितब्बो विञ्ञूहि (भगवता धम्मो)

इति छहि गुणेहि सम्पन्नं तं धम्मं आदरेन अहं नमामि ।

१) भगवता – बुद्ध भगवान्लेः देसितो- देशना गर्नुभएको; धम्मो- दशवटा उत्तम धर्म नै; स्वाक्खातो – आदि, मध्य र अन्त्यसम्म कल्याण हुने उपदेश भएकोले "स्वाक्खातो" छ ।

२) भगवता – बुद्ध भगवान्ले; देसितो – देशना गर्नुभएको; धम्मो – नौ लोकोत्तर धर्म नै; सन्दिट्ठिको – यहाँको यहीं फल दिने अथवा आर्य पुद्गलहरूले स्वयं देख्नयोग्य उपदेश भएकोले 'सन्दिट्ठिको' छ ।

३) भगवता – बुद्ध भगवानले; देसितो- देशना गर्नुभएको; धम्मो- चार उत्तम मार्ग नै; अकालिको- समय बित्नुअगाडि नै फल दिने उपदेश भएकोले 'अकालिको" छ ।

४) भगवता – बुद्ध भगवान्ले; देसितो – देशना गर्नुभएको; धम्मो – नौ लोकोत्तर धर्म नै; एहिपस्सिको – आएर हेर भनी बोलाई देखाउन योग्य उपदेश धर्म भएकोले 'एहिपस्सिको' छ ।

५) भगवता – बुद्ध भगवान्ले; देसितो – देशना गर्नुभएको; धम्मो – नौ लोकोत्तर धर्म नै; ओपनेय्यिको – आर्यगणहरूलाई निर्वाणमा पुऱ्याइदिने उपदेश भएकोले 'ओपनेय्यिको' छ ।

६) भगवता – बुद्ध भगवान्ले; देसितो – देशना गर्नुभएको; धम्मो – नौ लोकोत्तर धर्म नै; विञ्ञूहि – विद्वत्‌जनहरूले; पच्चतं-छुट्याई आ-आफै अनुभव गरी; वेदितब्बो-हेरी

बुझ्नीलिन योग्य उपदेश हो । इति तस्मा- त्यसैले; 'पच्चत्तं वेदितब्बो विञ्ञूहि' छ ।

इति - यसरी; छहि गुणेहि - छः गुणले; सम्पन्नं - सम्पूर्ण भएको; तं धम्मं - ती दशवटा उत्तम धर्मलाई; आदरेन - आदरपूर्वक; अहं - म; नमामि - नमस्कार गर्दछु ।



## संघ-गुण

१) सुप्पटिपन्नो (भगवतो सावकसंघो)
२) उजुप्पटिपन्नो (भगवतो सावकसंघो)
३) ञायप्पटिपन्नो (भगवतो सावकसंघो)
४) सामीचिप्पटिपन्नो (भगवतो सावकसंघो)
यदिदं चत्तारि पुरिसयुगानि अट्ठ पुरिसपुग्गला एस भगवतो सावकसंघो ।
५) आहुनेय्यो (भगवतो सावकसंघो)
६) पाहुनेय्यो (भगवतो सावकसंघो)
७) दक्खिणेय्यो (भगवतो सावकसंघो)
८) अञ्जलिकरणीयो (भगवतो सावकसंघो)
९) अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स (भगवतो सावकसंघो)
इति नवहि गुणेहि सम्पन्नं संघं अहं आदरेन नमामि ।

१) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - श्रावक संघहरू नै; सुप्पटिपन्नो - जसरी उपदेश गर्नुभएको हो त्यसरी नै राम्ररी आचरण गर्नुभएको हुँदा 'सुप्पटिपन्नो' गुण सम्पन्न हुनुहुन्छ ।

२) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - उहाँ श्रावक संघहरू नै; उजुप्पटिपन्नो - सीधाआचरण गर्नुभएका हुँदा 'उजुप्पटिपन्नो' गुण सम्पन्न हुनुहुन्छ ।

३) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - श्रावक संघहरू नै; ञायप्पटिपन्नो- निर्वाणको हेतुले आचरण गर्नुभएका हुँदा; 'ञायप्पटिपन्नो' गुण सम्पन्न हुनुहुन्छ ।

४) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - उहाँ श्रावक संघहरू नै; सामीचिप्पटिपन्नो - आदरसत्कार राख्न योग्यरूपले आचरण गर्नुभएका हुँदा 'सामीचिप्पटिपन्नो' गुण सम्पन्न हुनुहुन्छ ।

यदिदं चत्तारि पुरिसयुगानि - मार्ग चार र फल चार गरी जो चार जोडा उत्तम पुरूषहरू; अट्ठ पुरिसपुग्गला - एक एक गरी आठ पुद्गलहरू; होन्ति - हुनुहुन्छ ।

५) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - उहाँ श्रावक संघहरू नै; आहुनेय्यो - आव्हान गर्न योग्य हुनुभएका हुँदा 'आहुनेय्यो' गुण सम्पन्न हुनुहुन्छ ।

६) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - उहाँ श्रावक संघहरू नै; पाहुनेय्यो - पाहुनाझैं सत्कार गर्न योग्य हुनुभएका हुँदा 'पाहुनेय्यो' गुण भएका हुनुहुन्छ ।

७) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - उहाँ श्रावक संघहरू नै; दक्खिणेय्यो - निर्वाणसम्मको विश्वास गरी दिइएको दान ग्रहण गरी लिन योग्य हुनुभएका हुँदा 'दक्खिणेय्यो' गुण सम्पन्न हुनुहुन्छ ।

८) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - उहाँ श्रावक संघहरू नै; अञ्जलिकरणीय - असल फल दिने आशाले दुवै हात जोडी बिन्ति गर्न योग्य हुनुभएका हुँदा 'अञ्जलिकरणीयो' गुण सम्पन्न हुनुहुन्छ ।

९) भगवतो - भगवान् बुद्धको; एस-एसो सावकसंघो - उहाँ श्रावक संघहरू नै; लोकस्स - ब्रह्मा देव मनुष्य गरी तीन लोकको; अनुत्तरं - उपमा नभएको; पुञ्ञक्खेत्तं - पुण्यरूपी बीउ रोप्न अति उत्तम खेतसमान हुनुभएका हुँदा 'अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स' गुण हुनुहुन्छ ।

इति - यसरी; नवहि गुणेहि - नौ गुणले; सम्पन्नं - सम्पूर्ण हुनुभएका; संघं - आर्यसंघगणहरूलाई; अहं - म; आदरेन - आदरपूर्वक; नमामि - नमस्कार गर्दछु ।

## तीन विद्या

| | | | |
|---|---|---|---|
| १. | पुब्बेनिवासविज्या | - | पूर्वजन्मको कुरा थाहापाउने विद्या |
| २. | दिब्बचक्खुविज्जा | - | देवताहरूका आँखाले झैं स्थूल र सूक्ष्म; टाढा र नजिकको देख्न सक्ने ज्ञान |
| ३. | आसवक्खयविज्जा | - | क्लेश आश्रव नाश गर्न सकिने अर्हत्मार्ग ज्ञान |

## आठ विद्या

| | | | |
|---|---|---|---|
| १. | दिब्बचक्खुविज्जा | - | देवताहरूका आँखाले झैं स्थूल र सूक्ष्म, टाढा र नजिकको देख्न सक्ने ज्ञान |
| २. | दिब्बसोतविज्जा | - | देवताहरूका कानले झैं नछेकिने गरी सुन्न सक्ने ज्ञान |
| ३. | इद्धिविधविज्या | - | अनेक प्रकारको ऋद्धि देखाउन सक्ने ज्ञान |
| ४. | चेतोपरियविज्जा | - | अरूको चित्तलाई जान्ने ज्ञान |
| ५. | पुब्बेनिवासविज्जा | - | पूर्वजन्मको कुरा थाहा पाउने विद्या |
| ६. | आसवक्खयविज्जा | - | क्लेश आस्रव नाश गर्न सक्ने अर्हत्मार्ग ज्ञान |

| | | | |
|---|---|---|---|
| ७. | मनोमयिद्धिविज्जा | - | मनले चिताए झैं गर्न सकिने ज्ञान |
| ८. | विपस्सनाविज्जा | - | अनित्य, दुःख र अनात्म भनेर नाम, रूप, धर्म सबै जान्न सक्ने ज्ञान |

## चरण (पन्ध्र)

| | | | |
|---|---|---|---|
| १ | सीलसंवर | - | शीलले संयम गर्ने |
| २. | इन्द्रियसंवर | - | चक्षु आदि इन्द्रिय संयम गर्ने |
| ३. | भोजने मत्तञ्ञुता | - | भोजनमा मात्राको ज्ञान राख्ने |
| ४. | जागरियानुयोग | - | जागृत भइरहनुमा संलग्न रहने |
| ५. | सद्धा | - | त्रिरत्न, कर्म र कर्मफलको विश्वास गर्ने श्रद्धा |
| ६. | सति | - | कुशलकर्ममा प्रमाद नहुनु, स्मृति राख्नु |
| ७. | हिरी | - | दुराचरणमा लज्जा हुनु |
| ८. | ओतप्प | - | दुराचरणमा भय हुनु |
| ९. | बाहुसच्च | - | धेरै बहुश्रुत हुनु |
| १०. | वीरिय | - | कुशल कर्ममा उद्योगी वीर्ययुक्त हुनु |
| ११. | पञ्ञा | - | लौकिक र लोकोत्तर हरेक विषयमा राम्ररी विशुद्ध ज्ञान राख्नु |
| १२. | पठमज्झान | - | वितर्क, विचार, प्रीति, सुख र एकाग्रता ध्यान अङ्ग पाँचैवटाले युक्त प्रथम ध्यान |
| १३. | दुतियज्झान | - | प्रीति, सुख र एकाग्रता ध्यान अङ्ग तीनैवटाले युक्त द्वितीय ध्यान |
| १४. | ततियज्झान | - | सुख र एकाग्रता ध्यान अङ्ग दुइटैले युक्त तृतीय ध्यान |
| १५. | चतुत्थज्झान | - | उपेक्षा र एकाग्रता ध्यान अङ्ग दुइटैले युक्त चतुर्थ ध्यान |

## तीन लोक

| | | | |
|---|---|---|---|
| १. | सत्तलोक | - | सत्त्वप्राणीहरू |
| २. | संखारलोक | - | लौकिक नाम र रूप |
| ३. | ओकासलोक | - | सत्त्वप्राणीहरू बस्ने स्थान |

## छः भाग्य

| | | | |
|---|---|---|---|
| १. | इस्सरिय | - | आफ्नो चित्त आफूले भने जस्तो हुने भाग्य |
| २. | धम्म | - | नौ लोकोत्तर धर्म हुने भाग्य |
| ३. | यस | - | परिवार र कीर्ति हुने भाग्य |
| ४. | सिरि | - | श्रीशोभाले युक्त भाग्य |
| ५. | काम | - | आफूले चिताएको पूर्ण हुने भाग्य |
| ६. | पयन्त | - | महान् वीर्य हुने भाग्य |

## अभ्यास

**शब्दार्थ :**

| | | |
|---|---|---|
| आदि अन्त्यसम्म | - | शुरूदेखि अन्तसम्म |
| आचरण | - | व्यवहारमा ल्याउनु, काम गर्नु |
| आर्यपुद्गल | - | श्रोतापत्ति, सकृदागामि आदि मार्गफल प्राप्त गरिसक्नुभएका व्यक्तिहरू |
| असदिसरूपले | - | जोडा नभएको ढंगले |
| निशेष | - | बाँकी नभएको |
| विचार | - | पहिलो परामर्श गर्नु, ध्यानअंगको दोस्रो खुड्किलो |
| वितर्क | - | आलम्बनमा चित्तलाई आरोपित गर्ने स्वभाव, ध्यानअंगको पहिलो खुड्किलो |
| उद्योग वीर्य | - | प्रयत्न, कोशिस |
| ऋद्धि | - | चमत्कार |
| एकाग्रता | - | चित्तलाई एकै ठाउँमा स्थिर राख्नु |
| आह्वान | - | बोलाउनु, निमन्त्रणा गर्नु, अतिथि बोलाउनु, पुकार गर्नु |
| क्लेश आश्रव | - | टाँसिएको क्लेश |
| गुप्त पाप | - | अरूले नदेख्ने गरी लुकाई-छिपाई गरिने पाप |
| चार उत्तम मार्ग | - | श्रोतापत्ति, सकृदागामि, अनागामी र अर्हत्मार्ग |
| चतुरार्यसत्य | - | दु:खसत्य, दु:खसमुदयसत्य, दु:खनिरोधसत्य र दु:खनिरोधगामिनी प्रतिपदामार्ग सत्य |
| जागृत | - | होश राख्नु, जागा रहनु |
| दुराचरण | - | नराम्रो काम |
| देशना | - | उपदेश, बताउने कार्य |
| दश उत्तम धर्म | - | मार्ग चार, फल चार, परियत्ति र निर्वाण |
| नाम र रूप | - | चित्त, चैतसिक र रूप |
| प्रीति | - | आनन्द, हर्ष |
| प्रमाद | - | बेहोशी, मत्तपन |
| फल प्राप्त चारजना | - | १) श्रोतापत्तिफल प्राप्त, २) सकृदागामिफल प्राप्त, ३) अनागामिफल प्राप्त र ४) अर्हत्फल प्राप्त |
| बहुश्रुत | - | थुप्रै कुरा सुनी बुझीराख्ने |

| | | |
|---|---|---|
| मार्ग चार | - | १) श्रोतापत्तिमार्ग प्राप्त, २) सकृदागामिमार्ग प्राप्त, ३) अनागामिमार्ग प्राप्त र ४) अर्हत्मार्ग प्राप्त |
| राग, द्वेष | - | लोभ र क्रोध |
| वेनेय्य प्राणीहरू | - | विनीत योग्य प्राणीहरू |
| लौकिक | - | यस संसारमा भएको |
| सूक्ष्म | - | मसिनो, नदेखिने |
| संवर | - | नियन्त्रण गर्नु, संयम गर्नु, बशमा राख्नु |
| संसारचक्रको आधार | - | सामान्य पांग्राको डण्डीजस्तो संसारचक्रको डण्डी वा आड |
| स्थूल | - | स्पष्ट भएको, कोरा खालको |
| हेतु | - | मूल कारण |

**१) प्रश्नको ठीक जवाफ लेख्नुस् ।**

क) बुद्धगुण, धर्मगुण र संघगुण कति कतिवटा छन् ?

ख) भगवान् बुद्धलाई किन 'बुद्ध' भनिएको हो ?

ग) भगवान् बुद्धलाई किन 'भगवान्' भनिएको हो ?

घ) भगवान्ले देशना गर्नुभएको धर्मलाई किन 'सुआख्यात' भनिएको हो ?

ङ) 'सन्दिट्ठिको र अकालिको'को अर्थ के हो ?

च) बुद्धका श्रावकसंघहरू मार्गफलको हिसाबले कतिवटा छन् ?

छ) बुद्धका श्रावकसंघहरूलाई किन 'सुप्पटिपन्नो, उजुप्पटिपन्नो' भनेर भनिएको हो ?

**२) (ञायप्पटिपन्नो, अकालिको, आहुनेय्य, लोकविदू, सुगतो, विज्जाचरणसम्पन्नो) यी शब्दहरू तल दिइएका खाली ठाउँमा भरेर वाक्य पूरा गर्नुस् ।**

क) तीन विद्या, आठ विद्या र पन्ध्र चरण हुनुभएको हुँदा वहाँ भगवान् .................. गुणयुक्त हुनुभयो ।

ख) वहाँ भगवान् मृत्युबाट रहित भएको निर्वाणमा पुग्नुभएको हुँदा .................. गुणयुक्त हुनुभयो ।

ग) बुद्धले देशना गर्नुभएका चार उत्तम मार्ग समय बित्नुभन्दा अगाडि नै फल दिने हुँदा .................. गुणयुक्त छ ।

घ) बुद्ध भगवान्का श्रावकहरू आह्वान गरिन योग्य हुँदा.................. गुणयुक्त हुनुहुन्छ ।

ङ) बुद्धका श्रावकहरू निर्वाणको हेतुले आचरण गर्नुभएको हुँदा .................. गुणयुक्त हुनुहुन्छ ।

## ३) तलका शब्दको अर्थ लेख्नुस्

क) पुब्बेनिवासविज्जा

ख) दिब्बचक्खुविज्जा

ग) इद्धिविधविज्जा

घ) आसवक्खयविज्जा

ङ) दिब्बसोतविज्जा

च) चेतोपरियविज्जा

छ) मनोमयिद्धिविज्जा

ज) विपस्सनाविज्जा


## ४) जोडा मिलाउनुस्

| | क | ख |
|---|---|---|
| १) | बाहुसच्च | श्रीशोभाले युक्त भाग्य |
| २) | हिरी | बहुश्रुत भएको हुनु |
| ३) | सति | उपेक्षा र एकाग्रताको अङ्गले युक्त ध्यान |
| ४) | श्रद्धा | दुराचरणमा लज्जा महशुस गर्नु |
| ५) | सत्तलोक | कुशल कर्ममा प्रमाद नहुनु |
| ६) | संखारलोक | नौ लोकोत्तर धर्म भएको भाग्य |
| ७) | इस्सरिय | आफ्नो चित्त आफूले भनेजस्तो हुने भाग्य |
| ८) | धम्म | सत्त्व प्राणीहरू |
| ९) | चतुत्थज्झान | लौकिक नाम र रूप |
| १०) | सिरी | त्रिरत्न, कर्म र कर्मफललाई विश्वास गर्नु |



# रोचक कथाहरु

## आमा-बुबाको वास्ता नगर्ने पटाचाराले दुःख पाइन्




यौवनको छालसित बग्दा आमा बुबाको गुणलाई बिर्सेर आफ्नै घरमा काम गर्ने नोकरसँग पटाचारा भन्ने केटी भागिन् । दुई वर्षपछि उनी गर्भवती भइन् । गर्भवती हुँदा माइतको सम्झना आउनु स्वभाविकै थियो । लोग्नेले रोक्दा-रोक्दै पनि लोग्ने बाहिर गएको मौका पारी पटाचारा माइततिर गइन् तर बाटैमा बच्चा पाइन् । त्यसरी नै दोस्रो पल्ट पनि गर्भवती हुँदा पहिलेजस्तै लोग्नेले थाहा नपाउने गरी माइत गएको बेला बाटैमा अर्को बच्चाको पनि जन्म भयो । दुर्भाग्यवश त्यस बेला घनघोर पानी पर्‍यो । लोग्नेचाहिँ आगो बाल्न दाउरा खोज्न जाँदा कालसर्पको टोकाइले मर्‍यो । माइत जान्छु भनेर आफ्नो दुई छोरा लिएर गएकी पटाचारा ब्रम्हपुत्र नदीमा पुग्दा उनको एउटा छोरोलाई चिलले टिपेर लग्यो र अर्को छोरो नदीले बगायो । "मेरो लोग्ने कालसर्पको टोकाइले मर्‍यो, भर्खर जन्मेको मेरो बच्चालाई चिलले टिप्यो, ठूलो छोरा नदीले बगायो, प्राकृतिक प्रकोप भुइँचालोले माइतका मेरो आमाबुबा चितामा जल्दैछन्," भन्दै बिरह गरिरहेकी उनले मानसिक सन्तुलन गुमाउन पुगिन् । यसरी कराउँदै बुद्धकहाँ पुगेकी पटाचारालाई बुद्धले "होशमा आऊ, बहिनी, शान्त होऊ, सत्यलाई बुझ" भनेर सम्झाउनुभयो । यसरी पटाचारा बुद्ध, धर्म र संघको शरणमा परिन् । आमाबुबालाई वेवास्ता गरी काम वासनाको दास हुनपुग्दा पटाचाराले हुनसम्मको दुःख पाइन् । भगवान्‌बाट उनको उपकार भयो । भगवान्‌सित उनको भेट नहुँदो हो त उनले कति दुःख पाउँदी होलिन् । त्यसैले हामीले आमाबुबाको अपहेलना गर्न हुँदैन ।

## नराम्रो काममा प्रोत्साहित गर्ने आमाको कान टोकियो

कुनै समयमा एउटा गाउँमा एउटी विधवा र उसको एक्लो छोरो बस्ने गर्दथे । त्यस आइमाइले आफ्नो छोरोलाई धेरै माया गर्थी । ऊ आफ्नो छोरालाई मनलागी गर्न दिन्थी, मनलागी ठाउँमा जान दिन्थी । एक दिन उसको छोराले छिमेकी काकीको बारीबाट आँप चोऱ्यो । छिमेकी काकीले आमाचाहिँलाई "तिम्रो छोराले मेरो बारीको आँप चोऱ्यो" भन्दै सम्झाउन पुगिन् । तर आमाचाहिँले छोरोलाई चोर्न हुन्न भनी सम्झाउन र त्यसो गरेकोमा आफैँले गाली गर्नुको साटो "मेरो छोरालाई जे पायो नभन्नुस्, मेरो छोरा धेरै ज्ञानी छ । मेरो छोराले कसैको चोरी गर्दैन ।" भनेर उल्टो काकीलाई ठाडो जबाफ दिई ।





छोरा बिस्तारै ठूलो भयो । सानैदेखि जथाभावी गरिहिंडेको उसले कुनै इलम सिक्न सकेन । त्यसैले कसैले पनि उसलाई काम पनि दिएन । काम खोज्दाखोज्दा थाकेका उनका हातहरूले चोरी गर्नु नै राम्रो बाटो देखे । सुरू सुरूमा उसले सानो तिनो कुरा चोर्ने गऱ्यो र पैसा, खाना र सरसामानहरू लिएर घर फर्कने गऱ्यो । "कहाँबाट ल्याएको" भनी आमाले सोद्धा ऊ सोझै "चोरी गरी ल्याएको" भनी सुनाउँथ्यो । आमा पनि छोरोलाई "नराम्रो काम गरिस्", भनेर गाली गर्नुको साटो "मेरो प्यारो छोरा" भनेर स्यावासी दिन्थी ।

"आज सियो चोर्नेले भोलि फालो चोर्छ र पछि घरै फोर्छ" भनेसरि अति भएपछि उसलाई सिपाहीहरूले समातेर लगे र राजाकहाँ पुऱ्याए । राजाले उसले गरेको चोरीको कारण उसलाई मृत्युदण्ड दिने फैसला सुनाए । उसले आफू मर्नअगाडि आफ्नो अन्तिम इच्छाको रूपमा आमालाई भेट्न चाहेको कुरा व्यक्त गऱ्यो । राजाले पनि उसकी आमालाई

बोलाउन पठायो । राजकर्मचारीहरूले उसकी आमालाई हाजिर गराए । आमा ढोकाभित्र मात्र के पसेको थियो उसले कानेखुसी गर्न खोजेको जस्तो गरेर आमाको कान नराम्ररी टोकिदियो । आमा पीडाले चिच्याउन थाली । त्यहाँ भएका सिपाहीहरूले किन त्यस्तो गरेको भनेर चोर छोरोसँग सोधे । उसले सबैले सुन्ने गरी भन्यो, "मैले आमालाई सजाए दिएको हुँ, उहाँले सानैमा मलाई चोरी नराम्रो काम हो भनेर सिकाउनुभएको भए आज मेरो ज्यान यसरी जाने थिएन ।"

आजको आधुनिक व्यस्त समाजमा अभिभावकहरू र तिनका बालबालिकाबीच कुराकानी हुने वातावरण कम हुंदै गएको देखिन्छ । आमा बुबा दुबै अफिस जानुपर्ने भएकाले वा परिवारको आर्थिक जीवन जटिल बन्दै गएकाले सँगै बस्ने र कुराकानी गर्ने समय नभएर पनि यसो भएको हुनसक्छ । छोराछोरीहरू कुलतमा वा नराम्रो काममा फसेका छन् भने तिनीहरूलाई सही बाटो लिन लाउन अभिभावकहरूले राम्ररी सम्झाउने बुझाउने गर्नुपर्छ, हजार उपाय खोज्नुपर्छ । आफ्नो बच्चालाई ५ बर्षसम्म धेरै माया दिने, १६ बर्षसम्म हप्कीदप्की गर्ने र १६ बर्ष पुगेपछि साथीलाई झैँ व्यवहार गरी विश्वका नीतिनियमका कुराहरू सिकाउनुपर्छ । सजग भएर आफ्ना छोराछोरीहरूलाई राम्रो कुरा सिकाउनुको साटो नराम्रो काम गर्नतिर नै हौसला दिएकोजस्तो हुन गयो भने भोलि हाम्रा छोराछोरीले पनि हाम्रै कान टोक्ने समय नआउला भन्ने के छ र ?




## बुद्धले बृद्ध ब्राम्हणको उपकार गर्नुभयो

आठलाख धन भएका एक ब्राम्हणको आठ जना छोराहरू थिए । छोराहरू ठूलो भएपछि आफ्नो छोरा बुहारीले आफ्नो हेरविचार गरिहाल्लान् भन्ने विचार गरी त्यस ब्राम्हणले आफूसँग भएको सबै सम्पति प्रत्येक छोरालाई एक एक लाख गरी बाँडिदिए । तर अपसोचको कुरा, छोराहरूले बूढो बुबाको राम्रो हेरचाह गरेनन् ।

धेरै दुःखी मनले त्यो बुढो ब्राम्हण भगवान् बुद्धकहाँ पुगे र आफूमाथि परेको सबै कुरा बुद्धसमक्ष बताए । बुद्धले "तिमीले धन्दा मान्नु पर्दैन, मैले सिकाएको गाथालाई तिम्रा छोराहरूबारे अरू ब्राम्हणहरूसँग भेला भएको ठाउँमा भन्नू ।" भनेर चारवटा वाक्यको एउटा गाथा सिकाएर पठाउनुभयो । बुढो ब्राम्हण एउटा रूखमुनि बसेर त्यो गाथा गुनगुनाउँदै गरे । एकै छिनमा त्यहाँ धेरै मानिसहरू भेला भयो । बुढो ब्राम्हणले भन्न थाले – "मेरा आठ जना छोराहरू छन् । सबै हिराजस्तै सक्षम छन् । आज म बुढो भएँ, पैसा कमाउन सकिनँ । मसँग यही एउटा लौरो छ जसले मलाई सहारा दिइरहेछ ।"

बुढो ब्राम्हणको कुरा सुनेर सबैजनाले जुरूमुरिंदै सोधे, "को रहेछन् ती छोराहरू ? तिनीहरूलाई हामी बाँकी राख्दैनौं ।" पछि ती छोराहरूले त्यो कराउने बुढो मान्छे आफ्नै बुबा भएको थाहा पाए । लज्जित भावमा गल्ती महसुस गरेर तिनीहरूले आफ्नो बुबालाई बोकेर घर लगे । बुढो ब्राम्हण खुसी हुँदै भेला भएका मानिसहरूलाई भन्न थाले "मेरा छोराहरूलाई केही नगर्नुस् । उनीहरूले मेरो सेवा गर्नेछन् ।"

## बट्टाइँको कथा

धेरै पहिलेको कुरा हो, काशी देशको वाराणसीमा बम्हदत्त राजाले राज्य गरिरहेका थिए । त्यस समयमा बट्टाइँ भएर जन्म लिएको बोधिसत्व बट्टाइँहरूको समूह मिलेर जङ्गलमा बसिरहेको थियो । त्यस समयमा एकजना ब्याधा बट्टाइँहरूलाई आफ्नो जालमा फँसाउन तिनीहरू बसोबास गरेको ठाउँमा आएर बट्टाइँको जस्तै आवाज निकाल्न थाल्थ्यो र बट्टाइँहरूलाई जालमा पारिसकेपछि ऊ तिनलाई घरमा लगी पिजँडामा थुन्थ्यो र तिनलाई बेचेर आएको पैसाले आफ्नो जीविकोपार्जन गर्थ्यो ।



एकदिन बोधिसत्व बट्टाइँले सबै बट्टाइँलाई भन्यो– "यस ब्याधाले हाम्रा आफन्तहरूको बिनाश गर्न थाल्यो । उसले समात्न नसकिने उपाय हामीहरूलाई थाहा छ । अबदेखि हामीहरूमाथि जाल फ्याँक्दा हामीहरू सबैले जालको गाँथोनिर आ-आफ्नो टाउको राखेर सिङ्गो जाललाई उडाएर

त्यसलाई काँडेदार रूखमाथि राखी दिऔँ । यसो भए हामीहरू काँडामा अल्झिएको जालमुनिबाट भाग्न सक्छौँ जालमा फँस्दैनौँ।" उनीहरू सबैले 'हुन्छ' भने । भोलिपल्ट उनीहरूमाथि जाल फ्याँक्नेबित्तिकै बोधिसत्वले भनेजस्तै गरी उनीहरूले जालसमेत उडाएर लगे र जाललाई काँडाको झाङमा अल्झाइ दिए । त्यसपछि उनीहरू आफूलाई समात्न भनी फ्याँकिएको त्यस जालबाट फुत्किएर भागे ।

काँडामा अल्झिएको जाल निकाल्दा-निकाल्दै ब्याधाको धेरै समय बित्यो । शिकारी हैरान भएर खाली हात घर फर्क्यो । भोलिपल्ट पनि बट्टाइँहरूले त्यस्तै गऱ्यो । त्यो शिकारी घाम डुब्नलाग्दासम्म पनि काँडामा अल्झिएको जाल निकालिरहेको थियो । त्यो दिन पनि ऊ खालि हात घर फर्क्यो । घरमा उसकी स्वास्नी धेरै रिसाई "तिमी दिनदिनै खाली हात फर्कन्छौ, कतै तिमीले बाहिर अर्की आइमाई राखेका छौ कि क्या हो ?" शिकारीले भन्यो — "प्रिय ! मलाई अरू कुनै केटीहरू पाल्नु छैन । कुरा के भने बट्टाइँहरूले मैले छरेको आहारा त खान आएथे तर त्यसै बेला तिनीहरूले मैले फ्याँकेको जाललाई नै उडाएर लग्थे र काँडाको झाङमा अल्झाइदिन्थे तर उनीहरू सधैँ यसरी नै मिलेर बस्न भने सक्ने छैनन् । त्यसैले तिमीले धन्दा लिनु पर्दैन । जुनबेला उनीहरूबीच झगडा पर्छ त्यस बेला म तिनीहरू सबैलाई समातेर हँसिलो मुद्रामा घर फर्कनेछु ।" यति भनेर स्वास्नीलाई उसले यस्तो गाथा सुनायो —

"सम्मोदमना गच्छन्ति, जालमादाय पक्खिनो यदा ते विवदिस्सन्ति, तदा एहिन्ति मे वस'न्ति ।"

"अहिले चराहरू सबै सँगै मिलेर बसेकाले तिनीहरूले जाल समेत उडाएर लान सके । जुन बेला उनीहरूबीच झगडा हुन्छ, त्यस बेला उनीहरू सबै मेरो मुट्ठीमा पर्नेछन् ।"

केही दिनपछि ब्याधाले छरेको आहारा सेवन गर्न आउँदा एउटा बट्टाइँले गल्ती गरेर अर्को बट्टाइँको टाउकोमाथि नाघेर गयो । अर्कोले रिसाएर भन्यो "मेरो टाउकोमाथि नाघेर जाने को हो ?" उसले क्षमा माग्यो "म गल्तीले जान पुगेँ, नरिसाउनुस् ?" यसरी माफी माग्दा पनि पहिलो बट्टाइँ रिसायो । बारम्बार सम्झाउँदा पनि तँ तँ र म म भइरह्यो । भनाभनमा "के तैले मात्रै जाल उचालेको होस् त ?" भन्दै झगडा चर्किन थाल्यो ।

उनीहरूको विवाद देखेर बोधिसत्वले विचार गर्न थाल्यो —"नचाहिंदो कुरामा

विवाद गरी हिंड्नेहरू राम्रा हुँदैनन् । अब यिनीहरूले जाल उडाउँदैनन् । महाविनाश निश्चित छ । शिकारीले मौका पाउने भयो । म अब यहाँ बस्दिनँ ।" यति विचार गरी आफूले भनेको मान्ने परिषद्हरू आफूसित लिएर उनी अर्कै ठाउँमा बस्न गयो । शिकारी आएर बट्टाइँ भाषा बोल्दै आहारा छर्दै बोलाए र उनीहरू भेला भएर आहारा सेवन गरिरहेको मौका छोपेर जाल फ्याँक्यो । रिसले विवेक गुमाएको एकजना बट्टाइँले अर्को बट्टाँईलाई भन्यो, " जाल उचाल्दा उचाल्दै तिम्रो कपाल सबै झरिसक्यो, लौ अब सक्छस् भने तँ एक्लैले जाल उठाएर हेर् त ।" अर्कोले भन्यो जाल उचाल्दा उचाल्दै तिम्रो दायाँ पखेटाका प्वाँखहरू झरिसकेका छन् । लौ, अब सक्छस् भने तिमी उठाऊ त ।" यस प्रकारले उनीहरूको बीचमा तँ तँ र म म चल्न थाल्यो । यसै बेलामा शिकारी आएर सबैलाई समातेर पिजँडामा हाल्यो र आफ्नो स्वास्नीलाई देखाउन लग्यो ।



भगवान् बुद्धले "हे महाराजहरू ! जातिसम्बन्धी यस्तो कलह राम्रो हुँदैन । कलह विनाशको कारण हो ।" यो धर्मदेशना गरेर जातकसँगको सम्बन्ध देखाउनुभयो । त्यस बेलाको मूर्ख बट्टाँइ यस बेलाको देवदत्त हो । अनि पण्डित बट्टाइँचाहिं त म नै हुँ ।

## चतुर ठगको कथा

धेरै पहिलेको कुरा हो, कुनै नगरमा एक जना ठग थियो । ऊ मानिसहरूलाई सजिलै ठगी हिंड्थ्यो । मुसुक्क हाँसेर, आँखा झिम्क्याउँदै र मिठो बोलेर ऊ कसैको घडी, कसैको नगद, अझ लाइराखेका पंजा र टोपीसमेत फुकाल्न लाएर लिन सक्थ्यो । यसरी ऊ नामुद ठगका रूपमा नगरभरि चिनियो । हुन पनि उसले के सैनिक के सचिव; के बेपारी र के मन्त्री; अझ प्रधानमंत्रीलाई समेत ठग्न भ्याइसकेको थियो । यो कुरा एक कान दुई कान हुंदै राजाका कानसम्म पुग्यो । राजाको सभामा एक जना मंत्रीले बिन्ति गरे 'महाराज त्यो ठग कतिको चतुर छ भने ऊ कसैको पनि मुट्ठीभित्रको कुरा समेत सजिलै लठ्याउँदै फुत्काएर ठगिलान सक्छ ।'

आफ्ना मंत्रीहरू र सल्लाहकारहरूबाट ठगको प्रशंसा सुनिरहेका राजा व्यङ्ग्यको हाँसो हाँस्दै सोधे, "के उसले मलाई पनि त्यसरी नै ठग्न सक्छ त ?"

प्रधानमन्त्रीले भने, "हो महाराज, उसले मै हुं भन्नेलाई समेत कसरी कसरी झुक्याएर थाहै नपाउने गरी ठगिहाल्छ । कस्तो अचम्मको ठग !"

आफ्ना मंत्रीहरू र सल्लाहकारहरूको कुरा सुनिरहेका राजाले एकैपल्ट अहँको हाँसो हाँस्दै भने, "लौ लौ, त्यस ठगलाई बोलाऊ । त्यसले तपाईंहरूलाई त ठग्यो तर मलाई कसरी ठग्दो रहेछ हेरौं ।" राजा आफ्ना मंत्रीहरू र सल्लाहकारका अगाडि आफू बेग्लै तत्वले बनेको हो भन्ने कुरा देखाउन चाहन्थे ।

राजाको हुकुममुताबिक ठगलाई दरबारमा बोलाइयो । आफ्ना अगाडि हात जोडेर उभिरहेको ठगलाई सम्बोधन गर्दै राजाले सोधे, "चतुर ठग भन्ने तँनै होस्, हैन त ?"

"सरकार !" विनम्रताका साथ ठगले भन्यो ।

"अँ तैले त सबैलाई ठग्न भ्याइसकेका रहेछौ । तैंले मसित पनि ठग्न सक्छस् त ? लौ त !"

ठगले बडो शिष्टताका साथ भन्यो । "सरकार, मेरो काम नै ठग्नु हो, मैले सक्तिनँ भन्नु नै हुंदैन, तर सरकारलाई ठग्न खोज्नु चानचुने काम हुनै सक्तैन । यौटा कुरो…" भन्दै ठगले राजाको खुट्टामा रहेको सुनको जुत्ता र हातको सुनको बाजुतिर हेरेर बिस्तारै भन्यो, "मैले मौसुफ सरकारको पाउको जुत्ता र बाहुमा लाएको बाजू १२ घण्टासम्म लाउन पाएँ भने म सरकारलाई पनि सजिलै मेरो ठग बिद्याले परास्त गर्न सक्छु ।"

"लौ, कति घन्टा रे बाह्र घन्टा भनेका होइनौ ? त्यसो भए यो लाएर जानू भोलि बाह्र घन्टा होइन १८ घन्टापछि ठीक १० बजे आउनू र आफ्नो करामत देखाउनू । सकिनस् भने म बाँकी राख्तिनँ नि, बुझिस् ?"

"सरकार, सरकारको जो मर्जि! भन्दै राजाले लाइराखेका जुत्ता र बाजू लिएर फर्क्यो ।"

भोलिपल्ट दरबारमा बिहानको दसैबजे राजाको सभा मंत्रीहरू र सल्लाहकारहरूले भरिभराउ भयो । राजा आफ्नो सिंहासनमा फूर्तिसाथ बसिरहेका थिए । तर ठग भने उपस्थित भएन । ११ बज्यो तर पनि ठग भने आइपुगेन । १२ बज्यो, १ बज्यो तर ऊ भने आउँदै आएन । मंत्रीहरू र सल्लाहकारहरूले केही भन्न सकेका थिएनन् । राजा भने

रिसले मुर्मुरिन थाले । राजाले सिपाहीहरूलाई त्यस ठगलाई तुरून्तै पक्रेर ल्याउनू भन्ने आदेश दिए । ठगलाई राजाका अगाडि उभ्याइयो । ठग आफ्नो शिर झुकाउँदै उभिरहेको थियो र राजाले सोधे- "किन समयमै आइपुगिनस् त ?"



ठगले एकैपल्ट रूँदै आफ्नो कुरा यसरी राख्यो, "सरकार, मैले सरकारलाई ठग्न सक्ने हुन हजुरको पाउमा रहेको जुत्ता र बाहुको बाजु १२ घन्टासम्म लाइराख्नुपर्थ्यो तर सरकार, घरमा पुगेर एकछिन के निदाएको थिएँ । खुट्टामा लाइराखेका जुत्ता र पाखुराको बाजु आफसेआफ अलप भयो, अब म कसरी फिर्ता दिऊँ सरकार ! माफी पाउँ ।"

सरकार र सभा सिङ्गै स्तब्ध थियो र राजाले रोइरहेको ठगलाई सान्त्वना दिएर भने, "भइहाल्यो, सुर्ता नगर् । लौ मलाई ठगी देखा त ।"

त्यसपछि ठगले मुसुमुसु हाँस्दै भन्यो, "सरकार त्यसो भए मैले हजुरको पाउका जुत्ता र बाहुका बाजू फर्काउनु परेन हैन त, लौ, म त हजुरलाई ठग्न पूरा सफल भएँ हैन त ।"

त्यसपछि भने राजा, "छानोबाट खसेजस्तै खङ्ग्रङ्ग भए । उता दरबारमा उपस्थित मंत्रीहरू र सल्लाहकारहरू मुख थुन्दै हाँसिरहे ।

यो एउटा उदाहरण मात्र हो । यस कथामा भएको राजा भनेका हामी नै हौं । हामी आफूलाई धेरै पढेको, जान्नेसुन्ने व्यक्तिको रूपमा लिइराखेका हुन्छौं । तर अर्कातिर हाम्रो मनले त्यस चतुर ठगले जस्तै फकाइ-फुल्याई नजानिंदो किसिमले हामी आफैलाई राजालाई जस्तै ठगिराखेको हुन्छ । त्यस ठगले राजाको जुत्ता र बाजू मात्र लग्यो । तर हाम्रो मनले यदि हामीलाई फकाएर नराम्रो मार्गतिर लग्यो भने हाम्रो अनेकन जीवन, अनेकन जन्महरू ठगेर लान सक्छ ।

# तित्तिर जातक कथा

उहिले उहिले एउटा ठूलो रूखको आश्रयमा तित्तिर, बाँदर र हात्ती गरी तीनजना बसिरहेका थिए । उनीहरू एक आपसमा मिलेर बस्न सकेका थिएनन् भनौं परस्परमा आदर सत्कार गरेर बस्न सकेका थिएनन् । त्यसपछि उनीहरूको मनमा राम्रो विचार आयो "हामीहरू यसरी बस्न हुँदैन । हामीमध्ये जेठोलाई अरूले प्रणाम गर्नुपर्‍यो । यस्तो विचार गरी एकदिन उनीहरूले आफूमध्ये को जेठो र को कान्छो चिन्ने उपाय गरे । त्यसपछि उनीहरू तीनैजना साल रूखमुनि बसे ।



त्यसपछि तित्तिर र बाँदरले हात्तीसित सोधे– "हात्ती ! तिमीले सालको यस रूखलाई कहिलेदेखि देखिआएका थियौ ?" उसले उत्तर दियो–"साथीहरू ! म जुन बेला सानो छावा थिएँ यो रूख मेरो नाभिस्थानसम्म पुग्थ्यो र यसलाई नाघ्दा यसको टुप्पाले मेरो पेट छुन्थ्यो । मैले यस रूखलाई आफू सानो छँदादेखि देखेको थिएँ ।"

त्यसपछि दुवैजनाले बाँदरसित सोधे । उसले भन्यो "साथीहरू म सानो छँदा यो सानो बोटजस्तै थियो र म भुइँमै बसेर यस बोटको स-साना फूलहरू टिपेर खाएको मलाई थाहा छ । त्यसैले मैले यो रूखलाई आफू सानो छँदादेखि चिनेको छु ।"

त्यति भन्ने बित्तिकै बाँदर र हात्तीले तित्तिरसित सोधे । उसले उत्तर दियो "सौम्यहरू ! पहिले उः त्यता पर एउटा सालको रूख थियो । मैले त्यसको फल खाएर यस ठाउँमा आएर फोहोर गरेथैं । त्यसै मलबाट यो रूख उम्रेको हो । त्यसपछि यो रूख हुर्क्यो-बढ्यो । यस प्रकारले यो रूख यहाँ हुनुभन्दा पहिलेदेखि नै मैले यताका सब कुरा देखिजानेको थिएँ । त्यसैले उमेरमा म तिमीहरूभन्दा जेठो भएँ ।"

त्यति भनिसकेपछि बाँदर र हात्तीले तित्तिरलाई भने –"सौम्य ! तिमी हामीभन्दा जेठो रहेछौ । त्यसैले अबउपरान्त हामी तिम्रो सत्कार गर्छौं, गौरव मान्छौं, तिम्रो वन्दना गर्छौं, तिम्रो पूजा गर्छौं, अभिवादन गर्छौं, सेवा गर्छौं, दुई हात जोडेर नमस्कार गर्छौं । अनि सम्पूर्ण उचित कर्म गर्छौं । हामी तिम्रो उपदेशअनुसार चल्छौं । त्यसैले अबदेखि हामीलाई उपदेश दिनुहोस्, अनि हामीलाई अनुशासनमा राख्नुहोस् ।" त्यसबेलादेखि तित्तिरले उनीहरूलाई उपदेश दिने गर्‍यो । उसले उनीहरूलाई पाँचवटा शीलमा प्रतिष्ठित गर्‍यो । उनीहरू तीनजना पञ्चशीलमा प्रतिष्ठित भएर एकले अर्कोलाई आदरसत्कार गर्दै सँगै बसेर जीवन यापन गर्दै रहे । जीवनको अन्त्यमा तिनीहरू देवलोकगामी पनि भए ।

उनीहरू तीनजनाको यस सम्झौतालाई "तैत्तिय ब्रम्हचर्या" भनिन्छ । भिक्षुहरू हो ! उनीहरू तिर्यक् योनीका प्राणीहरू हुन् । त्यसो भए तापनि उनीहरूले एक अर्कालाई आदर राखेर, गौरव ठानेर सँगै रहे । तिमीहरू यस्तो सु-आख्यात धर्मविनयमा प्रव्रजित भएर पनि एकले अर्कोलाई गौरव नठानी, सत्कार नगरी किन बसेका ?"

"भिक्षुहरू ! अबदेखि तिमीहरूले बुद्धदेखि क्रमानुसार अभिवादन, प्रत्युप्रस्थान (जेष्ठहरूको अगाडि उभिने) हात जोड्ने, कुशल प्रश्नले पहिलो आसन (प्रथम आसन) पहिलो पानी (प्रथम जल), पहिले सुम्पिएर दिने अनुज्ञा दिँदैछु । अबदेखि कान्छो भिक्षुहरूले आफूभन्दा जेठाहरूको सयनासन लिन पाउँदैन । जसले लिन्छ उसलाई दुष्कृत आपत्ति लाग्छ । यस प्रकारले शास्ताले यस धर्मदेशना अघिसार्नुभएर अभिसम्बुद्ध भएर यो गाथा आज्ञा हुनुभयो –

ae]a'4drfolGt, g/fwDd:;sf]ljbf .
lbÝ]jwDd]kf;];f, ;Dk6fo]r;'Uutĺlt .Æ

"जो धर्मको ज्ञाता भएर जेठाहरूलाई (गौरव ठानेर) पूजा गरी चल्छन् , उनीहरू यस जन्ममा पूजनीय हुन्छन् , अनि परलोक हुँदा सुगतिगामी हुन्छन् ।

यस प्रकारले भगवान्ले आफूभन्दा ठूलालाई सत्कार गर्ने काम (कर्म)को प्रशंसा गरी जातकको सम्बन्ध देखाउनुभयो । त्यस बेलाको हात्ती महामौद्गल्यायन हो । बाँदर सारिपुत्र हो । तित्तिर म नै हुँ ।

# मुसावादासम्बन्धी कथा

एकजना वैद्य आफ्नो विद्यामा पारङ्गत थिए । उनको औषधी र उपचारले विरामीहरूलाई शिघ्र स्वास्थ-लाभ हुने गर्थ्यो । उनी गाउँ-गाउँ डुल्दै बिरामीहरू भेटेर तिनीहरूको उपचार गर्दै हिँड्थे ।

यसरी गाउँ-गाउँ हुँदै हिँडेका उनी एक पल्ट एउटा गाउँमा पुगे । गाउँकै छेउमा रहेको ठूलो रूखमुनि उनले थुप्रै केटाहरू खेलिराखेका देखे । उनले खेलिरहेका केटाहरूलाई हेरे अनि केटाहरु खेलिरहेको ठाउँकै छेउमा रहेको बडेमाको रूख पनि हेरे । उनले त्यस रूखको एउटा प्वालमा एउटा विषालु सर्प देखे । उनी "सर्प" भनेर चिच्याउनै लागेका थिए तर तुरुन्तै चुप लागे र त्यहाँ खेलिरहेका केटाहरूलाई हेरे । उसले केटाहरूमध्ये एक जना साहुको केटोजस्तो देखे । त्यसपछि उनले यसो विचार गरे "त्यस विषालु सर्पले त्यस केटोलाई टोक्यो र यसको उपचार गर्न पाएँ भने मैले यसका बाबा आमाबाट भनेजति धन सम्पति कुम्ल्याउन पाउने छु । यति बिचार गरेर उनी केटाहरूनेर पुगे र रूखको टोडकामा रहेको प्वाल देखाउँदै भने, "नानीहरू हो, तिमीहरूमध्ये कसैलाई सालिका चरा समात्ने मन छ ?"

उनले जसलाई साहूका छोरा ठानेका थिए उही केटो "मलाई मन छ, म समात्न जान्छु, मलाई देखाइदिनुस् ।" भन्दै अघि सऱ्यो । त्यसपछि त्यस वैद्यले त्यस केटोलाई सर्प रहेको प्वालतिर औँल्याउँदै देखाए । उत्तिखेरै केटो रूखमाथि पुगेर प्वालभित्र हात घुसाऱ्यो । संयोगको कुरो केटोको हातले विषालु सर्पको घाँटीमा बेस्सरी समात्न पुगेको रहेछ । चरो समात्न भनी हिँडेको केटोले सर्प भनेर थाहा पाउने बित्तिकै आत्तिएर उसले आफूले समात्न पुगेको सर्पलाई जोडले फाल्यो । जोडले फालिएको त्यो सर्प खसेर अकस्मात् वैद्यको शरीरमा पऱ्यो र वैद्यलाई त्यसले डसिहाल्यो । केटाहरू सबै ठूल्ठूलो स्वरले चिच्याउन थाले । धेरै मानिसहरू त्यहाँ भेला भए । साहुको केटोले ती मानिसहरूतिर हेरेर छिटो-छिटो स्वास फेर्दै यसो भन्यो, "यो मान्छेले चरा समात्न भनेर मलाई देखाएको प्वालमा त विषधारी सर्प पो रहेछ । म त आफ्नो हातमा सर्प देख्नेबित्तिकै आत्तिएँ अनि परसम्म पुगोस् भनेर जोडले फालिदिएँ । मैले गरेको यत्ति नै हो अरू मैले केही गरेको छैन ।"

केटोलाई फँसाएर धन कुम्ल्याउन चाहेका त्यो वैद्य सर्पको डँसाइका कारणले त्यस बेला छटपटाइरहेका थिए र विष बिस्तार-बिस्तारै शरिरभरि फिँजिरहेको थियो र आखिरमा उनले त्यहीँ आफ्नो प्राण त्यागे ।

## अभ्यास

### रोचक कथाहरू

१) पटाचाराले किन मानसिक सन्तुलन गुमाउन पुगिन् ?

२) पटाचाराको दुःखलाई भगवान् बुद्धले कसरी उपकार गर्नुभयो ?

३) आफ्नो छोरालाई पुलपुल्याएर हुर्काउँदा आमा चाहिँले कस्तो परिणाम भोग्नु पर्‍यो ?

४) "आज सियो चोर्नेले भोली फाली चोर्छ र पछि घर फोर्छ" - यस भनाईको व्याख्या गर्नुहोस् ।

५) बुढो ब्राह्मणलाई भगवान बुद्धले कुन उपाय सिकाउनुभयो ?

६) मूर्ख बट्टाई र पण्डित बट्टाई बीचको भिन्नता देखाउनुहोस् ।

७) तितिरको कथाले हामीलाई कस्तो प्रेरणा दिन्छ ?

८) चतुर ठगको कथामा राजा भन्नाले कसलाई बुझिन्छ ?

९) ठगले हामीलाई कसरी सजिलै ठगेर लाने हुन्छ ?

१०) जसरी हावा बहने दिशामा धूलो छर्दा आफैलाई लाग्छ त्यस्तै जानी जानी कुबिचार गर्दा वैद्यले कस्तो परिणाम भोग्नु पर्‍यो ?

